# स्थानीय तहमा हुने भ्रष्टाचारसम्बन्धी अध्ययन

अख्तियार दुरूपयोग अनुसन्धान आयोग

टंगाल, काठमाडौं, नेपाल ।

२०७६

## प्राक्कथन

राज्यको पुनर्संरचनापश्चात संघीय शासन प्रणालीमा संघ, प्रदेश र स्थानीय तहका सरकारहरूबाट सार्वजनिक सेवा प्रवाह हुँदै आएको छ । बिशेष गरी जनतासँग निकट सम्पर्कमा रहने स्थानीय तह जनताको घरदैलोमैं सेवा पुऱ्याउने गरी क्रियाशील रहँदै आएका छन् । जनताको अपेक्षानुरुप गुणस्तरीय सेवाप्रवाह गरी नागरिकहरूको अपेक्षा पूरा गर्नमा स्थानीय तहको सबैभन्दा बढी महत्वपूर्ण भूमिका रहेको छ । स्थानीय तहमा सुशासन प्रवर्द्धन संघीय शासन प्रणालीको संस्थागत विकास एवं समग्र देशको समृद्धि र सुशासनसँग जोडिएको विषय बन्न गएको छ ।

सुशासन स्थापना र देशको समग्र विकासमा भ्रष्टाचार प्रमुख बाधकको रुपमा रहेको छ। भ्रष्टाचारजन्य कार्यका विरुद्ध अनुसन्धान र अभियोजन गर्न स्थापित संवैधानिक आयोगको रुपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार विरुद्ध दण्डात्मक, निरोधात्मक र प्रवर्द्धनात्मक रणनीति अवलम्बन गरी कारबाही गर्दै आएको छ । प्रवर्द्धनात्मक कार्य अन्तर्गत आयोगले भ्रष्टाचार र सुशासनसँग सम्बन्धित अध्ययन/सर्वेक्षण गर्दै आएको छ । यसै क्रममा, आर्थिक वर्ष २०७५/७६ मा परामर्शदाता मार्फत स्थानीय तहमा हुने भ्रष्टाचार सम्बन्धी अध्ययन/सर्वेक्षण गराइएको हो ।

उल्लेखित अध्ययनका लागि देशका सातवटै प्रदेशका हिमाल, पहाड र तराई समेट्ने गरी पन्ध्र जिल्ला छनौट गरी तीन हजार उत्तरदाताबाट तथ्यांक संकलन गरेको थियो । तथ्यांक संकलनको लागि मिस्रित (गुणात्मक र परिमाणात्मक) विधि अपनाइएको थियो । परिमाणात्मक विधि अन्तर्गत सेवाग्राहीहरूको अभिमत बुझ्ने प्रश्नावलीको प्रयोग गरिएको थियो भने गुणात्मक विधि अन्तर्गत पन्ध्र समूह केन्द्रित छलफल, पैंतालीस प्रमुख जानकारहरुसँग अन्तर्वार्ता र पन्ध्र वटा केस स्टोरी गरिएको थियो । यसरी संकलित तथ्याँकहरूका आधारमा परामर्शदाताबाट यो प्रतिवेदन तयार गरिएको हो । यो प्रतिवेदन आयोगको आधिकारिक धारणा वा विचार होइन ।

यस प्रतिवेदन मार्फत स्थानीय तहमा रहेको सेवा प्रवाहको अवस्था, सेवाग्राहीको धारणा र स्थानीय तहमा भ्रष्टाचारको अवस्थाबारे बुझ्न मद्दत पुग्नुका साथै अध्ययन प्रतिवेदनबाट सम्बन्धित निकाय, सरोकारवाला र पाठकहरु लाभान्वित हुनेछन् भन्ने विश्वास आयोगले लिएको छ । अध्ययन सम्पन्न गरी प्रतिवेदन तयार गर्ने परामर्शदाता संस्था न्याशनलन इन्स्टिच्यूट फर डिभेलपमेन्ट एण्ड रिसर्च प्रा.लि. (NIDR), नयाँ बानेश्वरलाई धन्यवाद दिंदै यस अध्ययनमा सहभागी हुनुहुने सम्पूर्ण महानुभावहरु प्रति आयोग कृतज्ञता व्यक्त गर्दछ।

# विषय सूची


प्राक्कथन ....... i

कार्यकारी सारांश ....... xii

अध्याय १ : परिचय ....... १

१.१ पृष्ठभूमि ....... १

१.२ अध्ययनको उद्देश्य ....... ५

१.३ अध्ययनको सीमा ....... ६

अध्याय २ :अध्ययन विधि ....... ७

२.१ सर्वेक्षण योजना र कार्यक्षेत्र ....... ७

२.१.१ सर्वेक्षण ढाँचा ....... ७

२.२ तथ्यांक संकलन विधि ....... ९

२.२.१ डेस्क समीक्षा ....... ९

२.२.२ व्यक्तिगत सर्वेक्षण प्रश्नावली ....... ९

२.२.२.१ नमूना विधि ....... १०

२.२.३ समूह केन्द्रित छलफल ....... ११

२.२.४ प्रमुख जानकारसँगको अन्तर्वार्ता ....... ११

२.२.५ केस स्टोरी ....... ११

२.३ तथ्यांक संकलन प्रबिधि ....... ११

२.४ सर्वेक्षण सामाग्रीको विकास, पूर्व परीक्षण, प्रशिक्षण र पाइलटिंग ....... १२

२.४.१ सर्वेक्षण सामाग्रीको विकास ....... १२

२.४.२ सर्वेक्षण सामाग्रीको पूर्व परीक्षण ....... १२

२.४.५ सर्वेक्षण सामाग्रीहरुको पाइलटिंग ....... १३

२.५ मस्यौदा लेखन आचारसंहिता........................................................१४
२.६ गुणस्तरको निश्चय ........................................................................१४
२.७ तथ्यांक विश्लेषण र प्रतिवेदन लेखन ..................................................१४
अध्याय ३ :उत्तरदाताको सामाजिक र आर्थिक विवरण................................१४
अध्याय ४ :स्थानीय तहमा हुने भ्रष्टाचारबारे जनताको धारणा.......................२१
४.१ भ्रष्टाचारप्रतिको सचेतना ..................................................................२१
४.२ भ्रष्टाचारको बारेमा जानकारीको श्रोत ................................................ २५
४.३ स्थानीय तहमा हुने भ्रष्टाचार ..........................................................२६
४.४ स्थानीय तहमा देखेका वा भोगेका भ्रष्टाचारका किसिमहरु .............३१
४.५ स्थानीय तहमा भ्रष्टाचार देखे वा भोगेपछि चालिएका कदमहरू........ ३५
४.६ उत्तरदाताको विचारमा स्थानीय तहमा भ्रष्टाचारको अवस्था .................37
४.७ स्थानीय तहमा भ्रष्टाचार बढेको सम्बन्धि जानकारीको श्रोत.............39
४.८ स्थानीय तहमा भ्रष्टाचार बढ्नुको कारकहरू.................................. ४०
४.९ स्थानीय तहमा भ्रष्टाचार कम गर्ने तत्वहरु .....................................४२
४.१० स्थानीय तहको सेवाप्रति उत्तरदाताको सन्तुष्टिको स्तर.................. ४३
४.११ स्थानीय तहमा हुने भ्रष्टाचारको बारेमा आएका गुनासो ..............४६
४.१२ :प्रदेश अनुसार स्थानीय तहमा हुने भ्रष्टाचारको बारेमा गुनासो गर्ने स्थानहरु ..........................................................................................४७
४.१३ प्रतिक्रिया दिन लागेको समय...........................................................५४
अध्याय ५ :स्थानीय तहप्रति सर्वसाधारणको सन्तुष्टि.....................................५५
५.१ स्थानीय तहबाट पाउने सेवाको उपयोगिता.......................................५५
५.२ कामका चरण ..................................................................................६०
५.३ :काम सम्पन्न गर्ने विधि..................................................................६१
५.४ :काम सम्पन्न गर्न कर्मचारीले अतिरिक्त पैसा मागेको/नमागेको.........६२

५.५ :आफ्नो काम सम्पन्न गर्न थप पैसा तिरेको.......................................६३
५.६ :आफ्नो काम सम्पन्न गर्न थप रकम कसलाई दिएको .....................६५
५.७ छिटो सेवा प्राप्त गर्न थप पैसा तिर्न चाहने.........................................६६
अध्याय ६ :स्थानीय तहमा भ्रष्टाचार ग्रसित क्षेत्र र भ्रष्टाचारलाई प्रोत्साहित गर्ने कारक तत्वहरु .........................................................................................६८
६.१ स्थानीय तहमा भ्रष्टाचार बढी हुने शाखा/ क्षेत्रहरु ...........................६८
अध्याय ७ : अख्तियार दुरुपयोग अनुसन्धान आयोगको भूमिका र प्रभाव सम्बन्धमा जन-धारणा.............................................................................७८
७.१ अख्तियार दुरुपयोग अनुसन्धान आयोगबारे सजगता..........................७८
७.२ जानकारीका श्रोतहरु........................................................................ ८०
७.३ :संस्थाको प्रकारः (अ.दु.अ.आ .कस्तो संस्था हो?) ...........................८१
७.४ :अ.दु.अ.आ .का क्रियाकलापबारे सतर्कता.......................................८३
७.५ :अख्तियार दुरुपयोग अनुसन्धान आयोगको भूमिका..........................८३
७.६ :भ्रष्टाचारसम्बन्धी उजुरी परे/नपरेको .................................................८६
७.७ अ.दु.अ.आ .मा उजुरी गर्दा प्रयोग भएका सञ्चारका साधनहरु..........८७
७.८ :अ.दु.अ.आ.ले सम्पादन गर्ने काम सम्बन्धी....................................८९
७.९ अ.दु.अ.आले भ्रष्टाचार नियन्त्रण गर्नेमा विश्वास................................ ९१
७.१० स्थानीय तहमा अ.दु.अ.आ.को प्रभाव ............................................९२
७.११ नीतिको समीक्षा.......................................................................... ९४
अध्याय ८ :स्थानीय तहमा सहज सेवा प्रवाहका लागि प्रभावकारी प्रयास .........................................................................................................१००
८.१ :स्थानीय तहमा सुशासन प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रण कार्यमा भूमिका ..........................................................................................१००
८.२ :भ्रष्टाचार नियन्त्रण कार्यमा अ.दु.अ.आ .को भूमिका.......................१०३

अध्याय ९ :अध्ययनका निष्कर्ष तथा सिफारिस/सुझाव ................................ १०६
९.१ निष्कर्ष ........................................................................................ १०६
९.२ सिफारिस ........................................................................................ १०६

# तालिका सूची

तालिका १ :नमूना आकार जनसंख्या ........................................................१०
तालिका नं .४.१ :प्रदेशगत रुपमा हुने गरेका र सामना गर्नुपरेका भ्रष्टाचारका प्रकार..........................................................................................३२
तालिका ४.२: परिवारिक आम्दानीको श्रोतको आधारमा स्थानीय तहमा भ्रष्टाचार देखे वा भोगेपछि लिइएका कदम सम्बन्धी उत्तरदाताको विवरण. ३५
तालिका ४.३: उत्तरदाताको विचारमा स्थानीय तहमा भ्रष्टाचारको स्थिति (प्रदेश अनुसार)..........................................................................................३७
तालिका ४.४: प्रदेशगत स्थानीय तहबाट पाउने सेवाप्रति उत्तरदाताको सन्तुष्टिको स्तरको आधारमा विवरण (प्रदेश अनुसार) .............................. ४४
तालिका ४.५: गाउँपालिका र नगरपालिकाको सेवाप्रति सन्तुष्ट उत्तरदाताको विवरण ..........................................................................................४५
तालिका ४.६ :स्थानीय तहमा हुने भ्रष्टाचारको बारेमा गुनासो गर्ने स्थानहरुको विवरण (प्रदेशको अनुसार)................................................... ४९
तालिका ५.१: प्रदेशगत रुपमा अनुसार स्थानीय तहको सेवा उपयोगको आधारमा उत्तरदाताको विवरण..........................................................................५८
तालिका ५.२: प्रदेश अनुसार भ्रष्टाचार गर्न उत्प्रेरित गर्ने सामाजिक तत्वहरुको आधारमा उत्तरदाताको विवरण..............................................७५
तालिका ७.१ :प्रदेश अनुसार संस्थाको प्रकारको आधारमा उत्तरदाताको विवरण ..........................................................................................८१
तालिका ७.२ :प्रदेशगत रुपमा उजुरी दिए/नदिएको आधारमा उत्तरदाताको विवरण ..........................................................................................८६

# चित्र सूची


चित्र ३.१: जिल्लाको आधारमा उत्तरदाताको विवरण ........................................ १५
चित्र ३.२: नगरपालिकाको आधारमा उत्तरदाताको विवरण ........................................ १६
चित्र ३.३: उमेर समूहको आधारमा उत्तरदाताको विवरण ........................................ १६
चित्र ३.४: लैंगिक समूहको आधारमा उत्तरदाताको विवरण ........................................ १७
चित्र ३.५: वैवाहिक स्थितिको आधारमा उत्तरदाताको विवरण ........................................ १७
चित्र ३.६: जात/जाति समूहको आधारमा उत्तरदाताको विवरण ........................................ १८
चित्र ३.७: धर्मको आधारमा उत्तरदाताको विवरण ........................................ १८
चित्र ३.८: पारिवारिक समूहको आधारमा उत्तरदाताको विवरण ........................................ १९
चित्र ३.९: शैक्षिक स्तरको आधारमा उत्तरदाताको विवरण ........................................ १९
चित्र ३.१०: परिवारको मुख्य आम्दानीको श्रोतको आधारमा उत्तरदाताको विवरण ........................................ २०
चित्र ४.१: भ्रष्टाचारको बारे ज्ञान हुनेको विवरण ........................................ २१
चित्र ४.२: भ्रष्टाचारको बारेमा उत्तरदाताहरुको बुझाई विवरण ........................................ २२
चित्र ४.३: भ्रष्टाचारसम्बन्धी जानकारीको आधारमा उत्तरदाताको विवरण.. २५
चित्र ४.४: स्थानीय तहमा हुने भ्रष्टाचारको बारेमा ज्ञान हुनेहरुको विवरण २६
चित्र ४.५ : प्रदेशगत रुपमा स्थानीय तहमा हुने भ्रष्टाचार बारे जानकारी हुने उत्तरदाताहरुको विवरण ........................................ २७
चित्र ४.६ : उत्तरदाताले सुनेको आधारमा स्थानीय तहमा हुने भ्रष्टाचारका किसिमहरु ........................................ २७
चित्र ४.७ : भ्रष्टाचारलाई स्थानीय तहमा देखेको वा भोगेको आधारमा उत्तरदाताहरुको विवरण ........................................ २८
चित्र ४.८ : प्रदेशगत रुपमा स्थानीय तहमा भ्रष्टाचार हुने गरेको देखेका र भोगेका उत्तरदाताहरु ........................................ २९

चित्र ४.९: स्थानीय तहमा देखिएका वा भोगेका भ्रष्टाचारका किसिमहरु सम्बन्धी उत्तरदाताको विवरण ........................................................................ ३१
चित्र ४.१०: स्थानीय तहमा भ्रष्टाचार देखे वा भोगेपछि चालिएका कदमको आधारमा उत्तरदाताको विवरण ........................................................................ ३५
चित्र ४.११: स्थानीय तहमा भ्रष्टाचारको अवस्थाबारे उत्तरदाताको विचारका आधारमा विभाजन ........................................................................ ३७
चित्र ४.१२ : स्थानीय तहमा भ्रष्टाचार बढेको सम्बन्धि जानकारीको श्रोत को आधारमा उत्तरदाताको विवरण ........................................................................ ३९
चित्र ४.१३ स्थानीय तहमा भ्रष्टाचार बढ्नु कारक तत्वहरूको आधारमा उत्तरदाताको विवरण ........................................................................ ४०
चित्र ४.१४: उत्तरदाताहरुको अनुसार स्थानीय तहमा भ्रष्टाचार कम गर्ने पक्षहरु ........................................................................ ४२
चित्र ४.१५ : स्थानीय तहको सेवाप्रति उत्तरदाताको सन्तुष्टिको स्तर विवरण ........................................................................ ४३
चित्र ४.१६ : स्थानीय तहमा हुने भ्रष्टाचारको बारेमा आएका गुनासोको आधारमा उत्तरदाताको विवरण ........................................................................ ४६
चित्र ४.१७ : स्थानीय तहमा हुने भ्रष्टाचारको बारेमा गरेको गुनासोको आधारमा उत्तरदाताको विवरण (प्रदेश अनुसार) ........................................................................ ४७
चित्र ४.१८: उत्तरदाताको विवरण अनुसार आधिकारिक व्यक्ति समक्ष आएका गुनासो सम्बन्धी प्रतिक्रिया ........................................................................ ५३
चित्र ४.१९ प्रतिक्रिया दिन लागेको समयको आधारमा उत्तरदाताको विवरण ........................................................................ ५४
चित्र ५.१: स्थानीय तहबाट प्रदान गरिने सेवाको उपयोगिताबारे उत्तरदाताको विवरण ........................................................................ ५५

चित्र ५.२ : स्थानीय तहबाट प्रदान गरिने सेवा उपयोगिताको प्रकारको आधारमा उत्तरदाताको विवरण ........................................................ ५६
चित्र ५.३: कामको विभिन्न चरणको आधारमा उत्तरदाताको विवरण......... ६०
चित्र ५.४: काम सम्पन्न गर्ने विधिको आधारमा उत्तरदाताको विवरण........ ६१
चित्र ५.५: कर्मचारीहरूले कार्य सम्पन्न गर्न अतिरिक्त पैसा मागेको/नमागेको सम्बन्धी उत्तरदाताको विवरण ........................................................ ६२
चित्र ५.६: आफ्नो काम सम्पन्न गर्न कर्मचारीले घूस लिएको आधारमा उत्तरदाताहरूको विवरण ........................................................ ६३
चित्र ५.७: आफ्नो काम सम्पन्न गर्न थप रकम कसलाई दिएको भन्ने सन्दर्भमा उत्तरदाताको विवरण ........................................................ ६५
चित्र ५.८ छिटो सेवा प्राप्त गर्न थप पैसा तिर्न चाहने आधारमा उत्तरदाताको विवरण ........................................................ ६६
चित्र ६.१: स्थानीय तहमा भ्रष्टाचार बढी हुने शाखा /क्षेत्रहरुका आधारमा उत्तरदाताको विवरण ........................................................ ६८
चित्र ६.२: स्थानीय तह को भ्रष्टाचारमा संलग्न हुने प्रमुख व्यक्तिहरु........ ७१
चित्र ६.३ भ्रष्टाचारको किसिमको आधारमा उत्तरदाताको विवरण.............. ७२
चित्र ६.४: नेपालमा भ्रष्टाचारलाई प्रोत्साहित गर्ने सामाजिक तत्वहरु.......... ७३
चित्र ७.१: अख्तियार दुरुपयोग अनुसन्धान आयोगसम्बन्धी सजगताको आधारमा उत्तरदाताको विवरण ........................................................ ७८
चित्र ७.२ अख्तियार दुरुपयोग अनुसन्धान आयोगबारे सजगताको आधारमा उत्तरदाताको विवरण (प्रदेश अनुसार)........................................ ८०
चित्र ७.३: अ.दु.अ.आ को बारेमा जानकारीको श्रोतको आधारमा उत्तरदाताको विवरण ........................................................ ८०

चित्र ७.४: अ.दु.अ.आ. का क्रियाकलापबारे सतर्कताको आधारमा उत्तरदाताको विवरण ........ ८३
चित्र ७.५: अख्तियार दुरुपयोग अनुसन्धान आयोगको भूमिका/क्रियाकलापको आधारमा उत्तरदाताको विवरण ........ ८३
चित्र ७.६: भ्रष्टाचारको उजुरी दिए/नदिएको आधारमा उत्तरदाताको विवरण ........ ८६
चित्र ७.७: अ.दु.अ.आ. मा उजुरी गर्दा प्रयोग भएका सञ्चारका साधनहरुको आधारमा उत्तरदाताको विवरण ........ ८७
चित्र ७.८: अ.दु.अ.आ. को काम सम्पादन गर्ने तरिकाको आधारमा उत्तरदाताको विवरण ........ ८९
चित्र ७.९: अ.दु.अ.आ.ले भ्रष्टाचार नियन्त्रण गर्ने विश्वासको आधारमा उत्तरदाताको विवरण ........ ९१
चित्र ७.१०: स्थानीय तहमा अ.दु.अ.आ. को प्रभावको आधारमा उत्तरदाताको विवरण ........ ९२
चित्र ८.१: स्थानीय तहमा सुशासन प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रण कार्यको भूमिकाका आधारमा उत्तरदाताको विवरण ........ १०१
चित्र ८.२: भ्रष्टाचार नियन्त्रण कार्यमा अ.दु.अ.आ. को भूमिका ........ १०३
चित्र ८.३: चेतना अभिवृध्दिका लागि अ.दु.अ.आ.ले चाल्नुपर्ने कदम ...... १०४

# कार्यकारी सारांश

भ्रष्टाचार संसारमा नयाँ घटना होइन, शताब्दीयौं देखि यसले समाजमा जरा गाड्दै आएको छ । भ्रष्टाचार मानव जीवनको हरेक पक्ष र तहमा विद्यमान छ । यथार्थमा यो सामाजिक उन्नती र प्रगतिको मार्गमा ठूलो अवरोध बन्दै आएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको लागि परामर्शदाता नेशनल इन्स्टिच्युट फर डेभलपमेन्ट एण्ड रिसर्च प्रा. लि. ले स्थानीय तहमा हुने भ्रष्टाचार सम्बन्धी अध्ययन/सर्वेक्षण गर्न सातवटै प्रदेशका हिमाल, पहाड र तराईका १५ जिल्ला समेट्ने गरी ३,००० उत्तरदाताबाट तथ्यांक संकलन गरेको थियो।

तथ्यांक संकलनको लागि मिस्रित (गुणात्मक र परिमाणात्मक) प्रणाली अपनाइएको थियो। साथै १५ समूह केन्द्रित छलफल, ४५ प्रमुख जानकारहरुसँग अन्तर्वार्ता र १५ वटा केस स्टोरी मार्फत गुणात्मक सूचना संकलन गरिएको थियो।

## निष्कर्ष

### सर्वेक्षणमा सहभागीहरुको पृष्ठभूमीबारे जानकारी

अनुसन्धानका लागि १५ वटा जिल्लाका कुल ३००० नमूना उत्तरदाता छनोट गरिएको थियो, जसमा ७७ प्रतिशत उत्तरदाता नगरपालिकाबाट र २३ प्रतिशत उत्तरदाता गाउँपालिकाबाट थिए । सर्वेक्षणमा सहभागी भएका

मध्ये ६१ प्रतिशत पुरुष र ३९ प्रतिशत महिला उत्तरदाता थिए । धेरैजसो उत्तरदाता २६-४० वर्ष उमेर समूह (४४.२%) का थिए भने ३०.६ प्रतिशत उत्तरदाता ४१-५९ वर्ष उमेर समूहका सहभागी भएका थिए । आधाजसो सर्वेक्षणमा सहभागी उत्तरदाता (५१%) खस-आर्य समूहका थिए भने बाँकी धेरै उत्तरदाता जनजाति समूहबाट (२६%) र मधेसी समूहबाट (१२%) थिए। ती उत्तरदाताहरुमध्ये अधिकांश (८७%) हिन्दू धर्म मान्ने समूहका थिए। सर्वेक्षणमा सहभागी भएका अधिकांश उत्तरदाताले क्रमशः माध्यमिक तह (४३.४%), विश्वविद्यालय तह (१९.३%) र आधारभूत तह (१८.३%) को शिक्षा हासिल गरेका थिए।

## स्थानीय तहमा भ्रष्टाचारप्रति सर्वसाधारणको धारणा

सर्वेक्षणमा सहभागी कुल ३००० उत्तरदातामध्ये अधिकांश (९२.५%) ले भ्रष्टाचारसम्बन्धी जानकारी पाएको र ८४.१ प्रतिशत उत्तरदाताको बुझाइमा भ्रष्टाचार भनेको कुनै काम गर्दा वा गराउँदा नियम-कानुन विपरित घूस लिने प्रवृति हो भन्ने पाइयो । अधिकांश उत्तरदाता (६७.६%) जसले स्थानीय तहमा बढ्दै गएको भ्रष्टाचारको बारेमा सुनेका थिए; तीमध्ये प्रायः (८८.२%) गण्डकी प्रदेशका थिए । कुल उत्तरदातामध्ये १४.९ प्रतिशत उत्तरदाता स्वयंमले स्थानीय सरकारमा भ्रष्टाचार भैरहेको देखेका मात्र नभई भोगेका समेत थिए । ती भोग्नेहरु मध्ये सबैभन्दा बढी ३१.६ प्रतिशत कर्णाली प्रदेशका उत्तरदाता थिए ।

कुल ३०२ उत्तरदाता जसले भ्रष्टाचारको सामना गर्नुपरेको थियो, तीमध्ये ५७.३ प्रतिशतले भ्रष्टाचारको सामना गरेपनि कुनै उजुरी नगरेको जिकिर गरे भने १६.६ प्रतिशतले उनीहरुलाई जे गर्न लगाइयो अथवा जति पैसा तिर्न लगाइयो त्यो गरेको/तिरेको अध्ययनले देखायो। त्यस्तै १७.९ प्रतिशत उत्तरदाताले कार्यालयका प्रमुखसँग उजुरी समेत गरेको, ८.३ प्रतिशतले झगडा गरेको र ७ प्रतिशत उत्तरदाताले भनसुन गरेर कुरा मिलाउने गरेको पाइयो। पारिवारिक आम्दानीको श्रोत (पेन्सन/उपदान) भएका ४२.९ प्रतिशत उत्तरदाताले कार्यालयका कर्मचारीले भनेको/मानेका र अतिरिक्त पैसापनि तिरेको भन्ने पाइयो ।

कुल अध्ययन जनसंख्यामध्ये ५५.३ प्रतिशत उत्तरदाताले स्थानीय तहमा भ्रष्टाचार विद्यमान रहेको जसमा २७.३ प्रतिशत उत्तरदाताको बुझाई अनुसार स्थानीय तहको चुनावपछि भ्रष्टाचार पहिलेको तुलनामा बढेको देखियो भने २८ प्रतिशत उत्तरदाताका अनुसार भ्रष्टाचारको स्थिति उस्तै रहेको पाइयो । भ्रष्टाचार विद्यमान रहेको भन्नेमा सबैभन्दा बढी अर्थात् ३७.६ प्रतिशत सुदूरपश्चिम प्रदेशका उत्तरदाता थिए । सहभागी उत्तरदातामध्ये ५७.८ प्रतिशतले भ्रष्टाचारसम्बन्धी जानकारी सामाजिक संजालबाट प्राप्त भएको जनाएका थिए भने ५६.७ प्रतिशत उत्तरदाताले प्रिन्ट मिडिया (पत्रपत्रिका/पुस्तक) र ५३.३ प्रतिशत उत्तरदाताले इलेक्ट्रोनिक मिडिया (टि.भि./रेडियो) मार्फत् भ्रष्टाचारसम्बन्धी जानकारी हासिल गरेका थिए ।

कुल उत्तरदाताको लगभग तीन-चौथाई अर्थात ७१.५ प्रतिशत उत्तरदाताले स्थानीय तहमा भ्रष्टाचार बढ्नुका कारक तत्वमध्ये भ्रष्टाचारी विरुद्ध कारबाही नहुने भएर, ३७.२ प्रतिशतले राजनीतिक संरक्षण भएर र ३६.८ प्रतिशतले चुनावमा धेरै खर्च लाग्ने हुनाले खर्च उठाउन भ्रष्टाचार बढेको जनाएका थिए।

अधिकांश (सं=९५) भ्रष्टाचार विरुद्धका उजुरीहरु कार्यालय प्रमुख समक्ष पुऱ्याएको कुरा अध्ययनले देखाएको छ । यस्तो भन्नेहरुमध्ये सुदूरपश्चिम प्रदेशका ८५.७ प्रतिशत उत्तरदाता र ८४.६ प्रतिशत उत्तरदाता प्रदेश १ का रहेका छन् । अध्ययनको क्रममा दर्ता भएका कुल उजुरी (सं=४९) मध्ये ३४.७ प्रतिशत उत्तरदाताले उनीहरुको उजुरीको सुनवाई तत्काल अर्थात् समयमा भएको खुलाए।

## स्थानीय तहप्रति जनताको सन्तुष्टि

सहभागी उत्तरदाताहरुमध्ये अधिकांश उत्तरदाता अर्थात् ९७.२ प्रतिशतले स्थानीय तहबाट पाउनुपर्ने सबै सुविधाहरु सहज रुपमा पाइरहेको जनाएका थिए । यस क्रममा कुल उत्तरदाता मध्ये ४०.६ प्रतिशतले सिफारिश पत्रको सुविधा लिएको, ३८.३ प्रतिशतले स्थानीय कर सेवा क्षेत्रमा सुविधा लिएको, २८.७ प्रतिशतले नागरिकता सिफारिश पत्र र २७.९ प्रतिशतले पंजीकरण दर्ताको सुविधा प्राप्त गरेको जिकिर गरेका थिए ।

कुल २९१५ सहभागी उत्तरदातामध्ये १.९ प्रतिशत उतारदाताले आफ्नो काम भनेको बेला गराउन स्थानीय सरकारका कर्मचारीले अतिरिक्त रकमको

माग गर्ने जनाएका थिए । कुल २० उत्तरदातामध्ये, एक-चौथाई उत्तरदाता (२५%) ले आफ्नो काम समयमा सक्न मध्यस्थकर्ता (विचौलिया) लाई र त्यसपछि इन्जिनियर वा ओवरसियर (२०%) लाई अतिरिक्त रकम दिनुपरेको थियो ।

अध्ययन अनुसार ६७.४ प्रतिशत उत्तरदाता स्थानीय तहबाट पाउने सुविधाप्रति सन्तुष्ट भएको र ११.२ प्रतिशत उत्तरदाता मात्र स्थानीय तहबाट पाउने सुविधाप्रति असन्तुष्ट रहेको पाइयो । यसलाई प्रदेशगत रुपमा हेर्दा प्रदेश ५ र प्रदेश २ का क्रमशः ८२.५ र ८४.० प्रतिशत उत्तरदाता स्थानीय तहबाट प्राप्त हुने सेवा सुविधाप्रति सन्तुष्ट रहेको देखिन्छ ।

**स्थानीय तहमा भ्रष्टाचार ग्रसित क्षेत्र र भ्रष्टाचारका कारक तत्वहरु**

अध्ययनमा सहभागी उत्तरदातामध्ये, ४६.७ प्रतिशतले स्थानीय तहको योजना निर्माणदेखि कार्यान्वयनको तहसम्म पुग्दा स्थानीय कर्मचारीको मिलेमतोमा सबैभन्दा बढी भ्रष्टाचार हुने गरेको अध्ययनले देखाएको छ । त्यसपछि प्रशासनिक क्षेत्रमा ३५.६ प्रतिशत, आर्थिक प्रशासनको मामिलामा ३२.१ प्रतिशत अनियमितता हुने गरेको पाइयो । कुल ३००० उत्तरदातामध्ये एक-तिहाई उत्तरदाता (३४.१%) ले नेतृत्वलाई भ्रष्टाचारको लागि मुख्य जिम्मेवार जनाएका थिए । त्यसैगरी स्थानीय तहमा भ्रष्टाचार तथा अनियमितता हुनुमा कर्मचारी (३२.१%), इन्जिनियर/ओवरसियर (३२.१%), कार्यकारी अधिकारी (३०.४%) जिम्मेवार रहेको पाइयो । भ्रष्टाचारको प्रकार सम्बन्धमा, सहभागी उत्तरदाताका अनुसार ५५.३ प्रतिशतले नगद

भ्रष्टाचार, ५५.२ प्रतिशतले प्रणालीगत/संस्थागत भ्रष्टाचार र ३०.३ प्रतिशतले नीतिगत भ्रष्टाचार हुने गरेको जनाए ।

अध्ययनको क्रममा भ्रष्टाचारजन्य क्रियाकलापमा संलग्न गराउन प्रोत्साहित गर्ने कारक तत्वहरुको खोजी गर्ने सिलसिलामा सहभागीहरु मध्ये ३९.८ प्रतिशतले समाजमा आफ्नो उच्च प्रतिष्ठा देखाउन खोज्ने प्रवृति र ३९.३ प्रतिशतले नैतिकतामा कमी आएको कारणले गर्दा भ्रष्टाचार बढ्दै गएको कुरा औंल्याएका छन् ।

**अख्तियार दुरुपयोग अनुसन्धान आयोगको भूमिका र प्रभावबारे जनधारणा**

अध्ययनमा सहभागीमध्ये ८४ प्रतिशत उत्तरदाताले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको भूमिका बारे अवगत भएको र १६ प्रतिशत उत्तरदाताले यसको भूमिकाबारे आफू अनभिज्ञ रहेको खुलाए । यसबारे प्रदेशगत रुपमा तुलना गर्दा अ.दु.अ.आ. को भूमिकाबारे थाहा पाउने मध्ये ९४.१ प्रतिशत उत्तरदाता प्रदेश ४ का थिए भने ९०.२ प्रतिशत उत्तरदाता प्रदेश ५ का रहेको अध्ययनले औंल्याएको छ । यसबारेमा अधिकांश उत्तरदाताले विद्युतीय सञ्चार (७६.२%) र सामजिक संजाल (६२.८%) बाट जानकारी पाएको जनाएका थिए ।

सर्वेक्षणको क्रममा ८०.१ प्रतिशत उत्तरदाताको बुझाईमा अ.दु.अ.आ. भनेको भ्रष्ट मानिसलाई सजाय दिने संस्था हो भन्ने बुझेको पाइयो । त्यस्तै केही उत्तरदाताको बुझाइमा अ.दु.अ.आ. भनेको भ्रष्टाचारबारे जाँचबुझ गर्ने र अदालतमा मुद्दा दर्ता गर्ने संस्थाको रुपमा बुझेको देखियो ।

सर्वेक्षणमा सहभागी ४१.४ प्रतिशत उत्तरदाताले अ.दु.अ.आ. को प्रभाव स्थानीय तहमा सामान्य नै रहेको जिकिर गरेका थिए । आधा भन्दा बढी अर्थात् ५८.६ प्रतिशत उत्तरदाताले अ.दु.अ.आ. ले आगामी दिनमा भ्रष्टाचारको रोकथाम गर्न सक्ने विश्वास प्रकट गरेका थिए भने १७.५ प्रतिशतले अ.दु.अ.आ. ले भ्रष्टाचार रोक्न सक्ने कुरामा विश्वास छैन भन्ने जनाएका थिए ।

### स्थानीय तहमा सहज सेवा वितरणको लागि प्रभावकारी प्रयास

अध्ययनको क्रममा आधाभन्दा धेरै अर्थात् ५४.२ प्रतिशत उत्तरदाताले जनचेतनाका क्रियाकलापहरु जति धेरै परिचालन गर्न सकियो त्यति नै धेरै सुशासन प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रण हुने कुरामा सहयोग पुग्ने जनाएका थिए। त्यसैगरी कुल उत्तरदातामध्ये ७२ प्रतिशत उत्तरदाताबाट पनि जनचेतना अभियान नै अ.दु.अ.आ. बारे सर्वसाधारणमा सचेतना जगाउने प्रभावकारी माध्यम हुने कुरा रहेको पाइयो । ती उत्तरदातामध्ये ४६.१ प्रतिशतले यस्ता जनचेतना संचालनका अभियानहरु सामाजिक संजालका माध्यम मार्फत् भएमा धेरै प्रभावकारी हुने अध्ययनले देखाएको छ ।

## सिफारिसहरु

### स्थानीय तहको सरकारलाई

- अध्ययनको क्रममा भ्रष्टाचार हुने सम्बन्धी स्थानीय सरकारको योजना निर्माणदेखि कार्यान्वयन तहसम्म भ्रष्टाचारजन्य कार्य हुने गरेको पाइएकोले

कार्यक्रम निर्माण तथा कार्यान्वयन गर्नु अगावै निश्चित नियम कानून र निर्देशिकाहरुको निर्माण गरी योजना बाडफाँड तथा कार्यान्वयन र अन्त्यमा सार्वजानिक सुनवाई कार्यक्रम मार्फत सम्पन्न गर्नु आवश्यक देखिन्छ।

- नगरपालिका/गाउँपालिकाका तथा वडा प्रतिनिधि र लक्षित समुदायका एक-तिहाई मानिस (लैंगिक समानता) समावेश गरी संयुक्त अनुगमन तथा सुपरीवेक्षण गर्नैपर्ने व्यवस्था गरिनुपर्छ । यसले गर्दा स्थानीय तहमा भ्रष्टाचार रोक्न सहयोग पुग्ने र परियोजनाका कामकारबाहीहरु प्रभावकारी हुँदै जाने कुरामा टेवा पुग्न जान्छ ।
- भ्रष्टाचार, नैतिकता, अनियमितता, सत्यनिष्ठा, अख्तियार दुरुपयोग जस्ता संवेदनशील विषयहरुलाई विद्यालय, कलेज र विश्वविद्यालयका पाठ्यक्रमहरुमा समावेश गरी सो विषयको समुचित ज्ञान दिने उद्देश्यले अध्ययन अध्यापन गर्ने परिपाटीको विकाश गरिनुपर्छ । यो व्यवस्था गर्न सकिएमा यसबाट :

क. विद्यार्थी अवस्था देखि नै असल, चरित्रवान् तथा जिम्मेवार नागरिकको निर्माण कार्यमा टेवा पुग्ने,

ख. नियम कानुन अनुसार जिम्मेवारी निर्वाह गर्ने संस्कारको विकास हुने,

ग. अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सतर्कता केन्द्र आदि जस्ता राष्ट्रका गहन जिम्मेवारी बोकेका संस्थाका लागि आवश्यक पर्ने उपयुक्त जनशक्तिको आपूर्ति गर्ने कार्यमा सहयोग पुग्ने,

- स्थानीय तहका कर्मचारीहरुको दैनिकी हाजिरीलाई व्यवस्थित गर्न इ-हाजिरीको व्यवस्था गरिनुका साथै सुपरभाइजरहरुले आफ्ना मातहातका

प्रत्येक कर्मचारीको कार्यसम्पादन तथा मूल्यांकनको रेकर्ड राखी वर्षको अन्त्यमा दण्ड र पुरस्कारको व्यवस्था गरिनु जरुरी देखिन्छ ।

**कार्यविशेष बल (टास्क फोर्स)**:

स्थानीय तहका उच्चपदस्थ पदाधिकारीहरु नै भ्रष्टाचारका लागि जिम्मेवार रहेको अध्ययनले देखाएकोले स्थानीय तहमा हुने कामकारबाहीको अनुगमन, मूल्यांकन गर्न प्रदेशका मुख्यमंत्री, कार्यालयका प्रमुख सचिव, प्रमुख जिल्ला अधिकारी, राष्ट्रिय सतर्कता केन्द्र लगायतका प्रतिनिधिहरुको सहभागीता भएको विशेष टास्क फोर्स बनाउन सकिने सम्भावना तर्फ विचार गर्न सकिन्छ।

**अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन/नियमावली संशोधन सम्बन्धमा**

१. सम्पत्ति विवरण वार्षिक रुपमा अद्यावधिक गर्ने मात्र नभई नियमित रुपमा सूचना प्रविधिमा आधारित प्रणाली बनाई स्वतः लेखाजोखा हुने व्यवस्था कायम गरिनुपर्छ ।

२. एक करोड रुपैयाँ भन्दा माथि जतिसुकै रकमको घूस भए पनि आठ देखि दश वर्षसम्म कैद गर्ने व्यवस्थाले धेरै रकमको भ्रष्टाचार गर्न प्रोत्साहन गरेजस्तो देखिन गएकोले भ्रष्टाचारको रकमको अनुपातको आधारमा दण्ड/सजायको व्यवस्था गर्नु मनासिब देखिन्छ ।

३. सुराकीले दिएको सूचना सही साबित भएर कसुर स्थापित गर्न मद्दत पुगेको अवस्थामा त्यस्ता व्यक्तिलाई हौसला दिनको लागि पुरस्कारको व्यवस्था गर्ने तर्फ विचार गर्न सकिन्छ । बेनामी उजुरीको हकमा ती

उजुरीहरुलाई एक भिन्न बास्केटमा राखी इन्टेलिजेन्सबाट थप पुष्टी गरी अध्ययन अगाडि बढाउने ।

४. सार्वजनिक खरिद नियमावलीमा एक करोड रुपैंयासम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा सोही स्थानमा बसोबास गर्ने बासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिति वा लाभग्राही समुदायबाट हुने व्यवस्था भएको भए पनि त्यस्ता उपभोक्ता समितिको १ करोड सम्मको रकम उपयोग गर्नसक्ने क्षमता विकास भए/नभएको तर्फ विचार नपुगेको देखिन्छ । उपभोक्ता समिति वा लाभग्राही समुदायबाट संचालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजरआदि जस्ता हेभी मेशिनहरु प्रयोग गर्न सकिने छैन भने पनि त्यस्ता हेभी मेशिनहरु प्रयोग गरेमा कुन किसिमको दण्ड सजाय दिने भन्ने कुरा उल्लेख छैन । यस्ता कामहरु या त उपभोक्ता समितिहरुको क्षमता वृद्धि गरी हेभी मेशिनहरु प्रयोग हुने कार्यक्रम दिने वा स्थानीय ठेकेदार मार्फत् गर्दा पारदर्शी ढङ्गले कार्यान्वयन गर्नु उपयुक्त देखिन्छ ।

५. सार्वजनिक खरिद नियमावलीको नियम ८२ को (२) उपनियम (१) बमोजिमको कार्यको लागि एक तह माथिको अधिकारीको स्विकृती लिई बीस लाख रुपैंयासम्मको परामर्श सेवा खरिद गर्नु पर्ने अवस्थामा कम्तीमा तीन वटा प्रस्ताव प्राप्त गरी सबैभन्दा उपयोगी र कम मूल्य प्रस्ताव गर्नेसँग गुणस्तर र मूल्यलाई समेत एकिन गर्न सोझै वार्ता गरी खरिद गर्नुपर्ने छ भन्ने हाल प्रावधान रहेको छ। यस सम्बन्धमा, संस्थाको मापदण्ड र सूचना कुन माध्यमबाट सार्वजनिक गर्ने कुरा उल्लेख नगरिएको हुनाले कतै यसले भ्रष्टाचार त प्रेरित हुँदैन भन्ने तर्फ ध्यान नपुगेको देखिन्छ।यस सन्दर्भमा

संस्था छनोटको लागि संस्थाको उपयुक्त मापदण्ड र सूचना प्रकाशन राष्ट्रिय पत्रपत्रिकाको माध्यमबाट प्रकाशित हुने प्राबधानको व्यवस्था भएमा भ्रष्टाचार रोकथाम गर्न सकिनेछ।

६. भ्रष्टाचार नियन्त्रणका सफल कथाहरुलाई विभिन्न सञ्चारका माध्यमबाट आमनागरिक समक्ष पुऱ्याउनु पर्ने देखिन्छ जसले गर्दा सर्वसाधारणमा अख्तियारको कामको गुणस्तरीयता र प्रभावकारिताप्रति विश्वास एवं भरोसा बढ्नेछ ।

७. धेरैजसो मानिसलाई अझैपनि उजुरी गर्ने सही विधि थाहा नभएको हुँदा उजुरी विधि र सोसम्बन्धी देशव्यापी जनचेतनाका कार्यक्रमहरु संचालन गर्नुपर्ने आवश्यकता देखिन्छ ।

- **अ.दु.अ.आ. को हटलाइन नम्बर १०७:**

  अध्ययनको क्रममा अधिकांश उत्तरदातालाई अ.दु.अ.आ. को हटलाइन नम्बर १०७ बारे कुनै जानकारी नभएको कुरा पाइयो । त्यसैले हटलाइन नम्बर १०७ र टोल फ्री नम्बर सबै नगरपालिका/गाउँपालिका र वडाका कार्यालयहरुमा निर्देशिका बनाइ सूचना पाटी राख्ने व्यवस्था गरिनुका साथै विभिन्न सञ्चार माध्यमबाट प्रचार तथा प्रसार गर्नुपर्ने देखिन्छ ।

- **पुरस्कार प्रणाली:**

  अध्ययनका धेरै निष्कर्षहरु मध्ये अ.दु.अ.आ. को प्रभावकारिता, स्थानीय जनताको सहभागिताले पनि बढाउन सकिन्छ भन्ने पाइएको छ । त्यसैले भ्रष्टाचार विरुद्ध सुराकी, सूचना दिने व्यक्तिलाई पुरस्कृत गर्ने प्रणालीको

विकास गरिनु आवश्यक देखिन्छ। सँगसँगै पुरस्कृत हुने त्यस्ता उजुरीकर्ताको गोपनियता र सुरक्षाको पनि ख्याल राख्नुपर्दछ । यसका अतिरिक्त, भ्रष्टाचारजन्य कार्यमा संलग्न नहुने कर्मचारी तथा कार्यालयहरुलाई प्रोत्साहित गर्न प्रत्येक ३ वर्षमा पुरस्कृत गर्ने प्रणालीको विकास गरिनु पर्दछ । त्यस्तै भ्रष्टाचार विरुद्ध काम गर्ने विभिन्न संघ संस्थाहरुको पहिचान गरी पुरस्कृत गर्ने व्यवस्था पनि गरिनु आवश्यक देखिन्छ ।

- **भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको ढाँचाः**

भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताबारे जानकारी भएपनि, भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको आसय पुष्टि हुनेगरी त्यसको रुपरेखा तयार भएको पाइँदैन।यस सन्दर्भमा अ.दु.अ.आ. ले भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको ठोस रुपरेखा तथा कार्यक्रम तयार गरी प्रभावकारी रुपमा अघि बढनुपर्ने देखिन्छ ।

- **अ.दु.अ.आ. को उपस्थितिः**

स्थानीय तहमा अ.दु.अ.आ. द्वारा संचालित विभिन्न तालिम/अभिमुखीकरण र सचेतना सम्बन्धी गतिविधिहरुले भ्रष्टाचार नियन्त्रण गर्न वा घटाउनमा केही हदसम्म टेवा पुग्न गएको स्पष्ट देखिन्छ । त्यसैले यस्ता तालिम, अभिमुखीकरण, सचेतना जगाउने गतिविधिहरु व्यापक रुपमा देशैभरी संचालन गर्नुपर्ने आवश्यक छ ।

- समाजमा उच्च प्रतिष्ठा देखाउने प्रवृतिका कारण स्थानीय तहमा भ्रष्टाचार बढ्न गरेको पाइएकोले सामाजिक व्यवहार सुधार ऐन, २०३३ लाई समयसापेक्ष बनाउँदै कडाइका साथ लागू गर्नुपर्ने देखिन्छ ।

**आगामी अनुसन्धानः**

अ.दु.अ.आ. ले आफूप्रतिको धारणा, विश्वास र यसको प्रभावकारितामा सुधार ल्याउन निरन्तर अध्ययन अनुसन्धान कार्य गरिरहनु पर्ने देखिन्छ।

**संघीय सरकारः**

**कर्मचारी तलबको पुनरावलोकनः**

कर्मचारीको तलब पुनरावलोकन सम्बन्धमा बृहत् अध्ययन गरी समय सापेक्ष तलब निर्धारण गरी वर्षेनी बजेटमा कर्मचारीको तलब यति उति बृद्धि भयो भनि रहनु नपर्ने गरी स्वतः कर्मचारीको तलब बृद्धि हुने प्रणलीको विकास गरिनुपर्ने देखिन्छ ।

## प्रमुख सूचकहरुको सारांश

| सूचकहरु | निष्कर्ष |
| --- | --- |
| **सेवाग्राहीहरुको भ्रष्टाचारसम्बन्धी धारणा र सन्तुष्टि** | |
| स्थानीय तहबाट पाउने सुविधाको उपयोग | ९७.२% |
| स्थानीय तहबाट पाउने सुविधाहरुको आधारमा सुविधाको उपयोग **(बहुउत्तर)** | सिफारिश पत्र -४०.६%<br>स्थानीय कर -३८.३%<br>नागरिकता सिफारिश -२८.७%<br>पंजीकरण दर्ता -२७.९%<br>निर्माण डिजाइनको अनुमोदन -१७%<br>सामाजिक सुरक्षा भत्ता -८.५% |
| भ्रष्टाचार सम्बन्धी जनचेतना | ९२.७% |
| स्थानीय तहमा भ्रष्टाचार देखेको/भोगेको | १४.९% |
| स्थानीय तहमा भ्रष्टाचारको अवस्था | ५५.३% |
| **स्थानीय तहमा भ्रष्टाचार बढी वा तीब्र हुने क्षेत्रको पहिचान** | |
| स्थानीय तहमा भ्रष्टाचार हुने क्षेत्रहरु | योजना -४६.७%<br>प्रशासन -३५.६% |

| | |
|---|---|
| **(बहुउत्तर)** | लेखा प्रशासन -३२.१%<br>कर/राजस्व -२६.७%<br>पंजीकरण दर्ता -२३.७%<br>अन्य -१७.३%<br>शिक्षा -१४.२%<br>स्वास्थ अनुमोदनको निर्माण -११.९%<br>स्वास्थ्य -११%<br>प्रवन्ध व्यवस्थापन -५.८%<br>महिला तथा बालबालिका -३.६%<br>वातावरण -३.६% |
| स्थानीय तहको भ्रष्टाचार हुनुमा मुख्य जिम्मेवारी **(बहुउत्तर)** | नेतृत्व -३४.१%<br>अन्य कर्मचारी -३२.९%%<br>इन्जिनीयर/ओभरसियर -३२.१%%<br>कार्यकारी अधिकारी -३०.४%<br>लेखापाल -२९%<br>अन्य -१५.९%<br>यीमध्ये कुनैपनि होइन -६.७% |
| भ्रष्टाचारका प्रकारहरू **(बहुउत्तर)** | व्यक्तिगत नगद भ्रष्टाचार -५५.३%<br>प्रणालीगत/संस्थागत भ्रष्टाचार -५५.२%<br>नीतिगत भ्रष्टाचार -३०.३% |

| | |
|---|---|
| नेपालमा भ्रष्टाचार गर्न उत्प्रेरित गर्ने कारक सामाजिक तत्वहरु **(बहुउत्तर)** | समाजमा उच्च देखिने प्रवृत्ति -३९.८%<br>नैतिकतामा ह्रास -३९.३%<br>शिक्षा र जनचेतनाको कमी -३९%<br>बढ्दो महंगी -३८.६%<br>नातावाद र कृपावादलाई बढावा दिने संस्कृति - २९.६%<br>पारिवारिक आवश्यकता- २०.१%<br>मदिरा/मनोरन्जन- १०.६% |
| **भ्रष्टाचारमा अ.दु.अ.आले निर्वाह गर्ने भूमिकाको ज्ञान र त्यसको प्रभाव** | |
| अ.दु.अ.आ.को भूमिकाबारे जानकारी (सं=३०००) | ८४% |
| अ.दु.अ.आ.को क्रियाकलापबारे सचेतना (सं=२५०८) | ९०% |
| स्थानीय तहमा भ्रष्टाचार विरुद्ध कहिल्यै उजुरी दिएको (सं=२५०८) | २% |
| अ.दु.अ.आ. को कार्य सम्पादन | औसत – ४१.४%<br>राम्रो - ३९.७०%<br>खराब - ८.५% |

| | |
|---|---|
| | धेरै राम्रो - ६.३०%<br>धेरै खराब - ४.०% |
| अ.दु.अ.आ. ले भ्रष्टाचार रोकथाम गर्न सक्छ भन्ने विश्वास | विश्वास छ – ५८.६%<br>विश्वास छैन – १७.५%<br>तटस्थ - २३.९% |
| स्थानीय सरकारमा अ.दु.अ.आ. को प्रभाव **(बहुउत्तर)** | केही उल्लेखनीय सुधार नभएको - ३३.८०%<br>भ्रष्टाचारमा कमी आएको - २७.९०%<br>समयमा काम हुने गरेको - २६.३०%<br>सार्वजनिक सम्पतिको दुरुपयोगमा नियन्त्रण कायम भएको – २४.३०%<br>सार्वजनिक काममा गुणस्तरीय सेवा प्राप्त भएको – २१.९०%<br>जनताप्रतिको उत्तरदायित्व निर्वाह भएको - १४.७०% |

# अध्याय १ः परिचय

## १.१ पृष्ठभूमि

भ्रष्टाचार संसारमा नयाँ कुरा होइन, शताब्दीयौंदेखि मानव समाजमा यसको जरो गाडिँदै आएको छ । भ्रष्टाचार मानिसको जीवनको हर पक्ष र स्तरमा रहँदै आएको छ । लगभग दुई हजार वर्षअघि, कौटिल्यद्वारा रचिएको अर्थशास्त्र नामक पुस्तकमा भ्रष्टाचार सम्बन्धमा बृहत चर्चा भएको पाइन्छ । त्यस्तै सातौं शताब्दी अघि दार्शनिक दाँतेले पनि भ्रष्टाचारीहरुलाई नारकीय यातना दिनुपर्छ भन्ने अवधारणा अघि सार्दै त्यसप्रति (भ्रष्टाचार) युरोपियनहरुको घृणाभावलाई प्रतिबिम्वित गरेका थिए । शेक्सपियरले पनि आफ्ना नाटकहरुमा भ्रष्टाचारलाई महत्व दिँदै यसको चर्चा गरेका छन् । त्यस्तै अमेरिकाको संविधानले पनि विभिन्न अपराधहरुमध्ये भ्रष्टाचारलाई अक्षम्य अपराधको रुपमा स्वीकार गर्दै भ्रष्टाचारीलाई महाभियोग लगाउनु पर्ने सम्बन्धमा स्पष्ट किटान गरेको छ ।

भ्रष्टाचार एउटा सामाजिक कुरीति हो, जुन मानिस बस्ने हरेक समाजमा विद्यमान छ । भ्रष्टाचारका विभिन्न रुप र आयामहरु हुन्छन्। सरकारी कामकाजमा मात्र नभई व्यापार व्यवसायदेखि समस्त मानवीय व्यवहारमा भ्रष्टाचार व्याप्त रहेको पाइन्छ ।

सामान्यतया भ्रष्टाचार भनेको सरकारी कर्मचारी तथा राष्ट्रसेवकहरुले आफ्ना व्यक्तिगत्त फाइदाका लागि गरेको पदको दुरुपयोग भन्ने बुझिन्छ (विश्व बैंक १९९८, ट्रान्सपेरेन्सL इन्टरनेशनल, २००६) । यथार्थमा भ्रष्टाचार भनेको कमजोर शासन प्रणालीको नतिजा हो जो विशेषगरी मुलुकको सामाजिक, आर्थिक, राजनैतिक, कानूनी र सांस्कृतिक व्यवस्थामा प्रतिबिम्वित हुने गर्छ ।

संख्यात्मक रुपमा भ्रष्टाचार तीन प्रकारका हुन्छन्: १. प्रणालीगत भ्रष्टाचार, २. नगद भ्रष्टाचार र ३. नीतिगत भ्रष्टाचार । प्रणालीगत भ्रष्टाचार खासगरी सरकारी स्तरमा हुन्छ; जहाँ कर्मचारी वर्गले आफ्नो व्यक्तिगत्त फाइदाको लागि पद र शक्तिको दुरुपयोग गरी मोटो रकम लिने गर्छन् । नगद भ्रष्टाचार विशेषगरी तल्लो या मध्यम स्तरका निकाय वा कार्यालय तहमा कार्यरत कर्मचारीले पदको दुरुपयोग गरी नगद लिने काम हो भने नीतिगत भ्रष्टाचार भन्नाले देश, संस्थाहरुको नीति तथा नियमहरुलाई तोडमोड गरी शक्ति आर्जन र लोभका कारणले हुने भ्रष्टाचार हो ।

क्लिटगार्ड (१९९८) ले भ्रष्टाचारको लागि "क्लिटगार्डको भ्रष्टाचारको सूत्र" (Klitgaard's Corruption formula) आविष्कार गरेका थिए । उनको त्यो सूत्र बक्समा राखिएको छ ।

C = M + D - A
जहाँ,
C = Corruption
M = Monopoly power
D = Discretion in decision making
A = Accountability

यो सूत्रको अनुसार, यदि कुनै व्यक्तिसँग एकाधिकार शक्ति छ र उसले कुनै पनि किसिमको सामान वा सेवासँग सम्बन्धित निर्णय आफ्नो तजबिजले गर्छ र त्यसप्रति उसको जवाफदेहिता र पारदर्शिता केही रहँदैन भने त्यहाँ स्वाभाविक रुपले भ्रष्टाचार हुने वातावरण तयार हुन्छ ।

गरिब र विकासोन्मुख मुलुकमा खासगरी भ्रष्टाचार बढी हुने गर्छ । यसको मुख्य कारण भनेको पारदर्शिता र उत्तरदायित्वको अभाव हो । भ्रष्टाचार संसारका धेरै देशहरुको एउटा साझा समस्या नै बन्न गएको छ जसले गर्दा मुलुकको विकास र निर्माणका काममा धेरै नै अवरोध आउने गरेको पाइन्छ । साथै भ्रष्टाचारको चर्को मारले गर्दा त्यस्ता मुलुकमा उपलब्ध स्रोत र साधनको सही उपयोग भएको हुँदैन । भ्रष्टाचारको भयावह स्थितिबाट आक्रान्त देशहरुमध्ये नेपाल पनि एउटा हो । अहिले त नेपालमा भ्रष्टाचार राष्ट्रिय स्तरमा मात्र नभई स्थानीय स्तरमा पनि उत्तिकै बढेको र लगभग समान स्तरमा नै फैलिएको पाइन्छ ।

यथार्थमा वर्तमान नेपालको सुशासन र प्रभावकारी व्यवस्थापनको मार्गमा भ्रष्टाचार एउटा ठूलो तगारोको रुपमा तेर्सिंएको आभास हुँदै गएको देखिन्छ । नेपालमा निस्पक्ष र पारदर्शी सरकार निर्माणका लागि भ्रष्टाचारलाई जरैदेखि उखेल्नु अतिनै आवश्यक र महत्वपूर्ण कार्य बन्न गएको छ । ट्रान्सपेरेन्सि इन्टरनेसनलले सन् २०१६ मा गरेको दक्षिण एसियाली मुलुकको भ्रष्टाचारको स्थितिको विश्लेषणलाई

हेर्ने हो भने नेपाल धेरै भ्रष्टाचार हुने मुलुकहरुमा तेस्रो स्थानमा पर्छ । करप्सन पर्सेप्सन इन्डेक्स २०१६ का अनुसार संसारका १७६ देशमध्ये बढी भ्रष्टाचार हुने देशहरुको सूचीमा नेपाल २९ अंकका साथ १३१ औं स्थानमा पर्दछ जबकि यसभन्दा अघि नेपाल १६८ देशहरुमध्ये २७ अंकका साथ १३० औं स्थानमा थियो ।

ट्रान्सपेरेन्सी इन्टरनेसनलको करप्सन पर्सेप्सन इन्डेक्स २०१८ को अनुसार १७५ देशमध्ये नेपाल कम भ्रष्ट देशहरुको सूचीमा १२४ औं स्थानमा पर्दछ । सन् २००४ देखि २०१८ सम्मको अवस्था हेर्दा नेपालको औसत स्थान १२७.४० थियो । सन् २०११ मा भ्रष्टाचार सूचकाङ्कमा नेपाल १५४ औं स्थानमा रहेको र सन् २००४ मा ९० औं स्थानमा रहेको थियो । न्युजील्यान्ड र डेनमार्क क्रमशः ८९ र ८८ अंकका साथ उच्च स्थानमा छन् । त्यसैगरी सिरिया, दक्षिण सुडान र सोमालिया क्रमश १४, १२ र ९ अंकका साथ सबैभन्दा कम स्थानमा छन् ।

नेपालको सन्दर्भमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग (अ.दु.अ.आ) भ्रष्टाचार रोक्ने र गहन जिम्मेवारी बोकेको एउटा संवैधानिक निकाय हो । मुलुकको संविधानले पनि यस निकायलाई सरकारी क्षेत्रका हरेक तहमा हुने वा गर्ने भ्रष्टाचार, अनियमितता र पदको दुरूपयोग जस्ता कामको विरुद्ध छानबिन गर्ने र मुद्दा चलाउने अधिकार दिएको छ । मुख्यतया अ.दु.अ.आ. ले निरोधात्मक,

दण्डात्मक र प्रवर्द्धनात्मक (प्रोत्साहन) जस्ता उपायहरुको खोजी गर्ने गर्दछ ।

नेपालको संविधान (२०७२) अनुसार नेपाल एउटा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो, जो संघीय, प्रादेशिक र स्थानीय गरी तीन तहमा विभाजित छ । यस अन्तर्गत सातवटा प्रदेश, ७७ जिल्ला र ७५३ वटा स्थानीय तहहरु कायम गरिएका छन् । स्थानीय तह अन्तर्गत ६ महानगरपालिका, ११ उपमहानगरपालिका, २७६ नगरपालिका र ४६० गाउँपालिका रहेका छन् । स्थानीय तहले आफैं आफूलाई आवश्यक पर्ने कानूनहरुको निर्माण गर्दछन् ।

## १.२ अध्ययनको उद्देश्य

यस अध्ययनको समग्र उद्देश्य स्थानीय सरकारमा हुने गरेको भ्रष्टाचारको अवस्था तथा अ.दु.अ.आ. को अभिमुखीकरण/ अन्तर्क्रियाको प्रभावको असर के कस्तो रह्यो सो कुराको अध्ययन गर्नु हो ।

यस अध्ययनका विशिष्ट उद्देश्यहरु निम्न प्रकारका छन्ः

- स्थानीय तहमा भ्रष्टाचार ग्रस्त क्षेत्रहरु पत्ता लगाउनु,
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा स्थानीय तहमा सञ्चालित अन्तर्क्रिया र अभिमुखीकरण तालिमको प्रभावको विश्लेषण गर्नु,

- सार्वजानिक सेवा प्रवाहमा सेवाग्राहीको सन्तुष्टिको अवस्थाबारे अध्ययन गर्नु,
- स्थानीय सरकारमा सेवाप्रवाह गर्दा भ्रष्टाचार हुनसक्ने कानूनी वा प्रक्रियागत छिद्रहरुको पहिचान गर्नु,
- भ्रष्टाचार रोक्नका लागि आवश्यक सुझाव सहित भविष्यमा अवलम्बन गर्नुपर्ने रणनीतिको बारेमा सिफारिस गर्नु ।

## १.३ अध्ययनको सीमा

- साधारणतया भ्रष्टाचार आफैमा एउटा विवादास्पद विषय भएकाले धेरै उत्तरदाताबाट सोधिएका प्रश्नहरुको उत्तर/प्रतिक्रिया अपेक्षा गरे अनुरुपको नहुन सक्छ ।
- प्रस्तुत अध्ययन सीमित स्थान र समयमा उपस्थित सीमित सेवाग्राहीहरुलाई लिएर गरिएको हुँदा वर्षौंदेखी सेवा लिइरहेका समग्र प्रदेशबासीको प्रतिनिधित्व यस अध्ययनको निचोडले गर्न नसकेको पनि हुन सक्छ ।
- यो अध्ययन मूलतः जिल्लाको एउटा नगरपालिका र एउटा गाउँपालिकामा मात्र सीमित पारिएको हुँदा यसले समस्त जिल्लाको प्रतिनिधित्व गर्न नसकेको अवस्था हुनसक्छ ।

# अध्याय २ः अध्ययन विधि

स्थानीय तहमा विद्यमान भ्रष्टाचारको अध्ययन गर्नका लागि गुणात्मक र परिमाणात्मक जानकारी संकलन गर्न मिश्रित अध्ययन विधिको प्रयोग गरिएको थियो ।

परिमाणात्मक तथ्यांक संकलन गर्नका लागि व्यक्तिगत सर्वेक्षण प्रश्नावलीको प्रयोग गरिएको थियो भने गुणात्मक सूचना संकलनका लागि समूह केन्द्रित छलफल, प्रमुख जानकारसँगको अन्तर्वार्ता र केस अध्ययन विधि प्रयोग गरी आएका जानकारीहरुलाई एकीकृत विश्लेषण गरिएको थियो ।

## २.१ सर्वेक्षण ढाँचा र कार्यक्षेत्र

### २.१.१ सर्वेक्षण ढाँचा

प्रस्तुत अध्ययनका लागि वर्णात्मक क्रस सेक्सनल ढाँचा प्रयोग गरिएको थियो ।

### २.१.२ अध्ययन क्षेत्र

प्रस्तुत अध्ययनको कार्यक्षेत्र छनोटका लागि निम्न मापदण्ड अपनाइएको थियोः

१. भौगोलिक क्षेत्र (हिमाल, पहाड र तराई)
२. गरिब तथा पिछडिएका जिल्ला
३. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मातहतका कार्यालय

४.प्रदेशका राजधानी भएका जिल्ला

माथि उल्लेख गरिएका मापदण्ड अनुसार तपसिलका विभिन्न १५ वटा जिल्ला अध्ययनका लागि छनोट गरिएका थिएः

| **प्रदेश अनुसारका जिल्ला** | **अध्ययनका लागि छनोट गरिएका १५ जिल्ला** |
|---|---|
| **प्रदेश १**: भोजपुर, धनकुटा, इलाम, झापा, खोटांग, मोरंग, ओखलढुंगा, पाँचथर, संखुवासभा, सोलुखुम्बु, सुनसरी, ताप्लेजुंग, तेर्हथुम र उदयपुर | **प्रदेश १**: सोलुखुम्बु र सुनसरी |
| **प्रदेश २**: सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, बारा, पर्सा र रौतहट | **प्रदेश २**: सर्लाही र रौतहट |
| **प्रदेश ३**: सिन्धुली, रामेछाप, दोलखा, भक्तपुर, धादिंग, काठमाडौं, काभ्रेपलाञ्चोक, ललितपुर, नुवाकोट, रसुवा, सिन्धुपाल्चोक, चितवन र मकवानपुर | **प्रदेश ३**: काठमाडौं, काभ्रेपलाञ्चोक र ललितपुर |
| **प्रदेश ४**, बाग्लुङ, गोर्खा, कास्की, लमजुङ, मनाङ, मुस्ताङ, म्याग्दी, नवलपरासी (बर्दघाट-सुस्ता पूर्व), पर्वत, स्यांग्जा र तनहुँ | **प्रदेश ४**: पोखरा र म्याग्दी |
| **प्रदेश ५**: कपिलवस्तु, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम), अर्घाखाँची, गुल्मी, पाल्पा, बाँके, बर्दिया, दाङ, प्युठान, रोल्पा, रुकुम (पूर्व) र बाँके | **प्रदेश ५**: रुपन्देही र गुल्मी |
| **प्रदेश ६**: सल्यान, डोल्पा, हुम्ला, जुम्ला, कालिकोट, मुगु, सुर्खेत, दैलेख, जाजरकोट र रुकुम (पश्चिम) | **प्रदेश ६**: सुर्खेत र मुगु |

| | |
|---|---|
| **प्रदेश ७**: अछाम, बैतडी, डँडेलधुरा, डोटी, कैलाली, बझाङ, बाजुरा, कंचनपुर र दार्चुला | **प्रदेश ७**: कंचनपुर र बझाङ्ग |

## २.२ तथ्यांक संकलन विधि

तथ्यांक संकलनका लागि सर्वे प्रश्नावली तथा विभिन्न प्रश्न र निर्देशिकाहरु औजारका रुपमा निर्माण गरिएका थिए । परिमाणात्मक र गुणात्मक तथ्यांक संकलनका लागि मुख्यतः निम्न लिखित विधिहरु प्रयोग गरिएका थिए ।

### २.२.१ डेस्क रिभ्यु

डेक्स रिभ्युको लागि सरकारी, गैर-सरकारी, अन्तर्राष्ट्रिय गैर-सरकारी, दुईपक्षीय र वहु-पक्षीय संस्थाहरुको प्रतिवेदन, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको वार्षिक प्रतिवेदन, ट्रान्स्परेन्सी इन्टरनेसनलका प्रतिवेदनहरु, नेपालको संविधान २०७२ तथा विभिन्न नीति र निर्देशिकाहरु अध्ययन गरिएको थियो ।

### २.२.२ व्यक्तिगत सर्वेक्षण प्रश्नावली

अध्ययनका कार्यक्षेत्रगत शर्तहरू अनुसार यस सर्वेक्षणमा ३००० उत्तरदातालाई प्रश्नावली सोधिएको थियो । जसमध्ये धेरै जसो उत्तरदाता स्थानीय तहले दिने सेवा लिएर बाहिर निस्केका, पहिले नै सेवा लिएका र सम्भावित सेवाग्राही थिए ।

यस अध्ययनमा समावेश भएका उत्तरदाताको संख्या जिल्लागत रुपमा यस प्रकार रहेको थियोः

**तालिका १: जिल्लागत उत्तरदाता**

| प्रदेश | जिल्ला | उत्तरदाता |
|---|---|---|
| १ | सुनसरी | २८९ |
| | सोलुखुम्बु | ५० |
| २ | रौतहट | २६९ |
| | सर्लाही | ३०१ |
| ३ | काठमाडौं | ६०० |
| | काभ्रे | १४८ |
| | ललितपुर | १८७ |
| ४ | कास्की | १९३ |
| | म्याग्दी | ६० |
| ५ | रुपन्देही | ३४५ |
| | गुल्मी | ११२ |
| ६ | सुर्खेत | १४० |
| | मुगु | ५० |
| ७ | कंचनपुर | १७७ |
| | बझाङ्ग | ७८ |
| **जम्मा** | **१५ जिल्ला** | **३,०००** |

## २.२.२.१ तथ्यांक संकलन विधि

पहिलो चरणमा १५ वटा जिल्ला पूर्व निर्धारित मापदण्ड अनुरुप छनोट गरिएका थिए । दोस्रो चरणमा छानिएका जिल्लाका एक गाउँपालिका र एक नगरपालिका तथ्यांक विधिबाट छनोट गरिएको थियो । त्यसैगरी तेस्रो

चरणमा स्थानीय तहका गाउँपालिका, नगरपालिका र वडाबाट विभिन्न सेवाका सेवाग्राहीसँग तथ्यांक संकलन गरीएको थियो ।

### २.२.३ समूह केन्द्रित छलफल

गुणात्मक तथ्यांक संकलनका लागि १५ जिल्लाका छानिएका स्थानीय तहका सेवाग्राहीहरुसँग १५ वटा समूह केन्द्रित छलफल गरिएको थियो ।

### २.२.४ प्रमुख जानकारसँगको अन्तर्वार्ता

छानिएका पन्ध्र जिल्लाका कुल ४५ वटा प्रमुख जानकारमध्ये मूलतः नागरिक समाजका सदस्य, निर्वाचित स्थानीय तहका प्रतिनिधि, शिक्षक, राजनीतिकर्मी, जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि, अख्तियार दुरुपयोग अनुसन्धान आयोग मातहत कार्यालयका प्रतिनिधिहरुसँग अन्तर्वार्ता लिई गुणात्मक तथ्यांक संकलन गरिएको थियो ।

### २.२.५ केस स्टोरी

थप गुणात्मक तथ्यांक संकलनका लागि १५ जिल्लाका एक-एक सेवाग्राहीको भ्रष्टाचार सम्बन्धी अनुभव र ज्ञान संकलन गरी १५ वटा केस स्टोरी तयार गरिएको थियो ।

## २.३ तथ्यांक संकलन प्रविधि

व्यक्तिगत सर्वेक्षण प्रश्नावली मोबाइल प्रविधिको माध्यमद्वारा संकलन गरिएको थियो। तथ्याङ्कविद्हरुको सहयोगद्वारा नियमित रुपमा ड्यासबोर्डको परीक्षण गरी यदि कुनै तथ्यांक अपूर्ण तथा छुटेका तथ्यांक भेटिएमा सर्वेक्षकलाई पुनः

तथ्यांक संकलन गर्न भनिएको थियो जसले गर्दा तथ्यांकको गुणस्तर र विश्वसनीयतामा वृद्धि भएको छ ।

## २.४ औजार निर्माण, परीक्षण र प्रशिक्षण

### २.४.१ औजार निर्माण

स्थानीय तहमा हुने भ्रष्टाचारसम्बन्धी तथ्यांक संकलन गर्नको लागि सर्वप्रथम सर्वेक्षण प्रश्नावलीहरुको निर्माण अंग्रेजी भाषामा गरिएको थियो र त्यसपछि उक्त प्रश्नावलीलाई नेपाली भाषामा अनुवाद गरी मोबाइलमा राखिएको थियो । प्रश्नावली सर्वेक्षणको अन्तिम चरणमा पुग्न अगावै प्रश्नावलीमा कुनै पनि प्रकारको त्रुटी नहोस् भनेर पूर्व परीक्षण गरिएको थियो ।

### २.४.२ औजारको पूर्व परीक्षण

स्थानीय तहका १० जना सेवाग्राहीसँग अनुसन्धानकर्ताले सर्वेक्षण औजारको काठमाडौं जिल्लामा पूर्व परीक्षण गरेका थिए ।

### २.४.३ तालिम तथा अभिमुखीकरण

सुपरभाइजर तथा तथ्यांक संकलकहरुलाई तीन दिनको सर्वेक्षण औजार, प्रविधि, तथ्यांक संकलन विधि, गुणस्तर मापन, अनुसन्धानको आचारसंहिता सम्बन्धी अभिमुखीकरण/तालिम दिइएको थियो । उक्त तालिम काठमाडौंमा प्रदान गरिएको थियो ।

### २.४.५ सर्वेक्षण औजारको पाइलट परीक्षण

सुपरभाइजर तथा तथ्यांक संकलकहरुद्वारा प्रश्नावलीलाई ट्याब्लेटको माध्यमबाट १५ जना स्थानीय तहका सेवाग्राहीहरुसँग काठमाडौंमा सर्वेक्षणको औजारहरुको  पाइलटिंग गरिएको थियो । जसले गर्दा मूलतः प्रश्नावलीको स्किप प्याटर्न र तथ्यांक संकलन गर्ने तरिका जाँच्नको लागि सहयोग पुगेको थियो । पायलटिंगको क्रममा लिइएका तथ्यांकलाई सर्वेक्षणको प्रतिवेदनमा समावेश गरिएको थिएन ।

## २.५ तथ्यांक आचारसंहिता

अनुसन्धान अवधिभर अनुसन्धानकर्ताहरुले उत्तरदातासँग अन्तर्वार्ता लिँदा, तस्बिर खिच्दा र केस स्टोरीहरु बनाउँदा उहाँहरुको अनुमति लिने तथा तथ्यांक आचारसंहिता अनुसार गरिएको थियो ।

## २.६ गुणस्तर मापन

अनुसन्धान अवधिभर तथ्यांक संकलन कामको निरीक्षण गर्न टोली प्रमुख र संयोजकले अनुगमन तथा सुपरिवेक्षण गरेका थिए । तथ्यांक विश्लेषकले सूचना संकलनमा कुनै त्रुटी आएमा तुरुन्तै प्रतिक्रिया दिने गरेका थिए भने  तथ्यांकको पूर्व परीक्षण, सर्वेक्षकलाई दिइएको तालिम र ट्याब्लेट प्रविधिबाट तथ्यांक संकलन गरिएको र जीपीयसको माध्यमले स्थान पत्ता लगाउने काम भएको कारणले गर्दा तथ्यांकको गुणस्तरीयता र विश्वासनीयता कायम रहेको छ ।


## २.७ तथ्यांक विश्लेषण र प्रतिवेदन लेखन

तथ्यांक विश्लेषकले परिमाणात्मक तथ्यांकलाई SPSS र गुणात्मक तथ्यांकलाई विभिन्न शिर्षक बनाई विश्लेषण गरेका थिए भने त्रिभुजीकरण अध्ययनका लागि पहिले परिणात्मक तथ्यांक र त्यसपछि गुणात्मक तथ्यांक राखी विश्लेषण गरिएको थियो । अन्ततः प्रतिवेदन लेखन टोलीले नेपाली तथा अंग्रेजी दुवै भाषामा प्रतिवेदन तयार गरेका थिए ।

## अध्याय ३ः उत्तरदाताको सामाजिक र आर्थिक विवरण

यस अध्यायमा नेपालका १५ वटा जिल्लाका ३,००० स्थानीय तहका सेवाग्राही उत्तरदाताहरुको लिङ्ग, जात/जाति, धर्म, परिवारको आर्थिक तथा शैक्षिक अवस्थाको बारेमा जानकारी समेटिएको छ ।


चित्र ३.१ः जिल्लाको आधारमा उत्तरदाताको विवरण




माथि चित्रमा उल्लेख भए अनुरुप यो अध्ययनमा नेपालका विभिन्न १५ वटा जिल्लाका ३००० उत्तरदाताहरुलाई संलग्न गराइएको थियो । कुल उत्तरदातामध्ये पाँच भागको एक भाग (२०%) उतारदाताहरु काठमाडौं जिल्लाका थिए । त्यसपछि धेरै उत्तरदाता


(१२%) रुपन्देही जिल्लाका थिए भने सर्लाही र सुनसरी दुवै जिल्लाबाट १०/१० प्रतिशत उत्तरदाता समावेश भएका थिए ।

चित्र ३.२: नगरपालिकाको आधारमा उत्तरदाताको विवरण




सर्वेक्षणमा सहभागी उत्तरदातामध्ये ७७ प्रतिशत उत्तरदाता नगरपालिकाबाट र २३ प्रतिशत उत्तरदाता मात्र गाउँपालिकाबाट संलग्न गराइएका थिए ।


चित्र ३.३: उमेर समूहको आधारमा उत्तरदाताको विवरण




लगभग आधाजसो उत्तरदाता (४४.२%) २६-४० उमेर समूहका थिए भने झन्डै एक-तिहाई (३०.६ %) उत्तरदाता ४१-५९ उमेर समूहका थिए ।त्यसैगरी १७.१ प्रतिशत उत्तरदाता १६-२५ वर्ष


उमेर समूहका र ८.१ प्रतिशत उत्तरदाताहरु ६० वर्षभन्दा माथि उमेर समूहका संलग्न भएका थिए ।

चित्र ३.४: लैंगिक समूहको आधारमा उत्तरदाताको विवरण




प्रस्तुत अध्ययनमा कुल सहभागी उत्तरदातामध्ये ६१ प्रतिशत पुरुष र ३९ प्रतिशत महिला संलग्न भएका थिए । (चित्र ३.४)


चित्र ३.५: वैवाहिक स्थितिको आधारमा उत्तरदाताको विवरण




कुल उत्तरदातामध्ये अधिकांश उत्तरदाता (८५%) विवाहित थिए भने १३ प्रतिशत उत्तरदाता मात्र अविवाहित थिए । त्यसैगरी लगभग ३


प्रतिशत उत्तरदाता विधवा/विधुर समूहका भेटिएका थिए । (चित्र ३.५)

चित्र ३.६: जात/जाति समूहको आधारमा उत्तरदाताको विवरण





सर्वेक्षणमा सहभागी कुल उत्तरदातामध्ये आधाभन्दा बढी अर्थात् ५१.३ प्रतिशत खस-आर्य समूहका थिए भने त्यसपछि क्रमशः २६ प्रतिशत जनजाति र १२ प्रतिशत मधेसी समुदायबाट संलग्न उत्तरदाता थिए । (चित्र ३.६)

चित्र ३.७: धर्मको आधारमा उत्तरदाताको विवरण




सर्वेक्षणमा सहभागी उत्तरदाताहरुमध्ये, अधिकांश उत्तरदाता (८७%) हिन्दू धर्ममा विश्वास गर्ने थिए भने बाँकी बौद्ध धर्म (९%) र मुस्लिम धर्म (३%) मा विश्वास गर्ने थिए । (चित्र ३.७)

चित्र ३.८: पारिवारिक समूहको आधारमा उत्तरदाताको विवरण





कुल उत्तरदातामध्ये ५४ प्रतिशत उत्तरदाता एकल परिवारका थिए भने ४५ प्रतिशत उत्तरदाता संयुक्त परिवार र १ प्रतिशत उत्तरदाता विस्तृत परिवारबाट सहभागी भएका थिए ।

चित्र ३.९: शैक्षिक स्तरको आधारमा उत्तरदाताको विवरण



शिक्षाको सन्दर्भमा ४३.४ प्रतिशत उत्तरदाताले माध्यमिक तहको (९-१२ कक्षा) शिक्षा हासिल गरेका थिए भने, १९.३ प्रतिशतले विश्वविद्यालय स्तरको (स्नातक वा त्यो भन्दा बढी), १८.३ प्रतिशतले आधारभूत तह (८ कक्षा), १०.७ प्रतिशत साक्षर (अनौपचारिक) मात्र रहेका र ८.३ प्रतिशत उत्तरदाता पूर्णतया अशिक्षित थिए ।

चित्र ३.१०: परिवारको मुख्य आम्दानीको स्रोतको आधारमा उत्तरदाताको विवरण




यस सर्वेक्षणमा संलग्न धेरैजसो उत्तरदाताको परिवारको मुख्य आम्दानीको स्रोत व्यापार/व्यवसाय (३१.५%) रहेको सर्वेक्षणले देखाएको छ भने क्रमशः कृषिमा २६.१ प्रतिशत र सेवामा (सरकारी/निजी) २०.८ प्रतिशत उत्तरदाता आश्रित रहेका थिए ।


# अध्याय ४: स्थानीय तहमा हुने भ्रष्टाचारबारे जनताको धारणा

"Corruption is a cancer: a cancer that eats away at a citizen's faith in democracy, diminishes the instinct for innovation and creativity; already-tight national budgets, crowding out important national investments. It wastes the talent of entire generations. It scares away investments and jobs". -Joe Biden

यस अध्यायमा उत्तरदाताको ज्ञान, मानसिकता, स्थानीय तहका सरकारहरुमा भ्रष्टाचारको अभ्यास र सेवा उपयोगको अवस्थाको चर्चा गरिएको छ । साथै अध्ययनको यस खण्डमा स्थानीय तहमा सेवाग्राहीहरुको सन्तुष्टिको स्तरको मापन तथा भ्रष्टाचार गर्नका लागि उत्प्रेरित गर्ने कानूनी छिद्रहरु पहिचान गरी तिनको विश्लेषण पनि गरिएको छ।

## ४.१: भ्रष्टाचारप्रतिको सचेतना


चित्र ४.१: भ्रष्टाचारबारे ज्ञान हुनेको विवरण




सर्वेक्षणको क्रममा अधिकांश अर्थात् ९२.५ प्रतिशत उत्तरदाता भ्रष्टाचारबारे ज्ञान भएका र ७.५ प्रतिशत उत्तरदाता मात्र यस बारेमा अनविज्ञ रहेका थिए ।

प्रमुख जानकारसँगको अन्तर्वार्तामा सहभागीहरुले पनि परिमाणात्मक तथ्यांकमा जस्तै भ्रष्टाचारसम्बन्धी ज्ञान रहेको र उक्त ज्ञान अ.दु.अ.आ. ले समय-समयमा दिने भ्रष्टाचार नियन्त्रणसम्बन्धी तालिम र सचेतनताबाट प्राप्त भएको जानकारी गराए ।

चित्र ४.२: भ्रष्टाचारको बारेमा उत्तरदाताको बुझाईको विवरण




*नोट: धेरै विकल्प भएका कारण प्रतिशत १०० भन्दा बढी हुन सक्छ*

प्रस्तुत सर्वेक्षणमा उत्तरदाताहरूले भ्रष्टाचार भनेको "घूस लिनु, चाहिने भन्दा बढी रकमको माग गर्नु, सामाजिक सम्पतिको दुरुपयोग गर्नु, काममा ढिलाई गर्नु र सार्वजनिक कोषको दुरुपयोग गर्नु हो" भन्ने बुझेका थिए । यसमध्ये अधिकांश अर्थात् ८४.९ प्रतिशत उत्तरदाताले भ्रष्टाचार भनेको काम गराउनका लागि घूस लिनु हो भनेका थिए भने बाँकी ५२.१ प्रतिशतले लाग्ने भन्दा बढी रकमको माग गर्नुलाई भ्रष्टाचार हो भनेका थिए । त्यस्तै ३० प्रतिशत

उत्तरदाताले सार्वजनिक सम्पतिको दुरुपयोगलाई र २९ प्रतिशतले काममा अनावश्यक ढिलाई गर्ने प्रवृतिलाई भ्रष्टाचारको संज्ञा दिएका थिए ।

पन्ध्रवटै जिल्लामा गरिएको सामूहिक छलफलका सहभागीहरुका विचारमा भ्रष्टाचार भनेको गैरकानुनी काम जस्तै घूस लिनु, चाहिने भन्दा बढी रकमको माग गर्नु, पदाधिकारीहरुले नचाहिने कागजातको माग गर्नु, काममा ढिलाई गर्नु, राम्ररी प्रतिक्रिया नदिनु, सार्वजनिक कोषको दुरुपयोग गर्नु, सार्वजनिक सम्पत्तिको दुरुपयोग गर्नु, कर्मचारीद्वारा आफ्नो अधिकारको उचित तरिकाले प्रयोग नगर्नु आदि जस्ता कुरा भ्रष्टाचारका विभिन्न रुप हुन् भनेर औंल्याएका थिए । **(समूह केन्द्रित छलफल, सबै जिल्ला)**

“सामान्यतया सर्वसाधारण जनताले सेवा लिने क्रममा धेरै प्रकारको प्रशासनिक समस्या तथा झन्झट व्यहोर्नुका साथै अनावश्यक पैसा र समय पनि खर्चिनु परेको स्थिति भ्रष्टाचार हो।“ **(प्रमुख जानकारसँगको अन्तर्वार्ता, काठमाण्डौ)**

**सरकारी ढिलासुस्तीका कारण श्रीमानको पेन्सन नपाएकी एक महिला**

मनमाया लिम्बु (६० वर्ष) आफ्नो परिवारसँग इटहरी-५, सुनसरीमा बस्दै आउनुभएको छ । पढाइ लेखाइबाट अनभिज्ञ लिम्बुको पारिवारिक आम्दानीको एकमात्र स्रोत भनेको वैदेशिक रोजगारबाट छोरोले पठाउने

रकम हो । यसबाहेक श्रीमानको पेन्सनलाई पनि आम्दानीको स्रोत बनाउने चाहना गर्नुभएकी मनमायाले कार्यालयगत प्रक्रियाको ढिलाइका कारणले गर्दा श्रीमानको पेन्सन अझै पाउनुभएको छैन ।


भारतीय सेनामा कार्यरत रहनुभएका उहाँको श्रीमानको निधन केही महिना अघिमात्र भएको थियो । आफ्नो श्रीमानको पेन्सन पाउनको लागि उहाँ वडा कार्यालय धाउन थालेको झन्डै एक महिना भएको थियो । हरेक पटक वडा कार्यालयमा सिफारिस लिन जाँदा वडा अध्यक्ष कार्यालयमा नभेटिने स्थिति र भेटिहाले पनि कर्मचारीले कागजपत्र मिलेन भन्दै बारम्बार फर्काइदिने गरेको गुनासो उहाँले सुनाउनुभयो । यस कामका लागि उहाँ अझै पनि वडा कार्यालय धाउँदै हुनुहुन्छ ।

जनप्रतिनिधिहरु प्रायःजसो कार्यालयमा नआइदिने भएका कारण काममा ढिलाई हुने गरेको र भ्रष्टाचारको सम्बन्धमा कुरा गर्दा उहाँले अहिलेसम्म पैसा भने नमागेको पनि बताउनुभयो ।

जनप्रतिनिधि तथा कर्मचारीहरु समयमा कार्यालयमा उपस्थित भई काम सम्पन्न गरी दिए सहज रुपमा पेन्सन पाउने र आगामी दिनमा कसैको आर्थिक सहारा लिनु पर्दैन्थ्यो भन्ने उहाँको चाहना रहेको छ ।

## ४.२ भ्रष्टाचारको बारेमा जानकारीका स्रोतहरु

चित्र ४.३: भ्रष्टाचारसम्बन्धी जानकारीको आधारमा उत्तरदाताको विवरण





*नोट: धेरै विकल्प भएका कारण प्रतिशत १०० भन्दा बढी हुन सक्छ।*

सर्वसाधारण जनतामा ज्ञान र जानकारी दिने सन्दर्भमा सूचनाका श्रोतहरुले महत्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन् । यस अध्ययनको क्रममा दुई-तिहाईभन्दा बढी अर्थात् ६६.५ प्रतिशत उत्तरदाताले भ्रष्टाचारसम्बन्धी सूचना विधुतीय माध्यम (टि.भी, रेडियो, एफ.एम) बाट पाउने गरेको जनाए भने ५१.१ प्रतिशत उत्तरदाताले सामाजिक संजाल, ५०.२ प्रतिशतले परिवार/आफन्त र ९.५ प्रतिशतले पत्रपत्रिकाको माध्यमबाट भ्रष्टाचारबारे जानकारी पाउने गरेको अध्ययनले देखाएको छ ।

### ४.३ स्थानीय तहमा हुने भ्रष्टाचार

ट्रान्सपरेन्सी इन्टरनेशनलको सन् २०१६ को रिपोर्ट अनुसार भ्रष्टाचार हुने १७६ देशको सूचीमा नेपाल १३१ औं स्थानमा रहेको थियो भने सन् २०१८ को त्यसैको दोस्रो रिपोर्ट अनुसार भ्रष्टाचार हुने १७६ औं देशको सूचीमा १२४ औं स्थानमा रहेको उल्लेख छ ।


चित्र ४.४: स्थानीय तहमा हुने भ्रष्टाचारको बारेमा ज्ञान हुनेहरुको विवरण





दुई-तिहाईभन्दा बढी अर्थात् ६७.६ प्रतिशत उत्तरदाताले स्थानीय तहमा हुने भ्रष्टाचारको बारेमा सुनेको जनाए भने बाँकी ३२.५ प्रतिशत उत्तरदाताले सोसम्बन्धी अनभिज्ञता जाहेर गरे । (चित्र ४.४)

प्रदेश अनुसार हेर्ने हो भने गण्डकी प्रदेशका ८८.२ प्रतिशत, सुदूरपश्चिम प्रदेशका ८६.३ प्रतिशत र प्रदेश नं. २ का ७५.१ प्रतिशत उत्तरदाताले स्थानीय तहमा हुने भ्रष्टाचारको बारेमा सुनेको अध्ययनले देखाएको छ । (चित्र ४.५)

चित्र ४.५ : प्रदेशगत रुपमा स्थानीय तहमा हुने भ्रष्टाचारबारे जानकारी हुने उत्तरदाताहरुको विवरण




चित्र ४.६ : उत्तरदाताले सुनेको आधारमा स्थानीय तहमा हुने भ्रष्टाचारको किसिम





*नोट: धेरै विकल्प भएका कारण प्रस्तुत प्रतिशत १०० भन्दा बढी हुन सक्छ।*

लगभग तीन-चौथाई उत्तरदाता (७३.४%) ले स्थानीय तहमा सिधै घूस लिने र ५५.१ प्रतिशतले लाग्ने भन्दा बढी रकमको माग गर्ने कुरालाई भ्रष्टाचारका अनेक रुपहरुमध्ये प्रमुख रुप भएको औंल्याएका छन् । भ्रष्टाचारका बाँकी रुप अन्तर्गत काममा ढिलाई (३४.८%), सर्वाजनिक सम्पतिको दुरुपयोग (३०.९%) र कर्मचारीले प्राप्त अधिकारको दुरुपयोग (२६.८%) गर्ने जस्ता पक्षलाई अधिकांश उत्तरदाताले औंल्याएका छन् ।

"स्थानीय तहमा भ्रष्टाचार सिर्जना हुनुमा उपयुक्त व्यवस्थापकीय पक्ष र निगरानी प्रणालीको अभाव नै जिम्मेवार रहेका छन् । त्यस्तै सेवाग्राही र सेवाप्रदायकहरूमा घूस लिए/दिएमा थोरै समयमा छिटो काम हुनसक्छ भन्ने मानसिकताले पनि भ्रष्टाचार उत्प्रेरित भएको देखिन्छ"। - **(प्रमुख जानकारसँगको अन्तरवार्ता, रुपन्देही)**


चित्र ४.७: स्थानीय तहमा हुने गरेको भ्रष्टाचार देखेको वा भोगेको आधारमा उत्तरदाताको विवरण




सर्वेक्षणमा भाग लिएका स्थानीय तहका सेवाग्राही उत्तरदातामध्ये १४.९ प्रतिशत उत्तरदाताले स्थानीय तहमा भ्रष्टाचार देखेको वा भोगेको पाइयो ।

यसलाई प्रदेशगत रुपमा तुलना गर्दा सबैभन्दा बढी कर्णाली प्रदेशका (३१.६%) उत्तरदाताले भ्रष्टाचार भोगेको वा देखेको र सबैभन्दा कम अर्थात् २.७ प्रतिशत सुदूरपश्चिम प्रदेशका उत्तरदाताले भोगेको वा देखेको पाइयो । (चित्र ४.८)

चित्र ४.८: प्रदेशगत रुपमा स्थानीय तहमा हुने गरेको भ्रष्टाचार देखेका/भोगेका उत्तरदाताहरु




**भ्रष्टाचारीलाई थप्पड**


सोलु दुधकुण्ड नगरपालीका वडा नं ६ मा बस्ने ४५ वर्षका वीर बहादुर (नाम परिवर्तन) आफ्नो सातजना परिवारसँग बस्नुहुन्छ। हाल उहाँले धातु र फलाम सम्बन्धी आफ्नो पुख्यौंली व्यवसाय सम्हाल्दै आउनुभएको छ । स्थानीय विद्यालयबाट ८ कक्षा सम्मको शिक्षा हासिल गर्नुभएका वीर बहादुरले निर्वाचन हुनुभन्दा पहिले स्थानीय तहको स्थिति एकदमै नाजुक र कर्मचारीतन्त्रले जकडिएको र सरकारी कर्मचारीले कोषमा रहेको रकमको दुरुपयोग गर्ने गरेको बताउनुभयो । उहाँले अझ थप्दै खानेपानीको काममा एउटा

इन्जिनीयरले काम पुरा गरिदिनका लागि रु. १०,००० घूस मागेको र उक्त  इन्जिनीयरलाई भ्रष्टाचारी हो भनी एक थप्पडसमेत हिर्काएको भन्नुभयो । थप्पड हानेको २/४ दिनपछि सी.डी.ओ. ले तपाईंले यति राम्रो काम गर्नुभएछ भनेपछी उहाँलाई भ्रष्टाचारी विरूद्ध जुझ्ने प्रेरणा मिल्यो ।

तर अहिले स्थानीय तहको निर्वाचनपछी जनप्रतिनीधीहरुले स्थानीय जल्दाबल्दा समस्याहरुको खोजी गरी छिटो-छरितो र झन्झटविना सहज रुपमा त्यस्ता समस्यालाई समाधान गर्ने गरेको अवस्था छ । स्थानीय निर्वाचन हुनु अगाडि स्थानीय जनताले शिक्षा, स्वास्थ्य, बाटोघाटो निर्माण, नागरिकता लिने र अन्य आवश्यक सीफारिस लिने काममा धेरै नै सास्ती सहनुपरेको थियो, जुन स्थिति अहिले छैन । निर्वाचन पछी भ्रष्टाचार पहिलेको तुलनामा केही मात्रामा घटेको छ भन्ने आंकलन लगाउन सकिन्छ भन्ने उहाँको धारणा छ ।

## ४.४: स्थानीय तहमा देखेका वा भोगेका भ्रष्टाचारका किसिमहरु

चित्र ४.९: स्थानीय तहमा देखेका वा भोगेका भ्रष्टाचारका प्रकारसम्बन्धी उत्तरदाताको विवरण




*नोट: धेरै विकल्प भएका कारण प्रतिशत १०० भन्दा बढी हुन सक्छ ।*

अधिकांश उत्तरदाताले दिएको प्रतिक्रियाको आधारमा स्थानीय तहमा देखिने भ्रष्टाचारका किसिमहरुमध्ये काममा ढिलाई गर्ने (४२.१%), घूस लिने (३८.४%), नियम अनुसार लाग्ने खर्चभन्दा धेरै रकमको माग गर्ने (३७.४%) र राम्ररी प्रतिक्रिया नदिने (३७.४%) थिए । प्रदेशगत रुपमा हेर्ने हो भने सुदूरपश्चिम प्रदेशमा सबैभन्दा बढी काममा ढिलाई (६६.७%), घूस लिने (६६.७%) र राम्ररी प्रतिक्रिया नदिने (६६.७%) देखिन्छ ।

**तालिका नं. ४.१: प्रदेशगत रुपमा हुने गरेका र सामना गर्नुपरेका भ्रष्टाचारका प्रकार**

| भोगेका/देखेको भ्रष्टाचारको किसिमहरू | प्रदेश नं १ | प्रदेश नं २ | प्रदेश नं ३ | गण्डकी प्रदेश | प्रदेश नं ५ | कर्णाली प्रदेश | सुदूरपश्चिम प्रदेश |
|---|---|---|---|---|---|---|---|
| काममा ढिलाई (N=१२७) | ५७.८ | २७.६ | ५३.४ | २९.४ | ९०.९ | २१.४ | ६६.७ |
| घूस लिनु (N=११६) | ८.९ | ५० | ५१.१ | ४४.१ | १८.२ | १९ | ६६.७ |
| राम्ररी प्रतिक्रिया नदिनु (N=११३) | ३१.१ | ५९.२ | २२.७ | २३.५ | ० | ५२.४ | ६६.७ |
| अतिरिक्त रकमको माग गर्ने (N=११३) | २.२ | ३१.६ | ४८.९ | ४७.१ | ९.१ | ५९.५ | ५० |
| समयमा अफिस नआउनु (N=८३) | ३५.६ | १८.४ | २३.९ | २३.५ | ६३.६ | ३३.३ | ५० |
| सामजिक सम्पतिको दुरुपयोग (N=५८) | ३१.१ | २३.७ | १४.८ | ११.८ | ० | ९.५ | ८३.३ |
| गैरकानुनी रुपले सार्वजनिक | ४.४ | २१.१ | १४.८ | १७.६ | ९.१ | ३१ | ८३.३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| कोषको दुरुपयोग गर्ने (N=५६) | | | | | | | |
| अनावाश्क कागजातको माग गर्ने (N=४१) | १५.६ | १०.५ | १४.८ | २३.५ | ० | २.४ | ६६.७ |
| कर्मचारीद्वारा आफ्नो अधिकारको उचित तरिकाले प्रयोग नगर्नु (N=३६) | १५.६ | १७.१ | ११.४ | २.९ | ० | ९.५ | १६.७ |
| आफ्नो कुर्सीमा नबस्नु (N=२५) | १७.८ | ११.८ | ३.४ | ८.८ | ० | ० | ३३.३ |
| अन्य (N=१९) | ८.९ | ११.८ | ४.५ | ५.९ | ० | ० | ० |

*नोट: धेरै विकल्प भएका कारण प्रतिशत १०० भन्दा बढी हुन सक्छ।*

परिमाणात्मकमा जस्तै, गुणात्मक अन्तर्वार्तामा पनि एउटै परिणाम देख्न सकिन्छ ।

निर्वाचित जनप्रतिनिधिहरुको हकमा "अब हामी ५ वर्षको लागि सर्वेसर्वा हौं भन्ने मानसिकताको विकास भएको छ ।" **(समूह केन्द्रित छलफल, ललितपुर)**


"आफ्नो इच्छापूर्ति गर्नका लागि इन्जिनियर र कार्यालयका कर्मचारीहरु मिलेर जथाभावी सडक नक्सा पास गर्ने र उपभोक्ता समितिसँग घूस लिने गरेका छन्" । **(समूह केन्द्रित छलफल, रौतहट)**

"नातावाद र कृपावाद जस्ता भ्रष्टाचारजन्य क्रियाकलापहरु धेरै हदसम्म हाम्रो स्थानीय तहमा देख्न सकिन्छ ।" **(समूह केन्द्रित छलफल, सुर्खेत र मुगु)**

"स्थानीय तहका पदाधिकारीहरू समयमा कार्यालय नआउने, आए पनि काम पनि कामको बाहनामा घूस लिनको लागि मात्र आउने गर्छन् । यसबाट हामीलाई कठिनाई भएको महशुस हुन्छ ।" **(समूह केन्द्रित छलफल, सोलुखुम्बु)**

## ४.५: स्थानीय तहमा भ्रष्टाचार देखे वा भोगेपछि चालिएका कदमहरू

चित्र ४.१०: स्थानीय तहमा भ्रष्टाचार देखे वा भोगेपछि चालिएका कदमको आधारमा उत्तरदाताको विवरण




भ्रष्टाचार देखेका/भोगेका ३०२ उत्तरदातामध्ये, ५७.३ प्रतिशत उत्तरदाताले भ्रष्टाचारी विरुद्ध केही पनि नगरेको प्रतिक्रिया दिए भने १७.९ प्रतिशत उत्तरदाताले कार्यालय प्रमुखसँग गुनासो गरेको र १६.६ प्रतिशतले कर्मचारीले भने अनुसार मानेको वा रकम तिरेको कुरा पाइयो ।

**तालिका ४.२: पारिवारिक आम्दानीको श्रोतको आधारमा स्थानीय तहमा भ्रष्टाचार देखे वा भोगेपछि लिइएका कदमसम्बन्धी उत्तरदाताको विवरण**

| क्रियाकलाप | कृषि | उद्योग /व्यापा | जागीर (सरकारी/ | रेमिटेन्स (विदेश | श्रमिक/ | निवृति भरण / |
|---|---|---|---|---|---|---|


| | | र | निजि) | बाट पठाएको रकम) | ज्यालादारी | पेन्सन |
|---|---|---|---|---|---|---|
| मानेको/तिरेको (N=५०) | ७.१ | १९.५ | १८.४ | ३१.३ | ७.७ | ४२.९ |
| कार्यालय प्रमुखसँग गुनासो गरेको (N=५४) | २३.५ | १७.१ | १९.५ | ६.३ | ०.० | १४.३ |
| भनसुन गरेको (N=२१) | ५.९ | ७.३ | १०.३ | ०.० | ०.० | १४.३ |
| झगडा गरेको (N=२५) | १०.६ | ७.३ | १०.३ | ०.० | ०.० | १४.३ |
| केही पनि नगरेको (N=१७३) | ६२.४ | ५४.९ | ४७.१ | ६८.८ | ९२.३ | ४२.९ |
| अन्य (N=६) | २.४ | २.४ | २.३ | ०.० | ०.० | ०.० |

पारिवारिक आयश्रोत र माथि उल्लेखित क्रियाकलापबीच तुलना गर्दा, पेन्सनको भरमा परिवार चलाउने अधिकांश उत्तरदाता (४२.९%) ले मानेको वा रकम तिरेको भन्ने देखिन्छ भने रेमिटेन्स आयश्रोत हुने लगभग एक-तिहाई उत्तरदाता (३१.३%) ले पनि सोही किसिमको प्रतिक्रिया दिएको पाइयो । श्रमिक/ज्यालादारी गरेर जीविका चलाउने

उत्तरदाताको ठूलो हिस्सा (९२.३%) बाट केही पनि नगरेको भन्ने प्रतिक्रिया आएको पाइयो ।

## ४.६: उत्तरदाताको विचारमा स्थानीय तहमा भ्रष्टाचारको अवस्था

चित्र ४.११: स्थानीय तहमा भ्रष्टाचारको अवस्थाबारे उत्तरदाताको विवरण




कुल अध्ययन जनसंख्यामध्ये ५५.३ प्रतिशत उत्तरदाताले स्थानीय तहमा भ्रष्टाचार विद्यमान रहेको जसमा २७.३ प्रतिशत उत्तरदाताको बुझाई अनुसार स्थानीय तहको चुनावपछि भ्रष्टाचार पहिलेको तुलनामा बढेको देखियो भने २८ प्रतिशत उत्तरदाताका अनुसार भ्रष्टाचारको स्थिति उस्तै रहेको पाइयो । त्यस्तै २० प्रतिशत उत्तरदाताले भ्रष्टाचारको स्थितीबारे आफूलाई थाहा नभएको जनाए ।

यस सिलसिलामा गण्डकी प्रदेशका ४०.९ प्रतिशत र कर्णाली प्रदेशका ३४.७ प्रतिशत उत्तरदाताले भ्रष्टाचारको स्थिति जस्ताको

त्यस्तै छ, खासै परिवर्तन आएको छैन भन्ने धारणा व्यक्त गरेका थिए । त्यसैगरी सुदूरपश्चिम प्रदेशका ३७.६ प्रतिशत र प्रदेश नं. ५ का ३६.८ प्रतिशत उत्तरदाताले भ्रष्टाचार बढेको छ भन्ने प्रतिक्रिया दिए भने प्रदेश नं. २ का ३७.७ प्रतिशत उत्तरदाताले स्थानीय तह निर्माण भएपछि भ्रष्टाचार घटेको छ भन्ने विचार व्यक्त गरेको पाइयो ।

**तालिका ४.३: उत्तरदाताको विचारमा स्थानीय तहमा भ्रष्टाचारको स्थिति (प्रदेश अनुसार):**


| प्रदेशहरू | जस्ताको त्यस्तै **(N =८३९)** | बढेको **(N =८१८)** | भ्रष्टाचार विधमान रहेको (N=१६५७) | घटेको **(N =७४४)** | थाहा भएन **(N =५९९)** |
|---|---|---|---|---|---|
| प्रदेश नं १ | २९.८ | १३.९ | ४३.७ | १५.६ | ४०.७ |
| प्रदेश नं २ | १९.१ | ३०.५ | ४९.६ | ३७.७ | १२. |
| प्रदेश नं ३ | ९.१ | २२.० | ३१.१ | २०.६ | २८.२ |
| गण्डकी प्रदेश | ४०. | २४.८ | ६५.७ | ३१.५ | २.८ |
| प्रदेश नं ५ | २५.४ | ३६.८ | ६२.२ | १८.४ | १९.५ |
| कर्णाली | ३४.७ | ३३.७ | ६८.४ | २०.५ | ११.१ |

| | | | | | |
|---|---|---|---|---|---|
| प्रदेश | | | | | |
| सुदूरपश्चिम प्रदेश | ७.८ | ३७.६ | ६५.४ | ३१.४ | ३.१ |

*नोटः धेरै विकल्प भएका कारण प्रतिशत १०० भन्दा बढी हुन सक्छ ।*

## **४.७ स्थानीय तहमा भ्रष्टाचार बढेको सम्बन्धी जानकारीका स्रोत**

चित्र ४.१२ : स्थानीय तहमा भ्रष्टाचार बढेको सम्बन्धी जानकारीको स्रोतको आधारमा उत्तरदाताको विवरण





*नोटः धेरै विकल्प भएका कारण प्रतिशत १०० भन्दा बढी हुन सक्छ।*

सर्वेक्षणमा सहभागी उत्तरदाताहरुमध्ये अधिकांशलाई स्थानीय तहमा भ्रष्टाचार वृद्धि भएको स्थितिबारे सामाजिक संजाल (५७.८%), पत्रपत्रिका (५६.७%) र विद्युतीय सञ्चार माध्यम (५३.३%) मार्फत् जानकारी भएको अध्ययनले देखाएको छ ।

## ४.८ स्थानीय तहमा भ्रष्टाचार बढ्नुका कारकहरू

चित्र ४.१३: स्थानीय तहमा भ्रष्टाचार बढ्नुका कारक तत्वको आधारमा उत्तरदाताको विवरण




*नोटः धेरै विकल्प भएका कारण प्रतिशत १०० भन्दा बढी हुन सक्छ।*


स्थानीय तहमा भ्रष्टाचार बढ्नुका प्रमुख कारणहरूमध्ये भ्रष्टचारीलाई सजाय नभएर (७१.५%), राजनीतिक संरक्षण भएर (३७.२%), चुनावमा धेरै खर्च लाग्ने गरेकोले (३६.८%), नियम विपरीत निर्णय

हुने गरेकाले (३३.९%) र कम आयश्रोत र उच्च बजारभाउ बढ्नाले (३३.५%) आदि हुन् भन्ने कुरा सर्वेक्षणबाट जानकारीमा आयो ।

सामूहिक छलफलका सहभागीहरुका अनुसार स्थानीय तहमा भ्रष्टाचार बढ्नुको विविध कारणमध्ये नातावाद/कृपावाद, भ्रष्टचारीलाई सजाय नहुने, उपभोक्ता समितिको जवाफदेहिता नहुने र आफ्नो वडा अध्यक्ष वा सदस्यलाई खुसी पार्नुपर्ने स्थितिका कारण नै भ्रष्टाचारमा वृद्धि भएको भन्ने पाइयो । यस्तै स्थानीय तहमा संचालन हुने आयोजनाको बजेट के कति हो, सो सम्बन्धी जानकारी पनि नदिने, माथिल्लो तहबाट अर्थात् अ.दु.अ.आ. र प्रदेश सरकारबाट यथोचित अनुगमन पनि नहुने हुनाले नै स्थानीय तहमा भ्रष्टाचार मौलाएको कुरा सहभागीहरुले जनाएका थिए । **(समूह केन्द्रित छलफल, सबै जिल्ला)**

## ४.९: स्थानीय तहमा भ्रष्टाचार कम गर्ने तत्वहरु

चित्र ४.१४: स्थानीय तहमा भ्रष्टाचार कम गर्ने तत्वहरुको आधारमा उत्तरदाताको विवरण




*नोट: धेरै विकल्प भएका कारण प्रतिशत १०० भन्दा बढी हुन सक्छ।*


सर्वेक्षण अनुसार स्थानीय तहमा हुने विकास निर्माणका हरेक क्रियाकलापमा समुदायका मानिसको सक्रिय सहभागिता (४६.१%), पत्रपत्रिका/विद्युतीय सञ्चारको

स्थानीय तहको चुनाव भएपछी भ्रष्टाचार घट्नुका साथै जनचेतना बढेको छ । "आफ्नो लागि काम गरौं" भन्ने धारणाको विकास जनप्रतिनिधिमा भएको छ । अहिले भन्नुपर्दा जनप्रतिनिधिहरु जनताको काममा उत्तरदायी भएकाले भ्रष्टाचारमा कमी आएको छ । अहिले केही गलत काम गरेमा आउँदो निर्वाचनमा जनताले हराउनेछन् भन्ने त्रास जनप्रतिनिधिहरुमा जागेको छ । आफू जनताको काम र विकासका लागि चुनिएका हौं भन्ने सोच जागृत भएको कारण भ्रष्टाचारमा कमी आएको छ । **(प्रमुख जानकारसँग अन्तरवार्ता: सर्लाही, गुल्मी, बझांग र सुर्खेत)**

भूमिका (४३%) र स्थानीय निर्वाचित पदाधिकारीको प्रभावकारी भूमिका (३९.९%) हुनु नै स्थानीय तहमा भ्रष्टाचार कम गर्ने पक्ष हुन् भन्ने जनधारणा रहेको पाइयो । त्यसैगरी सामाजिक संजालको भूमिका (३५.१%), सुशासन र नैतिकताको विकास (२९.७%) र अ.दु.अ.आ. को प्रभावकारी भूमिकामा वृद्धि (२८.२%) भएमा स्थानीय तहमा हुने भ्रष्टाचारलाई थप न्यूनीकरण गर्न सकिने कुरा सर्वेक्षणले देखाएको छ।

## ४.१० स्थानीय तहको सेवाप्रति उत्तरदाताको सन्तुष्टिको स्तर

चित्र ४.१५: स्थानीय तहको सेवाप्रति उत्तरदाताको सन्तुष्टि




सर्वेक्षण अनुसार, धेरैजसो अर्थात् ६७.३ प्रतिशत उत्तरदाता स्थानीय तहबाट पाउने सेवाबाट सन्तुष्ट देखिए भने ११.२ प्रतिशत उत्तरदाता मात्र स्थानीय तहबाट प्रदान गरिने सेवाप्रति असन्तुष्ट भएको पाइयो ।

यसैगरी २१.५ प्रतिशत उत्तरदाता स्थानीय तहबाट प्राप्त हुने सेवाप्रति तटस्थ रहेको देखियो ।

यसलाई प्रदेशगत रुपमा हेर्दा प्रदेश ५ का ७२.८ प्रतिशत उत्तरदाता स्थानीय तहबाट प्राप्त हुने सेवाबाट सन्तुष्ट देखिए । त्यस्तै प्रदेश १ का धेरैजसो ५५.५ प्रतिशत उत्तरदाता स्थानीय तहबाट पाउने सेवाको सन्दर्भमा तटस्थ रहेको पाइयो । (तालिका ४.४)

**तालिका ४.४: प्रदेश अनुसार स्थानीय तहबाट पाउने सेवाप्रति उत्तरदाताको सन्तुष्टिको स्तरको आधारमा विवरण**

| प्रदेश | सन्तुष्ट (N=२०२१) | तटस्थ (N=६४५) | असन्तुष्ट (N=३४४) |
|---|---|---|---|
| प्रदेश नं १ | ४१ | ५५.५ | ३.५ |
| प्रदेश नं २ | ७४ | १०.९ | ५.१ |
| प्रदेश नं ३ | ६५.१ | २३.७ | १०.८ |
| गण्डकी प्रदेश | ७३.२ | १६.९ | ९.८ |
| प्रदेश नं ५ | ८२.५ | १३.८ | ३.७ |
| कर्णाली प्रदेश | २२.६ | ८.४ | ६८.९ |
| सुदूरपश्चिम प्रदेश | ७३.८ | २०.० | ६.३ |
| **जम्मा** | **६७.४** | **२१.५** | **११.२** |

तालिका ४.५: गाउँपालिका र नगरपालिकाको सेवाप्रति सन्तुष्ट उत्तरदाताको विवरण

| | गाउँपालिका (N=६८०) | नगरपालिका (N=२३२०) | $\chi^2$ | डिग्री अफ फ्रिडम | पि-भ्यालु (P-Value) |
|---|---|---|---|---|---|
| | | | $\chi^2$ =36.735 | df=4 | 0.000 |
| सन्तुष्ट | ६१.६ | ६९ | | | |
| तटस्थ | २५.७ | २०.३ | | | |
| असन्तुष्ट | १२.७ | १०.७ | | | |

सर्वेक्षणले गाउँपालिकाको (६१.६%) उत्तरदाता भन्दा बढी नगरपालिकाको (६९%) उत्तरदाता स्थानीय तहको सेवासँग सन्तुष्ट रहेको देखाउँछ ।

काई स्क्वायर टेस्ट (Chi-Square Test) गर्दा नगरपालिका र उत्तरदाताको सन्तुष्टिबीचको सम्बन्ध पनि सिग्निफिकेन्ट (Significant) रहेको पाइयो ।


**स्थानीय तहको कामकाजप्रति सन्तुष्ट**

धुलिखेल नगरपालिका वडा नं. १२ मा बस्ने बुद्धिप्रसाद (६३) अवकास प्राप्त एक राष्ट्र सेवक कर्मचारी हुन् । उहाँको परिवारको मुख्य पेसा कृषि हो । शैक्षिक हिसाबले हेर्दा उहाँले १० कक्षासम्म अध्ययन गर्नुभएको छ । उहाँको घरदेखि वडा कार्यालय आउन जान लगभग ४५ मिनेट समय लाग्छ । उहाँले वडा कार्यालय धाउनुको

मुख्य कारण जग्गासम्बन्धी निवेदन फारम लिनु थियो । उहाँलाई वडा कार्यालयको कर्मचारीले चाहिने कागजातहरु जस्तै नागरिकताको प्रतिलिपि, फोटो र लालपुर्जाको प्रतिलिपि आदि माग्नुभयो । मागे अनुरुपका सबै कागजपत्र वडा कार्यालयमा बुझाएपछि उहाँलाई सचिवको कार्यकक्षमा पठाइयो । कामको लागि चाहिने आवश्यक रकम लिई वडा सचिवले सिफारिस पत्र तत्काल दिनुभयो । उक्त सिफारिस पत्र लिएर बुद्धिप्रसादले धुलिखेल नगरपालिकामा बुझाउनु पर्ने थियो । यो काम पुरा गर्न जम्माजम्मी २५ मिनेट समय लागेको थियो । सेवा लिंदा कुनै पनि किसिमको असुविधा भोग्नु नपरेकोले उहाँ आफ्नो स्थानीय तहबाट पाउने सेवाबाट पूर्णरुपले सन्तुष्ट देखिनुहुन्छ ।


## ४.११: स्थानीय तहमा हुने भ्रष्टाचारको बारेमा आएका गुनासो

चित्र ४.१६ : स्थानीय तहमा हुने भ्रष्टाचारको बारेमा आएका उजुरीको आधारमा उत्तरदाताको विवरण



स्थानीय तहमा हुने गरेका भ्रष्टाचारका उजुरीहरु सम्बन्धित तह समक्ष ५.५ प्रतिशत मात्र आउने गरेको देखिन्छ भने ९४.५ प्रतिशत भ्रष्टाचारका उजुरीहरु सम्बन्धित निकाय समक्ष नआउने देखिन्छ । प्रदेश अनुसार हेर्दा भ्रष्टाचारसम्बन्धी धेरै उजुरी अन्य प्रदेशको तुलनामा कर्णाली प्रदेशमा सबैभन्दा बढी अर्थात् ३५.८ प्रतिशत आउने गरेको देखिन्छ । (चित्र ४.१७)

**चित्र ४.१७: स्थानीय तहमा  हुने भ्रष्टाचारको बारेमा गरेको उजुरीको आधारमा उत्तरदाताको विवरण (प्रदेश अनुसार)**




**स्थानीय सरकारप्रतिको आशा**

अन्नपूर्ण गाउँपालिका अन्तर्गत वडा नं. २ बस्ने ६८ वर्षीय लक्ष्मण देवकोटा एक समाजसेवी व्यक्तित्व हुनुहुन्छ । उहाँको परिवारमा

जम्मा ८ जना सदस्य छन् । पेसाको हिसाबले उहाँ किसान हो भने शिक्षा आर्जनका हिसाबले एस.एल.सी तहसम्म पढ्नुभएको छ। सरकारी कार्यालयमा समेत काम गरेको अनुभव उहाँमा छ । त्यहीक्रममा भोगेको र देखेको आधारमा उहाँले कार्यालयमा भ्रष्टाचार कसरी हुन्छ भन्ने कुराको अनुभव बताउदै भन्नुहुन्छ, "पहिले र अहिलेको परिवेश धेरै भिन्न छ ।"

अहिलेको स्थिति त्यतिबेलाको भन्दा राम्रो छ । पहिले त सानो-सानो कामका लागि पनि टाढाको कार्यालय धाइरहनुपर्थ्यो। तर अहिले त्यस्तो दिक्दार लाग्दो स्थिति छैन । साना-साना कामका लागि काठमाडौं वा केन्द्रीय कार्यालय धाइरहनु पर्दैन, जसले गर्दा समय र पैसाको पनि बचत भएको छ । धेरै कामहरु सहज रुपमा स्थानीय तहमै हुने गरेका छन् ।

स्थानीय चुनावपछि धेरै कुरामा परिवर्तन आएको छ । स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरुले जिम्मेवारी र दायित्वबोध गरी तिरो तिर्ने काम, पंजीकरण दर्ता, विवाह दर्ता, जन्म दर्ता, मृत्यु दर्ता जस्ता जनताको जीवनसँग जोडिएका थुप्रै काम स्थानीय तहमै सम्पन्न गर्ने गरेका छन् । एक किसिमले सरकार गाउँमै भएजस्तो अनुभूति जनताले गरेका छन्। यो अत्यन्त राम्रो पक्ष हो । यति हुँदाहुदै पनि नयाँ व्यवस्था, नयाँ कानुन र नयाँ परिपाटी भएका कारण स्थानीय मानिसमा केही असहजता पक्कै छ। यो स्थिति पनि केही समयपछि मिल्दै जान्छ होला। व्यवस्था र कानून नयाँ भएकाले स्थानीय तहमा

लागु गर्न सरकारलाई केही कठिनाई पनि अवश्य होला । जिम्मेवार तह र व्यक्तिका काम र कर्तव्यहरु स्पष्ट रुपमा परिभाषित नहुँदा भ्रष्टाचारजस्ता काममा बढोत्तरी आएको पक्कै छ । त्यस्तै नातावाद, कृपावाद र कर्मचारीको मनपरीतन्त्रमा पनि वृद्धि भएको छ । सरकारी बजेटको पनि दुरुपयोग भइरहेको अवस्था छ । पहिलेको व्यवस्थामा घूस सिधै लिने गरिन्थ्यो भने अहिले पनि त्यसमा खासै कमी आएको पाइँदैन । केही हदसम्म भ्रष्टाचारको रुप र मात्रामा फरक पक्कै आएको छ । तापनि शासक र प्रशासकहरुको आचरणमा जबसम्म परिवर्तन आउँदैन तबसम्म भ्रष्टाचारको अन्त्य हुने छाँट देखिँदैन ।

## ४.१२: प्रदेश अनुसार स्थानीय तहमा हुने भ्रष्टाचारको बारेमा उजुरी गर्ने स्थानहरु

तालिका ४.६: स्थानीय तहमा हुने भ्रष्टाचारको बारेमा उजुरी गर्ने स्थानहरुको विवरण (प्रदेशको अनुसार)

| उजुरी दिएको ठाउँ | प्रदेश नं. १ (N=१३) | प्रदेश नं.२ (N=२६) | प्रदेश नं ३ (N=३४) | गण्डकी प्रदेश (N=१७) | प्रदेश नं ५ (N=१) | कर्णाली प्रदेश (N=६८) | सुदूरपश्चिम प्रदेश (N=७) |
|---|---|---|---|---|---|---|---|
| कार्यालय प्रमुख(N= | ८४.६ | ७३.१ | ५२.९ | ७०.६ | ० | ४२.६ | ८५.७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९५) | | | | | | | |
| प्रहरी कार्यालय (N=१२) | ७.७ | ३.८ | ११.८ | ० | ० | ७.४ | १४.३ |
| अदालत( N=६) | ७.७ | ० | ८.८ | ५.९ | ० | ० | १४.३ |
| प्रमुख जिल्ला अधिकृत (N=२४) | ७.७ | ३८.५ | ८.८ | १७.६ | ० | ८.८ | १४.३ |
| अ.दु.अ. आ. (N=२६) | ० | ७.७ | २६.५ | ५.९ | १०० | १७.६ | १४.३ |
| राष्ट्रिय सतर्कता केन्द्र (N=५) | ० | ० | ११.८ | ० | ० | १.५ | ० |
| हेलो सरकार (N=७) | ० | ७.७ | ५.९ | ० | ० | २.९ | १४.३ |
| सञ्चार माध्यम (N=३०) | १५.४ | ७.७ | ११.८ | ५.९ | ० | २६.५ | ४२.९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| अन्य (N=१४) | ० | २६.९ | १७.६ | ० | ० | १.५ | ० |

अध्ययन अनुसार भ्रष्टाचारको धेरै उजुरीहरु सिधै कार्यालय प्रमुख समक्ष (संख्या=९५) हुने गरेको पाइयो भने प्रदेशगत हिसाबमा यस्ता उजुरीहरु सबैभन्दा धेरै सुदूरपश्चिम प्रदेशमा ८५.७ प्रतिशत र प्रदेश नं १ मा ८४.६ प्रतिशत हुने गरेको देखिन्छ । यसैगरी, भ्रष्टाचारसम्बन्धी जानकारी दिने अर्को क्षेत्र सञ्चार माध्यम (सं=३०) रहेको पाइयो ।

**उपभोक्ता मार्फत भ्रष्टाचार**


सुर्खेत जिल्लाको बराहताल गाउँपालिका वडा नं. ५ निवासी शान्ति पेसागत रुपमा एक कृषक हुन् । उनको परिवारमा जम्मा तीनजना सदस्य छन् । आर्थिक अवस्था कमजोर भएकोले गर्दा उनी शिक्षाबाट बन्चित हुनुपर्‍यो ।

चुनाव अघि स्थानीय तहमा सीमित मात्रामा अधिकार थिए तर अहिले धेरैजसो काम स्थानीय तह मै हुने भएकोले स्थानीय तह बलिया भएका छन् । विकास निर्माणका काममा स्थानीय र उपभोक्ताहरुको सहभागीता हुने भएकोले सेवा लिने र दिने सन्दर्भमा सहजता आएता पनि विकास निर्माणका काम गर्दा उपभोक्ता समूह मार्फत अनियमितता हुने गरेको छ र यसका साथसाथै हेभी मेशिनहरु (डोजर, एक्साभेटर, रोलर आदी) प्रयोग गरेर वातावरण विनास तथा स्थानीय रोजगार गुमेको छ ।

संघीय व्यवस्थाको मर्म अनुसार सबै जनता लाभान्वित हुनुपर्नेमा सीमित पहुँचवाला मानिस बढी लाभान्वित हुँदै गएका छन् । यो स्थितिलाई देख्दा दुःख लाग्छ । योजनाहरु पनि राजनीतिक आग्रह र पूर्वाग्रहका आधारमा बनाउने गरेका छन् । घूस लिने र दिने काम तलदेखि माथिसम्म भैरहेको छ । विगत ५ वर्षदेखि लगातार बाटोको नाममा यहाँ भ्रष्टाचार भैरहेको छ । त्यसको विरुद्ध शान्तिले वीरेन्द्रनगरस्थित अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयमा उजुरी दर्ता समेत गरेको रहेछ । त्यसको सुनुवाई बारे जानकारी चाहि नभएको रहेछ । शान्तिको अनुसार स्थानीय तहमा विकास निर्माणका कार्य विगतको तुलनामा जे जसरी बढ्दै गएका छन् भ्रष्टाचार पनि सोही अनुपातमा बढ्दै गएको छ । स्थानीय तहमा नीतिगत भ्रष्टाचारले प्रशय पाएको छ । राजनीतिक संरक्षणका आधारमा उपभोक्ता समूह गठन गरी भ्रष्टाचार तथा अनियमितता गर्ने गरेको अवस्था रहेको छ । उपभोक्ता समूहले गर्ने काम विधिसम्वत् पारदर्शी हुनुपर्छ । स्थानीय तहको नीति निर्माण गर्दा जननिर्वाचित प्रतिनिधिहरुले विज्ञहरुको सहारा लिनुपर्छ भन्ने उहाँको भनाई रहेको छ ।

## ४.१२: आधिकारिक व्यक्ति समक्ष आएका उजुरीको स्थिति


चित्र ४.१८: आधिकारिक व्यक्ति समक्ष आएका उजुरीसम्बन्धी उत्तरदाताको प्रतिक्रिया




धेरैजसो अर्थात् ७०.५ प्रतिशत उत्तरदाताले भ्रष्टाचारसम्बन्धी गरिएको उजुरी प्रति जिम्मेवार व्यक्तिबाट कुनै प्रतिक्रिया नआएको जनाए भने एक-तिहाई अर्थात् २९.५ प्रतिशत उत्तरदाताले प्रतिक्रिया पाएको सर्वेक्षणबाट देखिन्छ ।

## ४.१३: उजुरी सम्बोधन गर्न लागेको समय

चित्र ४.१९: उजुरी सम्बोधन गर्न लागेको समयको आधारमा उत्तरदाताको विवरण




दर्ता भएका उजुरी (सं=४९) मध्ये, ३४.७ प्रतिशत उत्तरदाताले उजुरी गर्ने बित्तिकै जतिसक्दो चाँडो प्रतिक्रिया पाएको दाबी गरेका छन् भने २८.६ प्रतिशत उत्तरदाताले एक हप्ताभित्र र एक चौथाई अर्थात् २४.५ प्रतिशत उजुरीकर्ताले १५ दिनभित्र प्रतिक्रिया पाएको जिकिर गरेका छन् ।


# अध्याय ५: स्थानीय तहप्रति सर्वसाधारणको सन्तुष्टि

"Integrity, transparency and the fight against corruption have to be part of the culture. They have to be taught as fundamental values". - Angel Gurría, OECD secretary general.

यस खण्डमा स्थानीय तहको भूमिका र उपयोगिता बारे सेवाग्राहीको सन्तुष्टिको स्तरबारे वर्णन गर्ने काम भएको छ । यसमा विशेषगरी उत्तरदाताले स्थानीय तहबाट प्रदान गरिने सेवाप्रति सेवाग्राहीको सन्तुष्टि र अ.दु.अ.आ. को भूमिकालाई पनि समेट्ने काम भएको छ।


## ५.१ स्थानीय तहबाट पाउने सेवाको उपयोगिता

चित्र ५.१: स्थानीय तहबाट प्रदान गरिने सेवाको उपयोगिताबारे उत्तरदाताको विवरण




अध्ययन अनुसार लगभग सबै अर्थात् ९७.२ प्रतिशत उत्तरदाताले स्थानीय तहबाट सेवा प्राप्त गरेको देखिन्छ भने २.८ प्रतिशतले मात्र कुनै सेवा उपयोग नगरेको पाइयो ।

चित्र ५.२ : स्थानीय तहबाट प्रदान गरिने सेवा उपयोगिताको प्रकारको आधारमा उत्तरदाताको विवरण




*नोट :धेरै विकल्प भएका कारण प्रतिशत १०० भन्दा बढी हुन सक्छ।*

सहभागी उत्तरदातालाई पुनः स्थानीय सेवाको उपयोग र किसिमका बारेमा सोध्ने क्रममा ४०.६ प्रतिशत उत्तरदाताले सिफारिस पत्र लिएको, ३८.३ प्रतिशतले स्थानीय करको सुविधा पाएको जनाए । त्यसैगरी, २८.७ प्रतिशत उत्तरदाताले नागरिकता सम्बन्धी सिफारिस पत्र लिएको र २७.९ प्रतिशतले पंजीकरण दर्तासम्बन्धी सेवा लिएको पाइयो । त्यस्तै ८.५ प्रतिशतले सामाजिक सुरक्षा भत्ता पाएको र ६.२ प्रतिशतले अरु प्रकारका सेवा सुविधा प्राप्त गरेको पाइयो । समग्रमा यस अध्ययनले संघीयता कार्यान्वयनपछि स्थानीय तहबाट पाउने सेवाको उपयोगिता बढेको छ भन्ने देखाउँछ ।

यसका अतिरिक्त नेपालका सातवटा प्रदेशबीच तुलना गर्दा प्रदेश नं. २ मा आधाभन्दा बढी अर्थात् ५२ प्रतिशत उत्तरदाताले स्थानीय सेवाको नाममा सिफारिस पत्र प्राप्त गरेको देखिन्छ भने सुदूरपश्चिम प्रदेशका १६.२ प्रतिशत जनताले थोरै मात्रामा यो सेवा उपयोग गरेको भेटियो । स्थानीय कर सेवाको सन्दर्भमा, गण्डकी प्रदेशका धेरै उत्तरदाता अर्थात् ७१.३ प्रतिशतले यो सेवा धेरै लिएको देखियो भने प्रदेश नं. २ मा चाहि कम अर्थात् ९.९ प्रतिशत मात्र लिएको पाइयो । पंजीकरण दर्ता गर्ने सेवाको सन्दर्भमा प्रदेश नं. २ मा ५०.७ प्रतिशतले र प्रदेश नं. ५ का १५.४ प्रतिशत उत्तरदाताले मात्र यो सेवा प्राप्त गरेको पाइयो ।

भवन नक्सा स्वीकृति सन्दर्भमा, प्रदेश नं. ५ मा सबैभन्दा बढी एक-चौथाई अर्थात् २४.४ प्रतिशत उत्तरदाताले र प्रदेश नं. २ मा सबैभन्दा कम अर्थात् १.८ प्रतिशत उत्तरदाताले यो सेवा प्राप्त गरेको भेटियो । त्यसैगरी, सामाजिक सुरक्षा भत्तासम्बन्धी सेवा कर्णाली प्रदेशमा लगभग एक-तिहाई अर्थात ३०.३ प्रतिशत उत्तरदाताले र प्रदेश नं. ५ मा २.९ प्रतिशत उत्तरदाताले यो सेवा प्राप्त गरेको पाइयो ।

तालिका ५.१: प्रदेशगत रुपमा स्थानीय तहको सेवा उपयोगको आधारमा उत्तरदाताको विवरण

| **स्थानीय तहबाट प्राप्त हुने सेवाको उपयोग** | प्रदेश न १ (N =३३९) | प्रदेश न २(N =५५६) | प्रदेश न ३(N =९१३) | गण्डकी प्रदेश(N =२५४) | प्रदेश न ५(N =४५५) | कर्णाली प्रदेश (N =१८८) | सुदूरपश्चिम प्रदेश (N =२१०) |
|---|---|---|---|---|---|---|---|
| सिफारिस पत्र (N=११८३) | ३९.२ | ५२.० | ४५.० | २६.४ | ३४.७ | ४९.५ | १६.२ |
| स्थानीय कर (N =१११५) | २७.४ | ९.९ | ५९.० | ७१.३ | २९.२ | १७.६ | ४१.० |
| नागरिकता सिफारिस पत्र (N =८३७) | २०.९ | ३१.१ | ३४.० | ४२.९ | १२.३ | २३.९ | ३५.७ |
| पंजीकरण दर्ता (N =८१२) | ५०.७ | १७.४ | २१.० | ४२.१ | १५.४ | ४५.७ | ४३.३ |
| भवन तथा नक्साको स्वीकृति (N =४९७) | १६.५ | १.८ | २३.० | १७.३ | २४.४ | १४.९ | १६.२ |
| सामाजिक सुरक्षा भत्ता (N =२४९) | ५.६ | ५.२ | ६.० | १३.० | २.९ | ३०.३ | २०.० |
| अन्य (N =१८२) | १.५ | ९.२ | ७.० | ३.९ | ४.८ | ३.२ | ११.० |

विभिन्न प्रदेशका सहभागीहरुले स्थानीय तह (वडा) बाट समय-समयमा स्थानीय कर, पंजीकरण दर्ता, सामाजिक सुरक्षा भत्ता, नागरिकताको लागि सिफारिस पत्र लगायत अन्य आवश्यक सिफारिस पत्र जस्तैः घर, पुल निर्माण, खानेपानीको लाइन, ढल व्यवस्था, मठमन्दिर निर्माण, कम आय भएको प्रमाण-पत्र, स्वास्थ सेवा र शैक्षिक प्रयोजनसम्बन्धी सिफारिस पत्रहरु प्राप्त गर्ने गरेको जनाएका छन्। **(समूह केन्द्रित छलफल र प्रमुख जानकारसँगको अन्तर्वार्ताका सहभागीहरू)**


**स्थानीय तहप्रति आशा**

गुल्मी दरबार गाउँपालिका वडा नं ३ मा बसोबास गर्ने ३३ बर्षीय शंकर (नाम परिवर्तन) पेसाले एक सिकर्मी हुन् । उनले सिकर्मीको काम धेरै वर्ष अगाडीदेखि सुरु गरेका थिए । उनलाई खुट्टा दुख्ने रोगले सताएको लगभग दुई वर्ष भयो । यसले गर्दा उनी राम्रोसँग हिंडडुल गर्न पनि सक्दैनन्। खुट्टाको अप्रेसन गर्नुपर्ने सल्लाह दिंदै डाक्टरले उक्त अप्रेसनको लागि लगभग दुई लाख सम्म खर्च लाग्ने कुरा भनेका थिए । तर उनी त्यति ठूलो रकम खर्च गर्ने अवस्थाका थिएनन् । यसैक्रममा डाक्टरले शंकरलाई आफ्नो गाउँपालिकाको सिफारिस लिएर आउनु भन्ने  सल्लाह दिएका थिए। यसै सिलसिलामा शंकर गाउँ फर्किनु भयो र २०१९, ३ मे का दिन गाउँपालिकाको कार्यालयमा सहायक प्रमुखलाई भेटेर आफ्नो सबै समस्या सुनाएपछि

उहाँले शंकरलाई सजिलै सिफारिस पत्र उपलब्ध गराउनुभयो। त्यसपछि शंकरले उक्त सिफारिस पत्रको आधारमा आफ्नो खुट्टाको उपचार गर्न सफल भए । अन्तमा, उनले आफूजस्तै अन्य दु:ख र समस्यामा परेका मानिसलाई सरकारलाई यसैगरी सहयोग गरिदिन आग्रह गरे ।

## ५.२: कामका चरण


चित्र ५.३: कामको विभिन्न चरणको आधारमा उत्तरदाताको विवरण




सर्वेक्षण अनुसार, ६१.४ प्रतिशत उत्तरदाताले आफूले चाहेको काम सम्पन भएको जनाए भने एक-चौथाई अर्थात् २४.२ प्रतिशत उत्तरदाताले काम हुँदै गरेको जिकिर गरेका छन् । त्यसैगरी १०.७ प्रतिशत उत्तरदाताले काम गरिदिनका लागि निवेदन मात्र दिएको अध्ययनले जनाएको छ भने ३.५ प्रतिशत उत्तरदाताको काम अड्किएको अर्थात् पेन्डिंगमा राखिएको देखिन्छ ।

## ५.३: काम सम्पन्न गर्ने विधि

चित्र ५.४: काम सम्पन्न गर्ने विधिको आधारमा उत्तरदाताको विवरण





*नोटः धेरै विकल्प भएका कारण प्रतिशत १०० भन्दा बढी हुन सक्छ।*

आफ्नो काम पूरा गर्नका लागि सर्वेक्षणमा संलग्न लगभग सबै अर्थात् ९७.९ प्रतिशत उत्तरदाताले आवश्यक कागजपत्र मिलाएर नै काम सम्पन्न गरेको देखिन्छ । काम सम्पन्न गर्ने तरिकामा भने भिन्नता देखिन्छ । यस आधारमा ८.८ प्रतिशत उत्तरदाताले कर्मचारीसँग चिनजानको आधारमा, २.२ प्रतिशतले कसैको सिफारिस लिएर गएको आधारमा, १.४ प्रतिशत उत्तरदाताले नेताको भनसुनबाट र ०.६ प्रतिशत उत्तरदाताले मात्र मध्यस्थकर्ता मार्फत् काम सम्पन्न गरेको कुरा खुलाए । उल्लेखित तथ्यांकले प्राय सबै उत्तरदाताले आफ्नो काम सम्पन्न गर्न आवश्यक कागजपत्र मिलाएर गर्ने गरेको देखियो ।

## ५.४: काम सम्पन्न गर्न कर्मचारीले अतिरिक्त पैसा मागेको/नमागेको


चित्र ५.५: कर्मचारीहरूले काम सम्पन्न गर्न अतिरिक्त पैसा मागेको/नमागेको सम्बन्धी उत्तरदाताको विवरण




कर्मचारीले काम सम्पन्न गर्न अतिरिक्त पैसा माग्छन् कि माग्दैनन् भन्ने प्रश्नको उत्तरमा लगभग सबैजसो अर्थात् ९८.१ प्रतिशत उत्तरदाताले स्थानीय तहका कर्मचारीले अतिरिक्त पैसा माग्दैनन् भन्ने प्रतिक्रिया दिए भने १.९ प्रतिशत उत्तरदाताले मात्र स्थानीय तहका कर्मचारीले अतिरिक्त पैसा माग्ने गरेको जनाए ।

## ५.५: आफ्नो काम सम्पन्न गर्न थप पैसा तिरेको

चित्र ५.६: आफ्नो काम सम्पन्न गर्न कर्मचारीले घूस लिएको आधारमा उत्तरदाताको विवरण




सर्वेक्षणमा सहभागी उत्तरदातालाई तपाईंले आफ्नो काम सम्पन्न गर्न थप पैसा तिर्नु भएको छ कि छैन भन्ने प्रश्न गर्दा लगभग सबै अर्थात् ९९.३ प्रतिशतले नदिएको जनाए भने ०.७ प्रतिशत उत्तरदाताले मात्र आफ्नो काम समयमै सक्न थप पैसा दिएको खुलाएका छन् ।

> "सरकारले तोकेको तलब आफ्नो र आफ्ना परिवारका लागि अपुग भएको कारण सरकारी कर्मचारीले घूस माग्ने गर्छन् ।" - **समूह केन्द्रीत छलफल, रौतहट**

**झन्झटिलो सरकारी कामकाजः भ्रष्टाचारलाई प्रेरीत गर्ने एक प्रमुख तत्व**


४० वर्षीय बलबहादुर परियार (नाम परिवर्तन) म्याग्दी जिल्लाको रघुगंगा गाउँपालिका निवासी हुन् । उनको संयुक्त परिवारमा ८ जना सदस्य छन् । उनको परिवारको मूल आयश्रोत व्यवसाय हो ।

परियारले एस.एल.सी. सम्मको शिक्षा हासिल पनि गरेका छन् र आफ्नो पेशा-व्यवसायबाट सन्तुष्ट देखिन्छन् । साधारण तर इमान्दार बलबहादुर सरकारको काम कारबाहीप्रति भने असन्तुष्ट देखिन्छन् । उनले आफ्नो छोराको नागरिकता बनाउने क्रममा नसोचेको झमेला व्यहोर्नु परेको बताउँछन् ।यसक्रममा उनी सर्वप्रथम जिल्ला कार्यालय गएका थिए । जिल्ला कार्यालयबाट जन्म दर्ता र सिफारिसको लागि वडा कार्यालयमा जान भनियो । तर छोराको जन्मदर्ताको कागज बसाई सराई हुनेबेला हराएको हुनाले उनलाई ठूलो समस्या आइलाग्यो । तैपनि उनी रघुगंगा गाउँपालिकाको वडा कार्यालयमा सोसम्बन्धी सोधपुछ र प्रक्रिया बुझ्नको लागि गए । कार्यालयमा कर्मचारीले उनलाई जन्मदर्ताको रेकर्ड नभेटिएकोले नागरिकता बनाउन गाह्रो हुने जनाए। यो सुन्दा निराश हुँदै बलबहादुर घर फर्किए । बलबहादुर अर्को दिन फेरी वडा कार्यालय गए र सम्बन्धित कर्मचारीलाई छोरो विदेशमा काम गर्न जान नागरिकता आवश्यक भएको कुरा जिकिर गरे । कर्मचारीले नागरिकता बनाउनको लागि जन्म दर्ता चाहिन्छ भनी माग गरे । तर कसैले पनि नयाँ जन्म दर्ता कसरी बनाउने भन्ने सम्बन्धमा सल्लाह दिएनन् । तैपनि उनी निराश नभई वडा अध्यक्षलाई भेट्ने निधोमा पुगे । बलबहादुरले नागरिकता जसरी पनि बनाउनुपर्छ भन्ने मानसिकता बनाइसकेका थिए । यस्तो झन्झटिलो सरकारी कामकाजबाट मुक्त हुन र नागरिकता बनाउनका लागि उनी घूस समेत दिन उनी तयार

भएका थिए । उनी यो कामको सिलसिलामा निराश हुँदै, "हामी सामान्य नागरिक सधैं व्यवस्था र अवस्थाको सिकार हुनुपर्दो रहेछ" भन्ने निष्कर्षमा पुग्न बाध्य भए ।

## ५.६: आफ्नो काम सम्पन्न गर्न थप रकम कसलाई दिएको

चित्र ५.७: आफ्नो काम सम्पन्न गर्न थप रकम कसलाई दिएको भन्ने सन्दर्भमा उत्तरदाताको विवरण





*नोटः धेरै विकल्प भएका कारण प्रतिशत १०० भन्दा बढी हुन सक्छ।*

यस अध्ययन अनुसार एक-चौथाई अर्थात् २५ प्रतिशत उत्तरदाताले आफ्नो काम सम्पन्न गर्न मध्यस्थकर्तालाई थप रकम बुझाएको देखिन्छ भने २० प्रतिशत उत्तरदाताले इन्जिनीयर/सव इन्जिनियरलाई थप रकम दिनु परेको देखियो । त्यसैगरी २० प्रतिशतले अन्य कर्मचारीलाई, १५ प्रतिशतले लेखापाललाई, १० प्रतिशतले कार्यकारी

अधिकारीलाई र ५ प्रतिशतले काम सम्पन्न गर्न वडा अध्यक्षलाई रकम दिनु परेको खुलाएका छन् ।

## ५.७ छिटो सेवा प्राप्त गर्न थप पैसा तिर्नेहरु

चित्र ५.८ः छिटो सेवा प्राप्त गर्न थप पैसा तिर्नेहरुको आधारमा उत्तरदाताको विवरण




लगभग सबैजसो उत्तरदाता अर्थात् ९७.२ प्रतिशतले आफ्नो काम सम्पन्न गर्न थप रकम तिर्न नचाहेको वा नतिरेको पाइयो भने २.८ प्रतिशत उत्तरदाताले मात्र थप रकम तिर्न चाहेको वा तिरेको देखियो ।

विभिन्न प्रदेशबीच तुलना गर्दा कर्णाली प्रदेशमा थप रकम तिर्न चाहने उत्तरदाता धेरै अर्थात् ८.५ प्रतिशत देखिएको छ । यसबाहेक प्रदेश ३ मा ५.१ प्रतिशत, प्रदेश २ मा २.५ प्रतिशत, गण्डकी प्रदेशमा १.२ प्रतिशत र प्रदेश ५ मा ०.७ प्रतिशत उत्तरदाताको संख्या देखिएको छ । यसैगरी प्रदेश १ र सुदूरपश्चिम प्रदेशका कुनै पनि

उत्तरदाताले आफ्नो काम सम्पन्न गर्नका लागि अतिरिक्त शुल्क तिर्न नचाहेको देखिएको छ । (तालिका ५.२)

तालिका ५.२: प्रदेशगत आधारमा थप पैसा तिर्ने वा तिर्न चाहने उत्तरदाताको विवरण

| **प्रदेश** | **तिर्ने/तिर्न चाहनेहरु (N =८३)** | **नतिर्ने/तिर्न नचाहनेहरु (N =२८३२)** |
|---|---|---|
| प्रदेश न .१ | ० | १०० |
| प्रदेश न .२ | २.५ | ९७.५ |
| प्रदेश न .३ | ५.१ | ९४.९ |
| गण्डकी प्रदेश | १.२ | ९८.८ |
| प्रदेश न .५ | ०.७ | ९९.३ |
| कर्णाली प्रदेश | ८.५ | ९१.५ |
| सुदूरपश्चिम प्रदेश | ० | १०० |


# अध्याय ६: स्थानीय तहमा भ्रष्टाचारले ग्रसित क्षेत्र र भ्रष्टाचारलाई प्रोत्साहित गर्ने कारक तत्वहरु

"The worst disease in the world today is corruption and, there is a cure transparency" -Bono

यस अध्यायमा नेपालको स्थानीय तहमा हुने गरेका भ्रष्टाचारका क्षेत्र र प्रोत्साहित गर्ने तत्वहरुको विश्लेषण गरिएको छ ।

## ६.१: स्थानीय तहमा भ्रष्टाचार बढी हुने क्षेत्रहरु

चित्र ६.१: स्थानीय तहमा भ्रष्टाचार बढी हुने क्षेत्रहरुका आधारमा उत्तरदाताको विवरण




*नोट: धेरै विकल्प भएका कारण प्रतिशत १०० भन्दा बढी हुन सक्छ।*

स्थानीय तहमा बढी भ्रष्टाचार हुने क्षेत्रको पहिचान गर्ने क्रममा लगभग आधाजति अर्थात् ४६.७ प्रतिशत उत्तरदाताले योजना (निर्माण तथा

कार्यान्वयन) मा भ्रष्टाचार बढी हुने जनाएका थिए । त्यसपछि ३५.६ प्रतिशत उत्तरदाताले प्रशासनिक कार्यमा र २६.७ प्रतिशतले राजस्व क्षेत्रमा धेरै भ्रष्टाचार हुने गरेको धारणा राखेका थिए ।

प्रदेशगत रुपमा तुलना गर्दा, सबैभन्दा बढी अर्थात् ८१.५ प्रतिशत भ्रष्टाचार योजना (निर्माण र कार्यान्वयन) मा हुने गरेको कुरा गण्डकी प्रदेशका उत्तरदाताले उल्लेख गरेका थिए भने कर्णाली प्रदेशका ७४.२ प्रतिशत, प्रदेश ५ का ५८.९ प्रतिशत, सुदूरपश्चिम प्रदेशका ५१.४ प्रतिशत, प्रदेश २ का ४९.३ प्रतिशत, प्रदेश १ का ४७.२ प्रतिशत र प्रदेश ३ का २२.८ प्रतिशत उत्तरदाताले योजना (निर्माण र कार्यान्वयन) मै भ्रष्टाचार बढी हुने गरेको धारणा अघि सारेका थिए ।

> अहिले संरचनात्मक परिवर्तनपछि सिंहदरबारमा हुने कामहरु प्राय स्थानीय तहमा नै हुने गरेकाले भ्रष्टाचारको स्वरूप फेरिएको देख्न सकिन्छ । भ्रष्टाचार केन्द्रदेखि स्थानीय तहसम्म मौलाएको छ । मुख्यरुपमा योजना र नीति बनाउने क्रममा नै स्थानीय तहमा भ्रष्टाचार बढी हुने गरेको देखिन्छ । सुरुमा नै योजना बनाउँदा र पूर्वाधारको बाडफाँड गर्दा अधिकार सम्पन्न व्यक्तिहरुले नै धेरै भ्रष्टाचार गर्ने गरेका छन् । यसभन्दा बाहेक, टेन्डर कसलाई दिने भन्नेमा पनि भ्रष्टाचार हुने गरेको देखिन्छ । यसैगरी विकास र संरचना निर्माणमा पनि भ्रष्टाचार त्यतिकै भइरहेको छ । यथार्थमा भ्रष्टाचारको शुरुवात योजना निर्माण देखि नै हुन्छ । **(रौतहटको समूह केन्द्रित छलफल र प्रमुख जानकारसँगको अन्तरवार्ताः सर्लाही र म्याग्दी)**

तालिका ६.१ : प्रदेश अनुसार भ्रष्टाचारका क्षेत्रहरु

| **क्षेत्र** | प्रदेश १ | प्रदेश २ | प्रदेश ३ | गण्डकी प्रदे | प्रदेश ५ | कर्णाली | सुदूरपश्चिम प्रदेश |
|---|---|---|---|---|---|---|---|


| | | | | श | | प्रदेश | |
|---|---|---|---|---|---|---|---|
| योजना(N=१४०२) | ४७.२ | ४९.३ | २२.८ | ८१.५ | ५८.९ | ७४.२ | ५१.४ |
| प्रशासन (N=१०६९) | ३०.१ | ५८.८ | ३६.० | ५०.० | १७.७ | २०.० | १९.२ |
| आर्थिक प्रशासन (N=९६३) | २०.६ | ३४.२ | २२.६ | २९.१ | ५४.७ | ४२.६ | ३२.२ |
| राजस्व (N=८००) | २०.९ | १७.० | ३३.० | ४५.७ | २८.७ | १०.० | २२.४ |
| पंजीकरण दर्ता (N=७११) | ३३.६ | २२.८ | २०.३ | ३१.९ | ३०.२ | ८.९ | १६.१ |
| अन्य (N=५१८) | ४०.१ | १३.२ | २७.४ | २.० | ८.३ | १.६ | २.० |
| शिक्षा (N=४२७) | १०.३ | २७.२ | १२.१ | ४.७ | १०.१ | ७.४ | २०.४ |
| भवन नक्सांकनको अनुमोदन (N=३५६) | २३.० | २२.५ | ४.९ | ४.७ | ९.० | १०.५ | १२.२ |
| स्वास्थ्य (N=३३०) | २.९ | १२.५ | १३.३ | ३.१ | १२.७ | ७.९ | १७.३ |
| जिन्सी ब्यवस्थापन (N=१७५) | ३.८ | ६.७ | २.७ | १९.३ | ४.८ | ६.३ | ६.३ |
| महिला तथा बालबालिका (N=१०८) | ०.३ | ०.४ | ३.० | १.२ | ४.८ | ११.६ | ११.८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| वातावरण (N=१०७) | ६.८ | ३.२ | २.७ | ०.४ | ४.८ | २.१ | ५.५ |

*नोटः धेरै विकल्प भएका कारण प्रतिशत १०० भन्दा बढी हुन सक्छ ।*

परिमाणात्मक जस्तै गुणात्मक अध्ययनमा पनि एकरुपता देख्न सकिन्छ । सहभागी सबैजसो प्रतिनिधिहरुले भ्रष्टाचारको सुरुवात योजना निर्माणदेखि सम्पन्नसम्म नै हुने गरेको जनाए । **(समूह केन्द्रीत छलफल, सबै जिल्ला)**

चित्र ६.२: स्थानीय तहको भ्रष्टाचार हुनुमा जिम्मेवार व्यक्ति





*नोटः धेरै विकल्प भएका कारण प्रतिशत १०० भन्दा बढी हुन सक्छ ।*

सर्वेक्षणमा सहभागी उत्तरदातालाई स्थानीय तहमा भ्रष्टाचार हुनुमा मुख्य जिम्मेवार व्यक्ति को-को हुन्छन् भन्ने सवाल सोध्ने क्रममा

लगभग एक-तिहाई अर्थात् ३४.१ प्रतिशत उत्तरदाताले नेतृत्वलाई नै स्थानीय तहमा हुने भ्रष्टाचारको लागि मुख्य जिम्मेवार व्यक्ति ठानेका थिए भने ३२.९ प्रतिशतले अन्य कर्मचारी (खरिदार, कार्यालय सहयोगी, शाखा अधिकृत), ३२.९ प्रतिशतले इन्जिनियर/सव इन्जिनियर, ३०.४ प्रतिशतले कार्यकारी अधिकृतलाई स्थानीय तहको भ्रष्टाचार बढ्नुमा मुख्य जिम्मेवार रहेको जनाएका थिए ।

चित्र ६.३ भ्रष्टाचारको किसिमको आधारमा उत्तरदाताको विवरण





*नोटः धेरै विकल्प भएका कारण प्रतिशत १०० भन्दा बढी हुन सक्छ।*

स्थानीय तहमा हुने गरेका भ्रष्टाचारको प्रकार सम्बन्धमा, सहभागी उत्तरदातामध्ये ५५.३ प्रतिशतले नगद भ्रष्टाचार, ५५.२ प्रतिशतले प्रणालीगत/संस्थागत भ्रष्टाचार र ३०.३ प्रतिशतले नीतिगत भ्रष्टाचार हुने गरेको जनाए ।

परिमाणात्मकमा जस्तै गुणात्मक अध्ययनमा पनि स्थिरता पाउन सकिन्छ किनभने प्रायः सबै जिल्लाका अधिकांश छलफलका सहभागीहरुले  लगभग एकै किसिमका भ्रष्टाचारका प्रकार सम्बन्धी प्रतिक्रिया दिएका थिए।

सामान्यतया सर्वसाधारण मानिसमा भ्रष्टाचार र यसका विभिन्न रूपबारे ज्ञान कमै भेटिन्छ । घूस लिनु र  दिनुलाई मात्र अधिकांशले भ्रष्टाचार हो भन्ने बुझेका छन्, तथापि यो अस्पष्ट विषय हो । पैसाको लेनदेन मात्र भ्रष्टाचार होइन, यसको दायरा निकै व्यापक छ । अहिले धेरै भ्रष्टाचार जिम्मेवार तहबाट नीतिगत र प्रणालीगत रुपमा हुने गरेको छ । **(प्रमुख जानकारसँगको अन्तरवार्ता, गुल्मी)**

चित्र ६.४: स्थानीय तहमा भ्रष्टाचारलाई प्रोत्साहित गर्ने सामाजिक तत्वहरु



*नोटः धेरै विकल्प भएका कारण प्रतिशत १०० भन्दा बढी हुन सक्छ ।*

स्थानीय तहमा भ्रष्टाचार गर्न उत्प्रेरित गर्ने प्रमुख कारक तत्वहरु के-के हुन् भन्ने प्रश्नमा ३९.८ प्रतिशत उत्तरदाताले समाजमा उच्च प्रतिष्ठा देखाउने प्रवृति, ३९.३ प्रतिशतले नैतिकतामा ह्रास र ३९ प्रतिशतले शिक्षा तथा चेतनाको अभाव मुख्य कारक तत्वहरु रहेको धारणा व्यक्त गरे ।

> सामाजिक उच्च प्रतिष्ठा देखाउने, विलासिताको जीवन बिताउने तथा थोरै तलब र उच्च बजार भाउ हुने भएकोले धेरैजसो कर्मचारीमा घूस लिने प्रवृति बढेको पाइन्छ । **(समूह केन्द्रीत छलफल, रौतहट)**

प्रदेशगत रुपमा तुलना गर्दा पनि भ्रष्टाचारजन्य क्रियाकलाप फस्टाउनमा सामाजिक तत्वहरुमध्ये समाजमा उच्च प्रतिष्ठा देखाउने प्रवृति नै सबैभन्दा बढी देखिएको छ । प्रदेश ५ का अधिकांश अर्थात् ७५.७ प्रतिशत उत्तरदाताले त्यस्तै प्रदेश १ का ५१.६ प्रतिशत उत्तरदाताले पनि भ्रष्टाचार वृद्धि हुनुमा समाजमा उच्च प्रतिष्ठा देखाउने प्रवृति नै सबैभन्दा बढी जिम्मेवार रहेको जनाएका छन् । अधिकारप्राप्त व्यक्तिहरुमा नैतिकताको ह्रास हुनुलाई पनि दोस्रो जिम्मेवार सामाजिक तत्वको रुपमा औंल्याएको पाइयो । (तालिका ५.२)

तालिका ५.२: प्रदेश अनुसार भ्रष्टाचार गर्न उत्प्रेरित गर्ने सामाजिक तत्वहरुको आधारमा उत्तरदाताको विवरण

| सामाजिक तत्व | **प्रदेश १** | **प्रदेश २** | **प्रदेश ३** | **गण्डकी प्रदेश** | **प्रदेश ५** | **कर्णाली प्रदेश** | **सुदूरपश्चिम प्रदेश** |
|---|---|---|---|---|---|---|---|
| समाजमा उच्च प्रतिष्ठा देखाउने प्रवृति (N=११९३) | ५१.६ | ३९.८ | २९.३ | ८.३ | ७५.७ | १७.४ | ४५.९ |
| नैतिकतामा ह्रास (N=११७८ ) | १५.३ | ४०.४ | ४०.९ | ९२.१ | ३०.४ | २६.३ | ३५.७ |
| शिक्षा र सजकताको कमी (N=११६९) | १९.८ | ५५.१ | ३०.९ | ८५.८ | ३४.४ | १३.७ | ३८.४ |
| बजारभाउ अत्याधिक वृद्धि (N=११५९ ) | ५३.१ | १३.२ | ३४.९ | ३८.६ | ७६.८ | ६.३ | ४५.९ |
| नातावाद / कृपावादको संस्कृति (N=८८९) | २६ | २२.१ | २१ | ४३.७ | २५.८ | ७५.३ | ४२ |
| पारिवारिक | ३१.९ | १४.९ | १७.९ | ३७.८ | १०.७ | ३.२ | ३५.७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| आवश्यकता (N=६०२) | | | | | | | |
| जाँडरक्सी र मनोरन्जनको लत (N=३१७) | ३१.६ | ४.६ | ८.६ | ० | २.४ | १४.२ | २५.९ |
| अन्य(N=३०४) | २५.१ | १२.३ | १२.४ | ८.७ | ०.४ | ०.५ | ३.१ |

*नोटः धेरै विकल्प भएका कारण प्रतिशत १०० भन्दा बढी हुन सक्छ।*

समूह केन्द्रित छलफलका सहभागी प्रतिनिधिहरुले स्थानीय तहमा भ्रष्टाचार बढ्नुका मुख्य सामाजिक तथा आर्थिक कारक तत्व भनेको हाम्रो समाजमा कम आय, उच्च व्यय र उच्च जीवनस्तरको आकांक्षा रहेको जिकिर गरेका छन्। त्यसैगरी राजनीतिक प्रभाव, भ्रष्टाचारसम्बन्धी यथार्थ ज्ञानको अभाव, भ्रष्टाचार भनेको घूस लिनु मात्रै हो भन्ने बुझाई, चुनाव जित्नका लागि अधिक लगानी गर्ने प्रवृति, निर्वाचित पदाधिकारीले आफ्नो अधिकारको दुरुपयोग गर्ने संस्कार, उपभोक्ता समितिहरुको अत्याधिक अनियमितता, नातावाद र कृपावादको संस्कृति आदि कारणले गर्दा पनि भ्रष्टाचार निकै बढेको छ भन्ने प्रतिक्रिया उत्तरदाताले दिएका छन् । **(समूह केन्द्रित छलफल, सबै जिल्ला)**

"स्थानीय तहमा भ्रष्टाचार बढ्नुका सामाजिक कारणहरुमा कर्मचारी वर्गमा आफ्नो आयश्रोतप्रति सन्तुष्टि नहुनु, समाजमा प्रतिष्ठित भएर

बस्ने चाहना गर्नु, कर्तव्यबोधको अभाव हुनु, बिलासी जीवनको मोह बढ्दै जानुजस्ता पक्ष पनि जिम्मेवार देखिन्छन् ।" **(प्रमुख जानकारसँगको अन्तरर्वार्ता, रुपन्देही )**

"अहिलेको हाम्रो सामाजिक मानसिकता पैसा नै सबैथोक हो भन्ने देखिन्छ जसले नैतिकतामा ह्रास ल्याउनुका साथै भ्रष्टाचार वृद्धिमा बढावा दिएको छ ।" **(प्रमुख जानकारसँगको अन्तरवार्ता, गुल्मी)**


# अध्याय ७ : अख्तियार दुरुपयोग अनुसन्धान आयोगको भूमिका र प्रभाव सम्बन्धमा जनधारणा

"Without strong watchdog institution, impunity becomes the very foundation upon which systems of corruption are built. And if impunity is not demolished, all efforts to bring an end to corruption are in vain". -Rigoberta Menchu, Nobel Prize laureate.

यस अध्यायमा उत्तरदाताहरूको अख्तियार दुरुपयोग अनुसन्धान आयोग (अ.दु.अ.आ.) सम्बन्धी ज्ञान, दृष्टिकोण र अभ्यासबारे वर्णन गरिएको छ । यसका अतिरिक्त प्रस्तुत अध्यायमा अ.दु.अ.आ. को भूमिका र त्यसका कामप्रति सेवाग्राहीको सन्तुष्टिको स्तरलाई समेत विश्लेषण गरिएको छ ।

## ७.१: अख्तियार दुरुपयोग अनुसन्धान आयोगबारे जनचेतना

चित्र ७.१: अख्तियार दुरुपयोग अनुसन्धान आयोगसम्बन्धी जनचेतनाको आधारमा उत्तरदाताको विवरण




सर्वेक्षणमा सहभागी उत्तरदातामध्ये ८४ प्रतिशत उत्तरदातालाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको बारेमा जानकारी भएको

पाइयो भने बाँकी १६ प्रतिशत उत्तरदाता अझै पनि अ.दु.अ.आ. बारे अनभिज्ञ रहेको पाइयो ।

यस सम्बन्धमा प्रदेशगत रुपमा तुलना गर्दा सबैभन्दा बढी गण्डकी प्रदेशका उत्तरदाता (९४.१%) लाई जानकारी भएको देखिन्छ । यसैगरी प्रदेश ५ का ९०.२ प्रतिशत, प्रदेश ३ का ८५.७ प्रतिशत, कर्णाली प्रदेशका ८२.१ प्रतिशत, प्रदेश २ का ७८.६ प्रतिशत, सुदूरपश्चिम प्रदेशका ७७.३ प्रतिशत र प्रदेश १ का ७७.१ प्रतिशत उत्तरदातालाई अ.दु.अ.आ. को सम्बन्धमा जानकारी रहेको पाइयो । यदपि १६ प्रतिशत उत्तरदाताहरु अझै पनि अ.दु.अ.आ. बारे अनभिज्ञ देखिन्छन्, जुन अ.दु.अ.आ. को लागि चुनौतिको विषय हो । यस अवस्थाको अन्त्यका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले प्रदेश १ लगायत देशका सबै प्रदेशमा थप चेतनामूलक गतिविधिहरु संचालन गर्नुपर्ने आवश्यकता देखिन्छ । (चित्र ७.२)


चित्र ७.२ अख्तियार दुरुपयोग अनुसन्धान आयोगबारे सजगताको आधारमा उत्तरदाताको विवरण (प्रदेश अनुसार)




*नोटः धेरै विकल्प भएकाले प्रतिशत १०० भन्दा बढी हुन सक्छ ।*

## ७.२: अ.दु.अ.आ. सम्बन्धी जानकारीका स्रोतहरु

चित्र ७.३: अ.दु.अ.आ. को बारेमा जानकारीको स्रोतको आधारमा उत्तरदाताको विवरण




*नोटः धेरै विकल्प भएका कारण प्रतिशत १०० भन्दा बढी हुन सक्छ।*

यस अध्ययनको क्रममा उत्तरदाताहरुमध्ये तीन-चौथाई अर्थात् ७६.२ प्रतिशत उत्तरदाताले अख्तियार दुरुपयोग अनुसन्धान आयोगबारे विद्युतीय/पत्रपत्रिकाको माध्यमबाट जानकारी पाइएको देखियो भने ६२.८ प्रतिशत उत्तरदाताले सामाजिक संजालको माध्यमबाट र ५३.५ प्रतिशत उत्तरदाताले साथी/परिवार/आफन्त मार्फत् अ.दु.अ.आ. बारे थाहा पाएको अध्ययनले देखाएको छ ।

### ७.३: संस्थाको प्रकार (अ.दु.अ.आ. कस्तो संस्था हो?)

तालिका ७.१: प्रदेश अनुसार संस्थाको प्रकारको आधारमा उत्तरदाताको विवरण

| संस्थाको प्रकार | प्रदेश १ (N=२५५ ) | प्रदेश २ (N=४४८ ) | प्रदेश ३ (N=८०१ ) | गण्डकी प्रदेश (N=२३९) | प्रदेश ५ (N=४१२) | कर्णाली प्रदेश (N=१५६) | सुदूरपश्चिम प्रदेश (N=१९७) | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| संवैधानिक अंग हो (N=६९१) | २६.३ | ३८.६ | २९ | ८.८ | २८.२ | १९.२ | २६.४ | २७.६ |
| गुनासो सुनिदिने संस्था(N=८४९) | १०.२ | ४३.३ | २४ | ८१.६ | ३६.४ | ६.४ | ४१.६ | ३३.९ |
| भ्रष्टाचारीलाई सजाय दिने | ९६.१ | ९५.३ | ६३.९ | ९२.१ | ९३.९ | ४४.९ | ७५.१ | ८०.१ |


| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| संस्था (N=२००९) | | | | | | | | |
| छानविन र अदालतमा मुद्दा दर्ता गर्ने संस्था (N=१२७७) | ३८ | ५४ | ५३.२ | ५४.८ | ४५.९ | ५९ | ५०.८ | ५०.९ |
| अन्य (N=३५) | १.६ | ०.९ | ३.१ | ० | ०.५ | ० | ० | १.४ |

*नोटः धेरै विकल्प भएका कारण प्रतिशत १०० भन्दा बढी हुन सक्छ।*

सर्वेक्षणमा सहभागी उत्तरदाताहरुमध्ये धेरैजसो अर्थात् ८०.१ प्रतिशत उत्तरदाताले अ.दु.अ.आ.लाई भ्रष्टाचारीलाई सजाय दिने संस्थाको रुपमा बुझेको पाइयो भने ५०.९ प्रतिशत उत्तरदाताले छानबिन गर्ने र अदालतमा मुद्दा दायर गर्ने संस्थाको रुपमा र ३३.९ प्रतिशत उत्तरदाताले गुनासो सुन्ने संस्थाको रुपमा बुझेको देखियो। प्रदेशहरुबीच तुलना गर्दा, धेरै उत्तरदाताले अ.दु.अ.आ.लाई भ्रष्टाचारीलाई सजाय दिने संस्थाको रुपमा बुझेको कुरा सबैभन्दा बढी प्रदेश १ मा ९६.१ प्रतिशत र प्रदेश २ मा ९५.३ प्रतिशत देखिन्छ।

## ७.४: अ.दु.अ.आ. का क्रियाकलापबारे जानकारी


चित्र ७.४: अ.दु.अ.आ. का क्रियाकलापबारे जानकारीको आधारमा उत्तरदाताको विवरण




सर्वेक्षणमा सहभागी उत्तरदाता मध्ये ९० प्रतिशत उत्तरदातालाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको काम र भूमिकाबारे जानकारी भएको देखिन्छ ।

## ७.५: अख्तियार दुरुपयोग अनुसन्धान आयोगको भूमिका

चित्र ७.५: अख्तियार दुरुपयोग अनुसन्धान आयोगको भूमिका/क्रियाकलापको आधारमा उत्तरदाताको विवरण



*नोटः धेरै विकल्प भएका कारण प्रतिशत १०० भन्दा बढी हुन सक्छ।*

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबारे ज्ञान भएका उत्तरदाताहरू (संख्या=२५०८) लाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको के-के काम र भूमिका हुनसक्छ भनेर प्रश्न सोध्ने क्रममा ७२.२ प्रतिशत उत्तरदाताले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको काम र भूमिका भ्रष्टाचारीलाई कारबाही गर्ने भन्ने उल्लेख गरे भने ५१.५ प्रतिशत उत्तरदाताले सोधपुछ/अनुसन्धान गर्ने र ४०.३ प्रतिशत उत्तरदाताले विशेष अदालतमा मुद्दा दायर गर्ने कुरा उल्लेख गरेका थिए ।

परिमाणात्मक जस्तै गुणात्मक सर्वेक्षणको नतिजामा पनि एकरुपता देख्न सकिन्छ ।

गुणात्मक अनुसन्धानमा सहभागीहरूले स्थानीय तहमा मुख्य प्रतिनिधिहरुले पनि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको भूमिका भनेको भ्रष्टाचारीलाई कारबाही गर्ने, अनुसन्धान गर्ने, अदालतमा मुद्दा दर्ता गर्ने र जनताको गुनासो सुन्ने जनाएका थिए ।


“अख्तियार दुरुपयोग अनुसन्धान आयोग एउटा संवैधानिक अंग हो, जसलाई नेपालमा भ्रष्टाचारको अन्त्य गर्न कानुन र निष्पक्षताको सिध्दान्तले निर्देशित गरेको छ । यो संस्था विशेषगरी भ्रष्टाचारको पहिचान गरी भ्रष्टाचारीलाई कारबाही गर्ने, विशेष अदालतमा मुद्दा

दायर गर्ने र भ्रष्टाचारजन्य उजुरीको छानविन गरी मुलुकमा सुशाशन कायम गर्नका लागि स्थापित भएको संस्था हो । **(प्रमुख जानकारसँगको अन्तर्वार्ता, काभ्रे)**

"उपभोक्ता समितिको गठन गरी विकास निर्माणका कार्य संचालन गर्दा त्यसमा अनियमितता भएको भनी हामीले अ.दु.अ.आ. मा उजुरी गरेका थियौं । अहिले त्यसको छानविन र निगरानीका लागि कामकारबाही अघि बढेको छ, साथै यसबाट हामीलाई आफ्नो अधिकार के कति हो जान्नुपर्ने र विधिको शासनलाई आत्मसाथ गर्नुपर्ने महत्वपूर्ण दुईवटा शिक्षा मिलेको छ । जनप्रतिनिधिले पनि स्वेच्छाचारी किसिमले कानुन विपरित काम गर्न पाउदैनन् र विधिसम्मत आफ्ना कामहरु संचालन गर्नुपर्छ। अहिले हाम्रो गाउँपालिकामा विधिसम्मत कुराको अत्यन्त खाँचो छ र जसको कारणले हामीले सामाजिक सुरक्षा सम्बन्धी अदालतमा उजुरी गरेका छौं" । **(प्रमुख जानकारसँगको अन्तर्वार्ता, म्याग्दी)**

## ७.६: भ्रष्टाचारसम्बन्धी उजुरी परे/नपरेको

चित्र ७.६: भ्रष्टाचारको उजुरी दिए/नदिएको आधारमा उत्तरदाताको विवरण




अध्ययन अनुसार २५०८ संख्यामा रहेका उत्तरदाताहरू मध्ये २ प्रतिशत उत्तरदाताले मात्र अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी दर्ता गरेको पाइयो भने बाँकी ९८ प्रतिशतले अहिलेसम्म कुनै पनि किसिमको भ्रष्टाचारसम्बन्धी उजुरी दर्ता गरेको पाईएन । प्रदेशबीच तुलना गर्दा, सबैभन्दा बढी कर्णाली प्रदेशका १८.६ प्रतिशत उत्तरदाताले उजुरी दर्ता गरेको पाइयो । (तालिका ७.२)

### तालिका ७.२: प्रदेशगत रुपमा उजुरी दिए/नदिएको आधारमा उत्तरदाताको विवरण


| **प्रदेश** | **छ (N= ५७)** | **छैन् (N=२४५१)** |
|---|---|---|
| प्रदेश १ | ०.४ | ९९.६ |
| प्रदेश २ | ०.२ | ९९.८ |

| | | |
|---|---|---|
| प्रदेश ३ | २.७ | ९७.३ |
| गण्डकी प्रदेश | ०.८ | ९९.२ |
| प्रदेश ५ | ०.२ | ९९.८ |
| कर्णाली प्रदेश | १८.६ | ८१.४ |
| सुदूरपश्चिम प्रदेश | ०.५ | ९९.५ |

*नोटः धेरै विकल्प भएका कारण प्रतिशत १०० भन्दा बढी हुन सक्छ।*

## ७.७: अ.दु.अ.आ. मा उजुरी गर्दा प्रयोग भएका सञ्चारका माध्यमहरु

चित्र ७.७: अ.दु.अ.आ. मा उजुरी गर्दा प्रयोग भएका सञ्चारका माध्यमहरुको आधारमा उत्तरदाताको विवरण



*नोटः धेरै विकल्प भएका कारण प्रतिशत १०० भन्दा बढी हुन सक्छ।*


कुल ५७ उत्तरदाता जसले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी दर्ता गरेका थिए, उहाँहरुलाई उजुरी दर्ता गर्न प्रयोग गरिएका सञ्चारका माध्यमहरुबारे प्रश्न सोधिएको थियो । त्यसमध्ये, अधिकांश उत्तरदाता अर्थात् ५४.४ प्रतिशतले निवेदन मार्फत्, २८.१ प्रतिशत उत्तरदाताले टेलिफोन/मोबाइल मार्फत्, १४ प्रतिशत उत्तरदाताले हटलाईन नं. १०७ र १४ प्रतिशत उत्तरदाताले ईमेल मार्फत् उजुरी दर्ता गरेको जनाए ।

अध्ययनको लागि छानिएका जिल्लाका प्रतिनिधिहरुको ठूलो संख्याले अ.दु.अ.आ. मा उजुरी गर्ने प्रक्रिया वा तरिकासम्बन्धी आफू अनभिज्ञ रहेको जिकिर गरेका थिए ।**(समूह केन्द्रित छलफल, सुनसरी, सोलुखुम्बु, गुल्मी र कंचनपुर)**

त्यसैगरी गुनासो प्रणालीको बारेमा जानेका वा सुनेका सहभागीहरुमध्ये कसैले हटलाईन १०७ मा कल गरेर, कसैले अ.दु.अ.आ.मा सिधै उजुरी दिएर, कसैले सञ्चार माध्यम मार्फत्, कसैले इमेल, मोबाइल आदिबाट भ्रष्टाचारको विरुद्ध उजुरी दर्ता गर्न सकिने भने विचार व्यक्त गरेका थिए । **(समूह केन्द्रित छलफल, सबै जिल्ला)**

## ७.८: अ.दु.अ.आ. को कार्य सम्पादन

चित्र ७.८: अ.दु.अ.आ. को कार्य सम्पादनबारे उत्तरदाताको विवरण




*नोट : धेरै विकल्प भएका कारण प्रतिशत १०० भन्दा बढी हुन सक्छ ।*

यस सर्वेक्षणमा अधिकांश अर्थात् ४१.४ प्रतिशत उत्तरदाताले अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गरेको कार्य सम्पादन सामान्य रहेको र ३९.७ प्रतिशतले अ.दु.अ.आ. ले गरेको कार्य सम्पादन राम्रो रहेको पाइयो।


> अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्य सम्पादन हेर्दा,यसले भ्रष्टाचारको दर घटाउनमा मद्दत गरेको देखिन्छ । यसले जनतामा सजगता बढाउन मुख्य भूमिका खेलेको र अहिले धेरै मानिस घूस लिन/दिन डराइरहेको अवस्था छ । यस कारण अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार सम्बन्धी कार्य सम्पादन राम्रो गरेको देखिन्छ । **(प्रमुख जानकारसँगको अन्तरवार्ता: सुनसरी)**

सोलुखुम्बु, रौतहट, ललितपुर, म्याग्दी, सुर्खेत, मुगु र कंचनपुरका समूह केन्द्रीत छलफलका सहभागीहरुको अनुसार अ.दु.अ.आ. शब्दले नै भ्रष्टाचार घटाउनमा ठूलो भूमिका खेलेको छ । उहाँहरुको अनुसार अहिले अख्तियारप्रति जनविश्वास बढ्दै गएको छ। यदि कुनै जिम्मेवार व्यक्तिले आफ्नो भूमिका र कर्तव्यविमुख भई सार्वजनिक सम्पतिको दुरुपयोग गर्छन् भने त्यस्ताका विरुद्ध अ.दु.अ.आ. मा उजुरी हाल्नुपर्छ भन्ने चेतना जागृत हुँदै गएकोले तुलनात्मक रुपमा भ्रष्टाचार पहिलेको भन्दा कम हुँदै गएको छ । अ.दु.अ.आ. ले आफ्ना क्रियाकलापहरु पारदर्शी, प्रविधिमैत्री र जनमैत्री बनाउँदै गएको स्थिति छ । यो निकै राम्रो पक्ष हो ।

तर सुनसरी, सर्लाही, काठमाडौं, काभ्रे, कास्की, रुपन्देही, बझाङका समूह केन्द्रीत छलफलका सहभागीहरुले यसको ठिक विपरीत भाव व्यक्त गरेका थिए । उहाँहरुको अनुसार राजनीतिक दबावका कारण अ.दु.अ.आ. ले आफ्नो कर्तव्य ठिकसँग निर्वाह गर्न सकेको छैन । अहिले अ.दु.अ.आ. ले सानो तहका कर्मचारीहरूको विरुद्ध मात्र उजुरी दर्ता गर्ने र ठूला तहका पदाधिकारी वा भ्रष्टाचारी विरुद्ध जुन बेवास्ता गरिरहेको अवस्था छ, त्यसैले यसप्रति जनतामा नकारात्मक सन्देश गएको छ । यस्तो अवस्थामा अ.दु.अ.आ. ले आफ्ना कार्यक्रम र कारबाही निश्पक्षतासाथ गर्न खाँचो छ ।**(समूह केन्द्रित छलफल)**

## ७.९ अ.दु.अ.आ. ले भ्रष्टाचार नियन्त्रण गर्नेमा विश्वास


चित्र ७.९: अ.दु.अ.आ. ले भ्रष्टाचार नियन्त्रण गर्ने विश्वासको आधारमा उत्तरदाताको विवरण




सर्वेक्षणमा सहभागी उत्तरदातालाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आगामी दिनमा भ्रष्टाचार नियन्त्रण गर्न सक्छ भन्ने कुरामा कतिको विश्वास छ भन्ने सवाल पुनः सोधिएको थियो । उत्तर दिने क्रममा आधाभन्दा बढी उत्तरदाता (५८.६%) ले अ.दु.अ.आ. ले भ्रष्टाचार नियन्त्रण गर्न सक्छ भन्ने विश्वास व्यक्त गरे भने १७.५ प्रतिशत उत्तरदाताले विश्वास नभएको र २३.१ प्रतिशत तटस्थ रहेको देखियो ।

## ७.१० स्थानीय तहमा अ.दु.अ.आ. को प्रभाव

चित्र ७.१०: स्थानीय तहमा अ.दु.अ.आ. को प्रभावको आधारमा उत्तरदाताको विवरण




*नोटः धेरै विकल्प भएका कारण प्रतिशत १०० भन्दा बढी हुन सक्छ।*

कुल २५०८ उत्तरदातामध्ये, एक-तिहाई अर्थात् ३३.८ प्रतिशत उत्तरदाताका अनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रभाव भएतापनि स्थानीय तहमा भ्रष्टाचार नियन्त्रण सम्बन्धी उल्लेखनीय सुधार नभएको उल्लेख गरे। त्यसमध्ये एक-चौथाई अर्थात् २७.९ प्रतिशत उत्तरदाताले अख्तियारको प्रभावले गर्दा स्थानीय तहमा भ्रष्टाचार कम भएको जनाए भने २३.६ प्रतिशत उत्तरदाताले अख्तियारको प्रभावका कारण सरकारी काम समयमा हुने गरेको र एक-चौथाई अर्थात् २४.३ प्रतिशत उत्तरदाताका अनुसार सामाजिक

सम्पतिको दुरुपयोग नियन्त्रण कार्यमा कमी आएको अध्ययनले देखाएको छ ।

परिमाणात्मक तथ्यांक जस्तै गुणात्मक सूचनाबाट पनि एउटै परिणाम आएको पाइयो ।

"स्थानीय तहमा जनतामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रभाव सकारात्मक र नकारात्मक दुवै मिश्रित देख्न सकिन्छ । अ.दु.अ.आ.ले आफ्ना कामकारबाहीलाई थप प्रभावकारी, पारदर्शी र तटस्थ बनाउँदै लैजानु पर्छ ।"**(प्रमुख जानकारसँगको अन्तर्वार्ता, गुल्मी)**

## ७.११ नीतिको समीक्षा

| नीति | छिद्र | छिद्रहरु हटाउन के गर्नुपर्ला? |
|---|---|---|
| **भ्रष्टाचार निवारण ऐन, २०५९** | | |
| **परिच्छेद २: भ्रष्टाचारको कसुर र सजाय सम्बन्धी व्यवस्था**<br>**दफा ३ . रिसवत लिने दिनेलाई सजायः**<br>एक करोड रुपैयाँभन्दा बढी जतिसुकै भए पनि आठ वर्षदेखि दश वर्षसम्म कैद । | रु. १ करोड भन्दा माथि जति नै धेरै रकमको भ्रष्टाचार गरेपनि सजाय एउटै हुने कानुनी व्यवस्थाले घूस लिने र दिने दुवै पक्षलाई त्योभन्दा धेरै रकम सहितको घूस लिन/दिन प्रोत्साहित गर्न सक्छ । | रु. एक करोड रुपैयाँ भन्दा माथि जतिसुकै भए पनि आठ देखि दश वर्षसम्म कैद गर्ने व्यवस्थाले धेरै रकमको भ्रष्टाचार गर्न प्रोत्साहित गरेको स्पष्ट देखिन्छ । अतः यस स्थितिको अन्त्य गर्दै भ्रष्टाचार गरेको रकमको अनुपातमा दण्ड सजायको व्यवस्था गरिनु सामयिक र न्यायपूर्ण हुनेछ । |
| **परिच्छेद ५:** दफा ५० सम्पत्ति विवरण सम्बन्धी व्यवस्थाः (१) सार्वजनिक पद धारण गरेको व्यक्तिले त्यस्तो पद धारण गरेको | सरकारी कर्मचारीको सम्पत्ति (बढेको वा घटेको) लेखाजोखा गर्ने कुनै प्रावधान | सम्पत्ति विवरण वार्षिक रुपमा अद्यावधिक गर्ने मात्र नभई नियमित रुपमा सूचना प्रविधिमा |

| | | |
|---|---|---|
| मितिले र यो दफा प्रारम्भ हुँदाका बखत सार्वजनिक पदमा बहाल रहेका व्यक्तिले यो ऐन प्रारम्भ भएको मितिले साठी दिनभित्र र त्यसपछि हरेक आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र आफ्नो वा आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सा सहितको अद्यावधिक विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निकाय वा अधिकारी समक्ष पेश गर्नु पर्नेछ । | नभएकोले, वर्षेनी कुन अनुपातमा सरकारी कर्मचारीको बढेको सम्पत्तिलाई कानूनी मान्यता दिने भन्ने विषयमा स्पष्ट नियमको खाँचो महसुस गरिएको छ । | आधारित प्रणाली बनाइ स्वतः लेखाजोखा हुने व्यवस्था कायम गरिनुका साथै प्रत्येक १०/१० वर्षमा सम्पत्तिको जाँच तथा निरीक्षणको प्रावधान राख्दा उपयुक्त हुन सक्छ । |
| **परिच्छेद ५**: धारा ६०: सुराकीको विवरण गोप्य राखिने<br>यस ऐन अन्तर्गतको कसुर गरेको वा गर्न लागेको छ भन्ने कुराको सूचना दिने सुराकीको नाम र ठेगाना निजले चाहेमा गोप्य राखिनेछ । | यस प्रणाली अन्तर्गत सुराकीको गोपनियता कायम राख्ने सम्बन्धी मात्र प्रावधान उल्लेख गरिएको छ तर पुरस्कृत गर्ने/नगर्ने व्यवस्थाको बारेमा उल्लेख गरिएको छैन। | सुराकीले दिएको सूचना सही साबित भएर कसुर स्थापित गर्न मद्दत पुगेको अवस्थामा त्यस्ता व्यक्तिलाई हौसला दिनको लागि पुरस्कारको व्यवस्था गर्ने तर्फ विचार गर्न सकिन्छ । बेनामी उजुरीको हकमा ती उजुरीकर्ताहरुलाई एक |

| | | |
|---|---|---|
| | | भिन्न बास्केटमा राखी विशेष अनुसन्धानबाट थप पुष्टी गरी अध्ययन अगाडि बढाउने व्यवस्था समसामयिक हुन्छ। |
| **सार्वजनिक खरिद नियमावली, २०६४ (छैठो संशोधन)** | | |
| परिच्छेद ६ः नियम ८२ : सोझै वार्ताबाट खरिद गर्न सकिने (२) उपनियम (१) बमोजिमको कार्यको लागि एक तह माथिको अधिकारीको स्विकृती लिई बीस लाख रुपैंयासम्मको परामर्श सेवा खरिद गर्नु पर्ने अवस्थामा कम्तीमा तीन वटा प्रस्ताव प्राप्त गरी सबैभन्दा उपयोगी र कम मूल्य प्रस्ताव गर्नेसँग गुणस्तर र मूल्यलाई समेत एकिन गर्न सोझै वार्ता गरी खरिद गर्नुपर्ने छ। | यस सम्बन्धमा संस्थाको मापदण्ड र सूचना कुन माध्यमबाट सार्वजनिक गर्ने कुरा उल्लेख नगरिएको हुनाले कतै यसले भ्रष्टाचार त प्रेरित हुँदैन भन्ने तर्फ ध्यान नपुगेको देखिन्छ। | यस सन्दर्भमा संस्था छनोटको लागि संस्थाको उपयुक्त मापदण्ड र सूचना प्रकाशन राष्ट्रिय पत्रपत्रिकाको माध्यमबाट प्रकाशित हुने प्राबधानको व्यवस्था भएमा भ्रष्टाचार रोकथाम गर्न सकिनेछ। |
| नियम ९७ः यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि एक करोड रुपैंयासम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो | उपभोक्ता वा सेवाग्राही समूहले १ करोड सम्मको रकम उपयोग गर्न सक्ने क्षमता (लेखा | सार्वजनिक खरिद नियमावलीमा एक करोड रुपैंयासम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो |

| | | |
|---|---|---|
| सम्बन्धी सेवा सोही स्थानमा बसोबास गर्ने बासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन वा प्राप्त गर्न सकिनेछ । | प्रणाली, नेतृत्व क्षमता, श्रोत साधन परिचालन तथा व्यवस्थापन) बारेमा केही उल्लेख भएको पाइँदैन । | सम्बन्धी सेवा सोही स्थानमा बसोबास गर्ने बासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिति वा लाभग्राही समुदायबाट हुने व्यवस्था भएको भए पनि त्यस्ता उपभोक्ता समितिको १ करोड सम्मको रकम उपयोग गर्नसक्ने क्षमता विकास भए/नभएको निक्यौंल हुने गरी एक करोडसम्मको निर्माण सम्बन्धी काम दिने र अन्यथा स्थानीय ठेकेदार मार्फत गराउँदा कामको गुणस्तर राम्रो हुन सक्छ । |
| **नियम ९७ को उपनियम ९:** उपभोक्ता समिति वा लाभग्राही | यस्ता हेभी मेशिनहरुको प्रयोग | उपभोक्ता समिति वा लाभग्राही समुदायबाट |

| | | |
|---|---|---|
| समुदायबाट संचालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर विटुमिन डिसत्रिव्यूटर, विटुमिन ब्वाइलर जस्ता हेभी मेशिनहरु प्रयोग गर्ने सकिने छैन । | गरेमा कुन किसिमको दण्ड सजाय दिने भन्ने कुरा उल्लेख भएको छैन । | संचालित हुने निर्माण कार्यमा लोडर , ,रोलर ,एक्साभेटर डोजरआदि जस्ता हेभी मेशिनहरु प्रयोग गर्न सकिने छैन भने पनि त्यस्ता हेभी मेशिनहरु प्रयोग गरेमा कुन किसिमको दण्ड सजाय दिने भन्ने कुरा उल्लेख गरिनु पर्ने देखिन्छ । |
| **स्थानीय सरकार सञ्चालन ऐन, २०७४** | | |
| **परिच्छेद ३ः गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार**<br>दफा ११ को उपदफा २ (ङ) (१) स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, तर्जुमा, कार्यान्वयन र नियमन | यी नियम, नीति र दिशानिर्देशहरु कहिले बनाउने भन्ने कुरा सपष्ट उल्लेख गरिएको छैन । | स्थानीय तहमा योजना छनौटको स्पष्ट मापदण्ड हुनुपर्छ र योजना तर्जुमा छनौटदेखि लिएर कार्यान्वयनसम्म व्यापक जनसहभागिता (जस्तैः सार्वजनिक सुनुवाई) सुनिश्चित गर्नुपर्दछ । |
| **परिच्छेद ६ः २४ (३.ङ)** स्थानीय | उल्लेखित नियमहरु | स्थानीय सरकार |

| | | |
|---|---|---|
| श्रोत , साधन र सीपको अधिकतम प्रयोग हुने,<br>**(३.ज)** दिगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्धन गर्न सघाउ पुऱ्याउने | यथार्थमा स्थानीय रोजगारी सिर्जना, वातावरण संरक्षण र दिगो विकासका पक्षमा छन्, तर यस व्यवस्थालाई मिचेर कुनै कामकाज गरिएको पाइएमा दोषीलाई के-कस्तो सजाय दिइने छ, सो कुरा स्पष्ट रुपमा कतै उल्लेख छैन । | संचालन ऐन २४ (३.ङ) को राम्रोसँग अनुसरण नगरेको खण्डमा दण्ड सजायको भागी बन्नुपर्ने व्यवस्था गरिनुपर्छ । |
| **परिच्छेद १५ः विविध**<br>दफा ११०. सम्पत्ति विवरण पेश गर्नेः (१) सदस्यले पद धारण गरेको र प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र आफ्नो र आफ्नो परिवारको सदस्यको नाममा रहेको चल अचल सम्पत्तिको स्रोत वा निस्सा सहितको अध्यावधिक विवरण प्रचलित कानूनले तोकेको ढाँचामा सम्बन्धित स्थानीय तहमा पेश गर्नु पर्नेछ । | कानूनमा उल्लेखित व्यवस्था स्थानीय तहमा भ्रष्टाचार नियन्त्रण गर्न निकै नै उपयोगी देखिएतापनि व्यवहारमा लागु भएको देखिंदैन । यसका अतिरिक्त पेश गरेको सम्पत्ति विवरणको यथार्थ लेखाजोखा कहिले र कसरी गर्ने भन्ने | उल्लेखित कानुनी व्यवस्था अनुरुप जनप्रतिनिधिहरुले पेश गरेको सम्पत्ति विवरण पद अवधिभर कम्तिमा २ पटक (एक प्रत्येक ३ वर्षमा र अर्को पाँचौ बर्षमा) लेखाजोखा गर्ने प्रावधान र कति प्रतिशत वृद्धि भएमा कानुनी मान्यता पाउने |


| | | |
|---|---|---|
| | प्राब्धान पनि उल्लेख छैन । | भन्ने कुरा पनि प्रष्ट रुपमा उल्लेख गरिनुपर्छ । |

# अध्याय ८ः स्थानीय तहमा सहज सेवा प्रवाहका लागि प्रभावकारी प्रयास

"Integrity, transparency and the fight against corruption have to be part of the culture. They have to be taught as fundamental values". -Angel Gurría, OECD secretary general

## ८.१ः स्थानीय तहमा सुशासन प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रण

चित्र ८.१: स्थानीय तहमा सुशासन प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रण कार्यको आधारमा उत्तरदाताको विवरण




*नोट: धेरै विकल्प भएका कारण प्रतिशत १०० भन्दा बढी हुन सक्छ।*

सर्वेक्षण अनुसार स्थानीय तहमा भ्रष्टाचारको अन्त्य र सुशासन कायम गर्ने सम्बन्धमा आधाभन्दा बढी अर्थात् ५४.२ प्रतिशत उत्तरदाताले चेतनामूलक गतिविधि संचालन गर्नुपर्ने, ४६.१ प्रतिशतले काममा पारदर्शिता कायम गर्नुपर्ने, ३५.३ प्रतिशतले पुरस्कार र दण्डको व्यवस्था गर्नुपर्ने, ३३.३ प्रतिशतले स्थानीय तहको क्षमता अभिवृद्धि गर्नुपर्ने र २८ प्रतिशतले आधुनिक प्रविधिको उपयोग गरिनुपर्ने पक्षमा जोड दिएको पाइयो।


प्रायः सबै जिल्लाका समूह केन्द्रीत छलफलका सहभागीहरुका अनुसार स्थानीय तहमा भइरहेको भ्रष्टाचारको अनियमिततालाई कम

गर्न पारदर्शिता र उत्तरदायित्व कायम राख्दै पुरस्कार र दण्डको व्यवस्थाले महत्वपूर्ण भूमिका खेल्न सक्छ । साथै, सरकारको नीति तथा कार्यक्रमहरु पनि कुनै राजनीतिक आग्रह र पूर्वाग्रह बिना लागु गरिनुपर्छ । त्यस्तै कागजी भन्दा कम्प्युटराइज्ड प्रणालीको प्रयोग र सेवा प्रदान गर्दा पक्षपातपूर्ण संस्कृतिको अन्त्य गर्ने काम भएमा स्थानीय तहबाट गुणात्मक सेवा प्राप्त गर्न सकिन्छ र भ्रष्टाचार र अनियमितताको अन्त्य हुन्छ ।

सबैजसो प्रमुख जानकारहरुका अनुसार, "प्रभावकारी कार्य पद्धति र जनप्रतिनिधि तथा कर्मचारीहरुमा उच्च नैतिकता भएमा स्थानीय तहमा भ्रष्टाचार रोक्न सकिन्छ । यसका साथै सरकारबाट प्राप्त हुने वार्षिक बजेटको न्यायोचित वितरण र विकास निर्माणका काममा जनताको सहभागिता अर्थपूर्ण भएमा पनि स्थानीय तहमा भ्रष्टाचारको न्यूनीकरण र सुशासनको प्रत्याभूति हुनेथियो।"

## ८.२: भ्रष्टाचार नियन्त्रण कार्यमा अ.दु.अ.आ. को भूमिका


चित्र ८.२: भ्रष्टाचार नियन्त्रण कार्यमा अ.दु.अ.आ. को भूमिकाको आधारमा उत्तरदाताको विवरण




*नोट: धेरै विकल्प भएका कारण प्रतिशत १०० भन्दा बढी हुन सक्छ।*

सर्वेक्षण अनुसार स्थानीय तहको भ्रष्टाचारलाई नियन्त्रण गर्ने मामिलामा अख्तियारले पर्याप्त चेतनामूलक गतिविधिहरू संचालन गर्नुपर्ने पक्षमा ६३.४ प्रतिशत उत्तरदाता रहेका थिए । त्यस्तै स्थानीय तहमा अ.दु.अ.आ. को उपस्थित हुनुपर्नेमा ३६.९ प्रतिशत र तटस्थताको भूमिका निर्वाह गर्नुपरेमा ३३.६ प्रतिशत उत्तरदाता रहेका थिए ।

चित्र ८.३: चेतना अभिवृद्धिका लागि अ.दु.अ.आ. ले चाल्नुपर्ने कदम




*नोट: धेरै विकल्प भएका कारण प्रतिशत १०० भन्दा बढी हुन सक्छ।*

लगभग तीन-चौथाई अर्थात् ७२.५ प्रतिशत उत्तरदाताको अनुसार चेतनामूलक कार्यक्रमहरु नै सर्वसाधारणमा अ.दु.अ.आ. बारे जानकारी प्रदान गर्ने अत्यन्त प्रभावकारी माध्यम हुन् । त्यसैगरी, सञ्चार माध्यमबाट अ.दु.अ.आ. को बारेमा प्रचारप्रसार हुनुपर्नेमा ४६.१ प्रतिशत, स्थानीय तहमा अ.दु.अ.आ. को सुझाव पेटिका राख्नुपर्ने पक्षमा ३६.७ प्रतिशत उत्तरदाताले आ-आफ्नो मत जाहेर गरेका थिए । त्यस्तै भ्रष्टाचारबारे जानकारी गराउनेलाई पुरस्कारको व्यवस्था गर्नुपर्नेमा २७ प्रतिशत र स्थानीय तहमा अ.दु.अ.आ. को हट लाइन नं १०७ राख्नुपर्ने पक्षमा २७ प्रतिशत उत्तरदाता रहेको भेटिए ।

“अख्तियारको सक्रियता बढाउनका लागि जनचेतना जगाउने, भ्रष्टाचारीको पहिचान गरी सजाय दिने, कार्यक्षेत्र विस्तार गर्ने र

स्थानीय सरकारका क्षमताको विकास गर्नुपर्ने देखिन्छ।“ **(प्रमुख जानकारसँगको अन्तरवार्ता, सबै जिल्ला)**

“अ.दु.अ.आ. लाई प्रभावकारी बनाउन हामीले विभिन्न किसिमको रणनीति तयार गरिरहेका छौं । यसको लागि जनप्रतिनिधि, कर्मचारी प्रशासन, संचारकर्मी तथा पत्रकारहरु बीच सहयोग, समन्वय र सहकार्यको स्थिति कायम गर्नुपर्ने हुन्छ ।“ **(प्रमुख जानकारसँगको अन्तरवार्ता, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सुर्खेत)**

# अध्याय ९: अध्ययनका निष्कर्ष तथा सिफारिस/सुझावहरु

## ९.१ निष्कर्ष

प्रस्तुत अध्ययनका अनुसार ९२.५ प्रतिशत उत्तरदातालाई भ्रष्टाचारसम्बन्धी जानकारी भएको पाइयो । त्यसमध्ये ८४.१ प्रतिशत उत्तरदाताको बुझाइमा भ्रष्टाचार भनेको कुनै काम गर्दा वा गराउँदा नियम-कानुन विपरित घूस लिने प्रवृति हो भन्ने रहेको पाइयो । त्यस्तै ६७.६ प्रतिशत उत्तरदाताले स्थानीय तहमा बढ्दै गएको भ्रष्टाचारको बारेमा सुनेका थिए | सामान्यतया व्यवहारमा देखिने गरेका भ्रष्टाचारका रुपहरु काममा ढिलाई गर्नु, सार्वजनिक सम्पतिको दुरुपयोग गर्नु, कर्मचारीद्वारा अधिकारको दुरुपयोग गर्नु, राम्रो प्रतिक्रिया नदिनु, सार्वजनिक कोषको गैरकानुनी प्रयोग गर्नु, समयमा कार्यालय नआउनु, अनावश्यक कागजातको माग गर्नु र आफ्नो कुर्सीमा नबस्नु आदि जस्ता कुरालाई उत्तरदाताले भ्रष्टाचार भनि बुझेको पाइयो |

कुल उत्तरदातामध्ये १४.९ प्रतिशत उत्तरदाता स्वयंमले स्थानीय सरकारमा भ्रष्टाचार भैरहेको देखेका मात्र नभई भोगेका समेत थिए । कुल अध्ययन जनसंख्यामध्ये ५५.३ प्रतिशत उत्तरदाताले स्थानीय तहमा भ्रष्टाचार विद्यमान रहेको जसमा २७.३ प्रतिशत उत्तरदाताको बुझाई अनुसार स्थानीय तहको चुनावपछि भ्रष्टाचार पहिलेको तुलनामा बढेको देखियो भने २८ प्रतिशत उत्तरदाताका अनुसार भ्रष्टाचारको स्थिति उस्तै रहेको पाइयो।

यस अध्ययनमा ७१.५ प्रतिशत उत्तरदाताले स्थानीय तहमा भ्रष्टाचार बढ्नुका कारक तत्वमध्ये भ्रष्टाचारी विरुद्ध कारबाही नहुने भएर, ३७.२ प्रतिशतले राजनीतिक संरक्षण भएर र ३६.८ प्रतिशतले चुनावमा धेरै खर्च लाग्ने हुनाले खर्च उठाउन भ्रष्टाचार बढेको जनाएका थिए । त्यसैगरी गुणात्मक अध्ययनको आधारमा स्थानीय तहमा भ्रष्टाचार वृद्धि हुनका प्रमुख कारणहरु नातावाद/कृपावाद, भ्रष्टाचार गर्नेलाई सजाय नदिनु, उपभोक्ता समितिको बाहुल्यता रहनु र अनुगमनको कमी हुनु जस्ता कारक तत्व रहेको पाइयो |

अध्ययनमा सहभागी उत्तरदातामध्ये, ४६.७ प्रतिशतका अनुसार स्थानीय तहको योजना निर्माणदेखि कार्यान्वयनको तहसम्म पुग्दा स्थानीय कर्मचारीको मिलेमतोमा सबैभन्दा बढी भ्रष्टाचार हुन्छ भन्ने कुरा अध्ययनले देखाएको छ । यस अध्ययनमा एक-तिहाई उत्तरदाता (३४.१%) ले भ्रष्टाचारको लागि मुख्य जिम्मेवार नेतृत्व रहेको खुलाए । त्यसैगरी स्थानीय तहमा भ्रष्टाचार तथा अनियमितता हुनुमा कर्मचारी (३२.१%), इन्जिनियर/ओवरसियर (३२.१%), कार्यकारी अधिकारी (३०.४%) जिम्मेवार रहेको सर्वेक्षणमा सहभागी उत्तरदाताको बुझाई रहेको पाइयो ।

भ्रष्टाचारको प्रकार सम्बन्धमा, सहभागी उत्तरदातामध्ये ५५.३ प्रतिशतले नगद भ्रष्टाचार, ५५.२ प्रतिशतले प्रणालीगत/संस्थागत

भ्रष्टाचार र ३०.३ प्रतिशतले नीतिगत भ्रष्टाचार हुने गरेको अध्ययनले देखाएको छ ।

अध्ययन अनुसार ६७.४ प्रतिशत उत्तरदाता स्थानीय तहबाट पाउने सुविधाप्रति सन्तुष्ट भएको र ११.२ प्रतिशत उत्तरदाता मात्र स्थानीय तहबाट पाउने सुविधाप्रति असन्तुष्ट रहेको पाइयो ।

अ.दु.अ.आ.को काम/भूमिकाप्रति सर्वसाधारणको धारणा बुझ्ने क्रममा, सहभागी उत्तरदातामध्ये ८४ प्रतिशत उत्तरदाताले अ.दु.अ.आ. बारे आफूलाई जानकारी भएको जनाए | यसमध्ये अ.दु.अ.आ. का कामकारबाहीहरुबारे ७६.२ प्रतिशत उत्तरदाताले विद्युतीय/पत्रपत्रिका प्रविधिको मार्फत् र ६२.८ प्रतिशत उत्तरदाताले सामाजिक सन्जालको माध्यामबाट थाहा पाएको कुरा अध्ययनले देखाएको छ । यसैगरी आधा भन्दा बढी अर्थात् ५८.६ प्रतिशत उत्तरदाताले अ.दु.अ.आ. ले आगामी दिनमा भ्रष्टाचारको रोकथाम गर्न सक्ने विश्वास जनाएका थिए।

## सिफारिसहरु

### स्थानीय तहको सरकारलाई

- अध्ययनको क्रममा भ्रष्टाचार हुने सम्बन्धी स्थानीय सरकारको योजना निर्माणदेखि कार्यान्वयन तहसम्म भ्रष्टाचारजन्य कार्य हुने गरेको पाइएकोले कार्यक्रम निर्माण तथा कार्यान्वयन गर्नु अगावै

निश्चित नियम कानून र निर्देशिकाहरुको निर्माण गरी योजना बाडफाँड तथा कार्यान्वयन र अन्त्यमा सार्वजानिक सुनवाई कार्यक्रम मार्फत सम्पन्न गर्नु आवश्यक देखिन्छ।

- नगरपालिका/गाउँपालिकाका तथा वडा प्रतिनिधि र लक्षित समुदायका एक-तिहाई मानिस (लैंगिक समानता) समावेश गरी संयुक्त अनुगमन तथा सुपरीवेक्षण गर्नैपर्ने व्यवस्था गरिनुपर्छ । यसले गर्दा स्थानीय तहमा भ्रष्टाचार रोक्न सहयोग पुग्ने र परियोजनाका काम कारबाहीहरु प्रभावकारी हुँदै जाने कुरामा टेवा पुग्न जान्छ ।
- भ्रष्टाचार, नैतिकता, अनियमितता, सत्यनिष्ठा, अख्तियार दुरुपयोग जस्ता संवेदनशील विषयहरुलाई विद्यालय, कलेज र विश्वविद्यालयका पाठ्यक्रमहरुमा समावेश गरी सो विषयको समुचित ज्ञान दिने उदेश्यले अध्ययन अध्यापन गर्ने परिपाटीको विकाश गरिनुपर्छ । यो व्यवस्था गर्न सकिएमा यसबाट :

१. विद्यार्थी अवस्था देखि नै असल, चरित्रवान् तथा जिम्मेवार नागरिकको निर्माण कार्यमा टेवा पुग्ने,

२. नियम कानुन अनुसार जिम्मेवारी निर्वाह गर्ने संस्कारको विकास हुने,

३. अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सतर्कता केन्द्र आदि जस्ता राष्ट्रका गहन जिम्मेवारी बोकेका संस्थाका लागि

आवश्यक पर्ने उपयुक्त जनशक्तिको आपूर्ति गर्ने कार्यमा सहयोग पुग्ने,

- स्थानीय तहका कर्मचारीहरुको दैनिकी हाजिरीलाई व्यवस्थित गर्न इ-हाजिरीको व्यवस्था गरिनुका साथै सुपरभाइजरहरुले आफ्ना मातहातका प्रत्येक कर्मचारीको कार्यसम्पादन तथा मूल्यांकनको रेकर्ड राखी वर्षको अन्तमा दण्ड र पुरस्कारको व्यवस्था गरिनु जरुरी देखिन्छ ।

**कार्यविशेष बल (टास्क फोर्स)ः**

स्थानीय तहको नेतृत्व नै भ्रष्टाचारका लागि जिम्मेवार रहेको अध्ययनले देखाएकोले स्थानीय तहमा हुने कामकारबाहीको अनुगमन, मूल्यांकन गर्न प्रदेशका मुख्यमंत्री कार्यालयका प्रमुख सचिव, प्रमुख जिल्ला अधिकारी, राष्ट्रिय सतर्कता केन्द्र लगायतका प्रतिनिधिहरुको सहभागीता भएको विशेष टास्क फोर्स बनाउन सकिने सम्भावना तर्फ विचार गर्न सकिन्छ ।

## अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन/नियमावली संशोधन सम्बन्धमा

१. सम्पत्ति विवरण वार्षिक रुपमा अद्यावधिक गर्ने मात्र नभई नियमित रुपमा सूचना प्रविधिमा आधारित प्रणाली बनाइ स्वतः लेखाजोखा हुने व्यवस्था कायम गरिनुपर्छ ।

२. एक करोड रुपैयाँ भन्दा माथि जतिसुकै रकमको घूस भए पनि आठदेखि दश वर्षसम्म कैद गर्ने व्यवस्थाले धेरै रकमको भ्रष्टाचार गर्न प्रोत्साहन गरेजस्तो देखिन गएकोले भ्रष्टाचारको रकमको अनुपातको आधारमा दण्ड/सजायको व्यवस्था गर्नु मनासिब देखिन्छ ।

३. सुराकीले दिएको सूचना सही साबित भएर कसुर स्थापित गर्न मद्दत पुगेको अवस्थामा त्यस्ता व्यक्तिलाई हौसला दिनको लागि पुरस्कारको व्यवस्था गर्नेतर्फ विचार गर्न सकिन्छ । बेनामी उजुरीको हकमा ती उजुरीहरुलाई एक भिन्न बास्केटमा राखी इन्टेलिजेन्सबाट थप पुष्टी गरी अध्ययन अगाडि बढाउनु उपयुक्त देखिन्छ ।

४. सार्वजनिक खरिद नियमावलीमा एक करोड रुपैंयासम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा सोही स्थानमा बसोबास गर्ने बासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिति वा लाभग्राही समुदायबाट हुने व्यवस्था भएको भए पनि त्यस्ता उपभोक्ता समितिको १ करोड सम्मको रकम उपयोग गर्नसक्ने क्षमता विकास भए/नभएको तर्फ विचार नपुगेको देखिन्छ । उपभोक्ता समिति वा लाभग्राही समुदायबाट संचालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजरआदि जस्ता हेभी मेशिनहरु प्रयोग गर्न सकिने छैन भने पनि त्यस्ता हेभी मेशिनहरु प्रयोग गरेमा कुन किसिमको दण्ड सजाय दिने भन्ने कुरा उल्लेख छैन । यस्ता कामहरु या त उपभोक्ता समितीहरुको क्षमता वृद्धि गरी हेभी

मेशिनहरु प्रयोग हुने कार्यक्रम दिने वा स्थानीय ठेकेदार मार्फत् गर्दा पारदर्शी ढङ्गले कार्यान्वयन गर्नु उपयुक्त देखिन्छ ।

५. सार्वजनिक खरिद नियमावलीको नियम ८२ को (२) उपनियम (१) बमोजिमको कार्यको लागि एक तह माथिको अधिकारीको स्विकृती लिई बीस लाख रुपैंयासम्मको परामर्श सेवा खरिद गर्नु पर्ने अवस्थामा कम्तीमा तीन वटा प्रस्ताव प्राप्त गरी सबैभन्दा उपयोगी र कम मूल्य प्रस्ताव गर्नेसँग गुणस्तर र मूल्यलाई समेत एकिन गर्न सोझै वार्ता गरी खरिद गर्नुपर्ने छ भन्ने हाल प्रावधान रहेको छ। यस सम्बन्धमा, संस्थाको मापदण्ड र सूचना कुन माध्यमबाट सार्वजनिक गर्ने कुरा उल्लेख नगरिएको हुनाले कतै यसले भ्रष्टाचार त प्रेरित हुँदैन भन्ने तर्फ ध्यान नपुगेको देखिन्छ।यस सन्दर्भमा संस्था छनोटको लागि संस्थाको उपयुक्त मापदण्ड र सूचना प्रकाशन राष्ट्रिय पत्रपत्रिकाको माध्यमबाट प्रकाशित हुने प्राबधानको व्यवस्था भएमा भ्रष्टाचार रोकथाम गर्न सकिनेछ।

६. भ्रष्टाचार नियन्त्रणका सफल कथाहरुलाई विभिन्न सञ्चारका माध्यमबाट आमनागरिक समक्ष पुऱ्याउनुपर्ने देखिन्छ जसले गर्दा सर्वसाधारणमा अख्तियारको कामको गुणस्तरीयता र प्रभावकारिताप्रति विश्वास एवं भरोसा बढ्नेछ ।

७. धेरैजसो मानिसलाई अझैपनि उजुरी गर्ने सही विधि थाहा नभएको हुँदा उजुरी विधि र सोसम्बन्धी देशव्यापी जनचेतनाका कार्यक्रमहरु संचालन गर्नुपर्ने आवश्यकता देखिन्छ ।

- **अ.दु.अ.आ. को हटलाइन नम्बर १०७:**

अध्ययनको क्रममा अधिकांश उत्तरदातालाई अ.दु.अ.आ. को हटलाइन नम्बर १०७ बारे कुनै जानकारी नभएको कुरा पाइयो ।त्यसैले हटलाइन नम्बर १०७ र टोल फ्री नम्बर सबै नगरपालिका/गाउँपालिका र वडाका कार्यालयहरुमा निर्देशिका बनाइ सूचना पाटी राख्ने व्यवस्था गरिनुका साथै विभिन्न सञ्चार माध्यमबाट प्रचार तथा प्रसार गर्नु पर्ने देखिन्छ ।

- **पुरस्कार प्रणालीः**

अध्ययनका धेरै निष्कर्षहरु मध्ये अ.दु.अ.आ. को प्रभावकारिता, स्थानीय जनताको सहभागिताले पनि बढाउन सकिन्छ भन्ने पाइएको छ । त्यसैले भ्रष्टाचार विरुद्ध सुराकी, सूचना दिने व्यक्तिलाई पुरस्कृत गर्ने प्रणालीको विकास गरिनु आवश्यक देखिन्छ । सँगसँगै पुरस्कृत हुने त्यस्ता उजुरीकर्ताको गोपनियता र सुरक्षाको पनि ख्याल राख्नुपर्दछ । यसका अतिरिक्त, भ्रष्टाचारजन्य कार्यमा संलग्न नहुने कर्मचारी तथा कार्यालयहरुलाई प्रोत्साहित गर्न प्रत्येक ३ वर्षमा पुरस्कृत गर्ने प्रणालीको विकास गरिनु पर्दछ । त्यस्तै भ्रष्टाचार विरुद्ध काम गर्ने विभिन्न संघ संस्थाहरुको पहिचान गरी पुरस्कृत गर्ने व्यवस्था पनि गरिनु आवश्यक देखिन्छ ।

- **भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको ढाँचाः**

भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताबारे जानकारी भएपनि, भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको आसय पुष्टि हुनेगरी त्यसको रुपरेखा

तयार भएको पाइँदैन। यस सन्दर्भमा अ.दु.अ.आ. ले भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको ठोस रुपरेखा तथा कार्यक्रम तयार गरी प्रभावकारी रुपमा अघि बढनुपर्ने देखिन्छ ।

- **अ.दु.अ.आ. को उपस्थितिः**

स्थानीय तहमा अ.दु.अ.आ. द्वारा संचालित विभिन्न तालिम/अभिमुखीकरण र सचेतना सम्बन्धी गतिविधिहरुले भ्रष्टाचार नियन्त्रण गर्न वा घटाउनमा केही हदसम्म टेवा पुग्न गएको स्पष्ट देखिन्छ । त्यसैले यस्ता तालिम, अभिमुखीकरण, सचेतना जगाउने गतिविधिहरु व्यापक रुपमा देशैभरी संचालन गर्नुपर्ने आवश्यक छ ।

- समाजमा उच्च प्रतिष्ठा देखाउने प्रवृतिका कारण स्थानीय तहमा भ्रष्टाचार बढ्न गरेको पाइएकोले सामाजिक व्यवहार सुधार ऐन, २०३३ लाई समयसापेक्ष बनाउँदै कडाइका साथ लागू गर्नुपर्ने देखिन्छ ।

**आगामी अनुसन्धानः**

अ.दु.अ.आ. ले आफूप्रतिको धारणा, विश्वास र यसको प्रभावकारितामा सुधार ल्याउन निरन्तर अध्ययन अनुसन्धान कार्य गरिरहनु पर्ने देखिन्छ ।

**संघीय सरकारः**

**कर्मचारी तलबको पुनरावलोकनः**

कर्मचारीको तलब पुनरावलोकन सम्बन्धमा बृहत् अध्ययन गरी समय सापेक्ष तलब निर्धारण गरी वर्षेनी बजेटमा कर्मचारीको तलब यति उति बृद्धि भयो भनि रहनु नपर्ने गरी स्वतः कर्मचारीको तलब बृद्धि हुने प्रणलीको विकास गरिनुपर्ने देखिन्छ ।